# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## अर्जुनधारा नगरपालिका
## झापा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## अर्जुनधारा नगरपालिका
## झापा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

अर्जुनधारा नगरपालिका

झापा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन र नियमलाई आधार लिइएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सोउपर प्राप्त प्रतिक्रियासमेत विचार गरी रायसहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवम् कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवम् जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवम् परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितासमेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धतालगायतका सीमा रहेतापनि स्थानीय तहसम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ । यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोराउपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजनासमेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नुपर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारीरूपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेकोजस्ता व्यहोरा देखिएका छन् । त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरासहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षितरूपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरूउपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**जेठ, २०८१** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

कोशी प्रदेश

मितिः २०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. ५१

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री नगर प्रमुखज्यू ,
अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
झापा ।

१. **कैफियत सहितको राय-** हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन।

२.२. लेखापरीक्षणबाट रू. ९ करोड ६ लाख ७९ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभएको हुँदा प्रतिकृयाबाट कुनैपनि बेरुजु फर्स्योट गरिएको छैन ।चालु आ.व.को बेरुजु मध्ये असुल गर्नुपर्ने रू. ६३ लाख ३१ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ६६ लाख ८५ हजार, प्रमाण कागजात पेश नभएको रु.६ करोड ६० लाख ५२ हजार र पेस्की बाँकी रु. १६ लाख ११ हजार समेत गरी यस वर्ष रु. ९ करोड ६ लाख ७९ हजार बेरुजु कायम रहेको छ । अर्जुनधारा नगरपालिकाको गतवर्ष सम्म रु. ६३ करोड ९९ लाख ५७ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.६५ करोड ९१ लाख ४६ हजार रहेको छ । अर्जुनधारा नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने अर्जुनधारा नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा

प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा-** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवम् कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी-** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (ँचबगम) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी अर्जुनधारा नगरपालिकाको व्यवस्थापनमा रहेको छ । नगरपालिकाका नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी-** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

# अर्जुनधारा नगरपालिका,

झापा जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७७ | २२८ | ९०६७९ | ० | ० | ० | ७७ | २२८ | ९०६७९ | ६३३१ | १६६८५ | ६६०५२ | ० | ० | ८९०६८ | १६११ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| झापा | ६३९९५७ | ० | ७१४९० | ५६८४६७ | ० | ९०६७९ | ६५९१४६ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १. | २०७९।८० (चालु वर्षको) | - | - | - |
| | चालु वर्षको जम्मा | - | - | - |

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | **गत विगत वर्षतर्फको** | - | - | - |
| २. | २०७८।७९ | ४ | प्रमाण, नियमित र असुल भई संपरीक्षण | ७१४९० |
| ३. | २०७७।७८ | - | - | - |
| | **गत विगतको जम्मा** | - | - | ७१४९० |
| | **कुल जम्मा** | - | - | **७१४९०** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१. **परिचयः**

**(क) अर्जुनधारा नगरपालिकाको परिचयः-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी रन्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागीता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा वडा संख्या ११ वटा, सभा सदस्य संख्या ६० जना, क्षेत्रफल १०९.८६ वर्ग किलोमिटर तथा २०७८ सालको जनगणनाअनुसार कुल जनसंख्या ८४ हजार ०१८ जना रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवम् प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस पालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०९।१२ देखि २०८०।१०।०३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्बनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुखलगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवम् सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवम् स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँचजस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाले आय-व्ययतर्फ रु. २,५५,२६,७७,९१०.६८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १,६४,१०,३१२.०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| क्र.सं. | बिवरण | रकम रु. |
|---|---|---|
| १ | आर्थिक वर्ष २०७९।८० को विज्ञापन करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला | १७८४०४ |
| २ | आर्थिक वर्ष २०७९।८० को दहत्तर बहत्तर (नदीजन्य पदार्थ) करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला | १६२३१९०८ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२. **वित्तीय प्रतिवेदन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ बमोजिम स्थानीय सञ्चित कोषको व्यवस्था रहेको, दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षकसम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७२) सम्बन्धमा अनुसूचीमा उल्लेख भएअनुसार देखिएको छः

सैद्धान्तिक बेरुजु

***(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

३. **वित्तीय विवरणको यथार्थता-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ मा पालिकाको आफ्नो एउटा स्थानीय सञ्चित कोष रहने र उक्त कोषमा पालिकालाई प्राप्त हुने सबै रकम जम्मा गर्नुपर्ने तथा दफा ७६ मा पालिकाले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रकको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा राखी पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको आधार एवम् ढाँचा र पद्धतिमा एकरुपता कायम गर्नुपर्ने उल्लेख छ । पालिकाले आर्थिक कारोबारको लेखा राख्ने प्रयोजनका लागि स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र-SuTRA) नामक विद्युतीय सफ्टवेयर प्रणाली प्रयोग गरेको छ । यसरी सूत्रमार्फत् पालिकाको सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ३१,७३,३१,२७२.५७ र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ३,९८,७३,८११.०० समेत गरी रु. ३५,७२,०५,०८३.५७ सूत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सूत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ, सबै आर्थिक कारोबार सूत्रमार्फत् हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४. **फरक हिसाब-** यस पालिकाले सूत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत

वर्षको जिम्मेवारी रू. ५,४५,४३,२५३.५०, यस वर्षको प्राप्ति रू. (३९,२०,२३,२००.८५), यस वर्षको भुक्तानी रू. (४७,१५,४८,९४४.३५) र बैङ्क मौज्दातमा रू. २,४९,८२,४९०.०० फरक परेको देखिन्छ । सूत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यस वर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सूत्रअनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १७,५३,१२,८१०.४८ | ९४,७३,०४,८०६.१५ | ८९,०९,६२,९३७.३९ | २३,१६,५४,६७९.२४ |
| एकीकृत आर्थिक विवरणअनुसार | २२,९८,५६,०६३.९८ | १,३३,९३,२८,००७.०० | १,३६,२५,११,८८१.७४ | २०,६६,७२,१८९.२४ |
| **फरक** | **५,४५,४३,२५३.५०** | **(३९,२०,२३,२००.८५)** | **(४७,१५,४८,९४४.३५)** | **२,४९,८२,४९०.००** |

उपरोक्त विवरणअनुसार सूत्रको वार्षिक प्रतिवेदन र पालिकाले तयार गरेको एकीकृत आर्थिक विवरणमा प्राप्ति र भुक्तानीमा फरक पर्नुमा संघबाट प्राप्त हुने सामाजिक सुरक्षा तथा संरक्षण, एकीकृत स्वास्थ्य पूर्वाधार र गरिबसँग विश्वेश्वर कार्यक्रमलगायतको अभिलेख सूत्रमा समावेश नभएको प्रतिक्रिया दिएको छ । त्यस्तै, सूत्रको प्राप्ति भुक्तानी हिसावको वर्षान्तको बाँकी रकम रू. २३,१६,५४,६७९.२४ देखिएकोमा अनुसूची २४ बैङ्क तथा नगद बाँकीमा खाताअनुसार बाँकी र बैङ्कअनुसार रू. २०,६६,७२,१८९.२४ रहेको देखिएको हुँदा सूत्रको प्राप्ति भुक्तानी हिसाबभन्दा बैङ्क रू. २,४९,८२,४९०.०० ले मौज्दात कम रहेको देखिन्छ । सूत्र प्रणालीमा आम्दानी र खर्चको प्रविष्टी गर्दा फरक पर्न गएकोले हिसाब मिलान नभएको पालिकाले जनाएको छ । अतः पालिकाले सूत्रको प्रतिवेदन र बैङ्क यथार्थ मौज्दात बराबर हुने गरी हिसाब मिलान गर्ने र सबै आम्दानीलाई सूत्रका आबद्ध गरी एकीकृत आर्थिक विवरण तयार गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५. **फरक जिम्मेवारी-** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रू. २२,९८,५६,०६३.९८ मौज्दात रहेकोमा यो वर्ष रू. १७,५३,१२,८१०.४८ जिम्मेवारी सारेको छ । जसअनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू. ५,४५,४३,२५३.५० कमी जिम्मेवारी सारेको हुदाँ पालिकाले कमी जिम्मेवारी सारिएको रकम यकिन गरी आम्दानी बाँध्नुपर्दछ ।

| प्रमाण पेश नगरेको | ५,४५,४३,२५३ |
|---|---|

६. **बैङ्क हिसाब विवरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडानसमेत गर्नुपर्दछ । पालिकाले सूत्रमा बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात फरक परेको र म.ले.प.फा.नं.२७२ को अनुसूची २४ बैङ्क तथा नगद बाँकीमा देहायबमोजिमको विवरण रहेको देखिन्छः

| खाताको प्रकार | श्रेस्ता अनुसार बाँकी रु. | बैङ्क अनुसार बाँकी रु. | फरक रु. |
|---|---|---|---|
| ग १.१, आन्तरिक राजस्व खाता | ०.०० | १६०४.०० | १६०४.०० |
| ग १.२, बाँडफाँटबाट प्राप्त राजस्व खाता | ०.०० | ०.०० | ०.०० |
| ग १.३, आन्तरिक अनुदान खाता | ०.०० | ०.०० | ०.०० |
| ग २.२, चालू खर्च खाता- जोर वर्ष | ०.०० | १७७५२१४४.६७ | १७७५२१४४.६७ |
| ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष | ०.०० | १३९३२१६२.५३ | १३९३२१६२.५३ |
| ग २.६, वित्तीय खर्च खाता- जोर वर्ष | ०.०० | ०.०० | ०.०० |
| ग २.७, विविध खर्च खाता | ८७७९९३.२७ | ८७७९९३.२७ | ०.०० |
| ग ३.१, स्थानीय तह धरौटी खाता | २०६५३४६९.४९ | २०६५३४६९.४९ | ०.०० |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ९०८७२८९४.२० | ५९२२४४९०.२० | -३१६४८४०४.०० |
| ग ५.१, स्थानीय तह विविध कोष खाता | ७९८९१७२.२० | ७९८९१७२.२० | ०.०० |
| ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | ८३७६४६४८.२८ | ८३७६४६४८.२८ | ०.०० |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २५१४०१२.२० | २५१४०१२.२० | ०.०० |
| **जम्मा** | **२०६६७२१८९.२४** | **२०६७०९६७६.४४** | **३७५०७.२०** |

माथि उल्लिखित विवरणअनुसार सूत्रमा प्रविष्टी भएको स्रेस्ताभन्दा वर्षान्तको बैङ्कअनुसार बाँकी मौज्दात रू. ३७५०७.२० ले बढी रहेको देखिन्छ । यसरी स्रेष्ताभन्दा बैङ्कअनुसार मौज्दात बढी हुनुमा करको चेक नसाटिएको पालिकाले प्रतिक्रिया दिएको छ । पालिकाले तोकिएको अवधिमा नै आन्तरिक राजस्व खाता, चालु खर्च खाता र पुँजीगत खर्च खातामा खर्च भई बाँकी मौज्दात रू. ३,१६,८५,९११.२० आर्थिक वर्षको अन्त्यसम्ममा शुन्य गरी सञ्चित कोषमा सारेको पाइएन । अतः पालिकाले आफ्नो आम्दानी र खर्चको यथार्थरुपमा यकिन गरी बैङ्कमा देखिएको बढी मौज्दात रकमलाई आम्दानी बाँध्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७. **अनुदान रकम फिर्ता-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ (१) तथा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४७ (१) बमोजिम संङ्घीय वा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकमध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित स्थानीय तहले संङ्घीय वा प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सूत्रबाट प्राप्त म.ले.प.फा.नं. २७२ को अनुसूची २१ अनुसार २०८० असार मसान्तभित्र खर्च भई बाँकी रहेको संघ तथा प्रदेशतर्फको अनुदान रकममध्ये सशर्त अनुदान चालुतर्फ रू. १७,५९,०००.०० फिर्ता हुन बाँकी देखिएकोमा मिति २०८०।०७।२२ मा फिर्ता गरेको देखिन्छ । अतः पालिकाले आगामी दिनमा कानुनमा भएको व्यवस्थाबमोजिम खर्च भई बाँकी रहेको अनुदान रकम फिर्ता गर्नुपर्दछ ।

| क्र.सं. | अनुदानको शीर्षक | फिर्ता गर्नुपर्ने रकम रु. | फिर्ता गरेको रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | संघ ससर्त चालु/ पुँजीगत/ विशेष/समपुरक अनुदान | २,७७,४९,८९९.८३ | २,७७,४९,८९९.८३ | बाँकी नभएको |
| २ | प्रदेश ससर्त चालु/ पुँजीगत/समपुरक अनुदान | २१,२५,५२६.५१ | २१,२५ ,५२६.५१ | बाँकी नभएको |

सैद्धान्तिक बेरुजु

८. **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा स्थानीय तहको सञ्चित कोषमा स्वतः रकम स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले तोकिएको अवधिमा नै आन्तरिक राजस्व खाता, चालु खर्च खाता र पुँजीगत खर्च खातामा खर्च भई बाँकी मौज्दात रू. ३,१६,८५,९११.२० बाँकी रहेकोमा उक्त बाँकी मौज्दात रकम तोकिएको समयमा सञ्चित कोष खाता स्थानान्तरण गरेको पाइएन । पालिकाले मिति २०८०।४।०७ गते मात्र उक्त खाताहरुको बचत रकम सञ्चित कोषमा सारी खाता शुन्य गरेको पाइयो । आगामी दिनमा पालिकाले कानुनमा भएको व्यवस्थाको पुर्णरुपमा परिपालना गरी हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९. **आन्तरिक लेखापरीक्षण-** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने व्यवस्था उल्लेख छ । पालिकाको आर्थिक वर्ष २०७९/८० को सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षक श्री इन्द्र प्रसाद पौडेलबाट गराएको छ । तसर्थ, आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोराको पूर्ण कार्यान्वयन गर्ने तथा कानुनमा तोकिएबमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०. **आन्तरिक नियन्त्रण प्रणाली-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ तथा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३३ को उपदफा १ मा प्रदेशका सबै सरकारी कार्यालयले आफ्नो र अन्तर्गतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको पाइएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन्-

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा उल्लेख भएको पालिकाको अधिकार क्षेत्रअनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष सुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा केही कानुन तर्जुमा गरेतापनि ऐनले प्रदान गरेको अधिकार कार्यान्वयनमा लागि आवश्यक सबै कानुनहरू तर्जुमा गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- सञ्चालित योजनाको सूचनापाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन ।
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत् कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाइएन ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाहसमेतको वार्षिक कार्यक्रमअनुसारको प्रगति तयार गरेको पाइएन।
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैङ्क तयार गरेको देखिएन ।
- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको र वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाइएन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सबन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साबिकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेस्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार

पेस्की फस्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका कार्यालयको बेरुजुको लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकिन गरी अध्यावधिक गरेको छैन ।

- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मर्मत सम्भार गर्नुपर्ने मालसामानको समयमा मर्मत सम्भार गर्नेतर्फ ध्यान दिनुपर्दछ ।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत् कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।
- पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन ।
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरणलगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन र संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क (IEMIS) अद्यावधिक गरेको छैन ।
- पालिकाले आयोजना तथा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागीता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागीतासहितका लागत अनुमान तयार गरेको देखिएन।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- सोझै खरिदसम्बन्धी कागजातको मूल्याकंन गर्दा मूल्याकंन समितिमा रही कार्यालयको कर्मचारीले बैठक भत्ता भुक्तानी गरेको हुँदा खर्चमा मितव्ययिता अपनाइएको छैन ।
- भ्रमण खर्च, बैठक भत्ता र विविध खर्चमा मितव्ययिता अपनाइएको देखिएन ।
- खरिद कानुनमा खरिदमा प्रतिस्पर्धा सीमित हुनेगरी खरिद कार्य गर्नु नहुने कुरा उल्लेख गरेकोमा सोको पालना गरेको देखिएन ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान गरेको भएतापनि सो को कार्ययोजना तयार गरी कार्यान्वयन गरेको पाइएन ।

पालिकाको विगत वर्षहरूमा आन्तरिक नियन्त्रण प्रणालीसम्बन्धमा औल्याइएका व्यहोरामा उल्लेखनीय सुधार भएको पाइएन भने यस वर्ष पनि उल्लिखित व्यहोराहरु दोहोरिएको पाइयो । अतः आगामी दिनमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११. **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोतअन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले वि.सं. २०७५ सालमा पालिकाको आवधिक योजना तयार गर्ने क्रममा वस्तुगत विवरण तयार गरेकोबाहेक

स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको वा अद्यावधिक गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सो को सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२. **स्रोत अनुमान तथा वजेट सीमा निर्धारण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सीमा निर्धारण गर्न अध्यक्षको संयोजकत्वमा स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, वजेटको कुल सीमा, वजेटको क्षेत्रगत सीमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत वजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्नेजस्ता कार्यहरु प्रत्येक वर्षको वैशाख दशगतेभित्र सम्पन्न गरिसक्नुपर्ने र वजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको वजेट सीमा प्रत्येक वर्षको वैशाख पन्ध्र गतेभित्र प्रमुख प्रशासकीय अधिकृतले पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले अध्यक्षको संयोजकत्वमा समितिको गठन भएको भएपनि ऐनमा व्यवस्था भएअनुसार स्रोत अनुमान तथा वजेट सीमा निर्धारणसम्बन्धी कार्य गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार वजेट सीमालगायत क्षेत्रगत विषय समेटी वजेट प्रक्षेपणसम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवम् सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३. **योजनाको प्राथमिकीकरण-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागीता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । तर पालिकाको सूत्रबाट प्राप्त विवरणअनुसार आर्थिक वर्ष २०७९/८० मा देहायबमोजिम ११ वडाको लागि संशोधित वडास्तर र पालिकास्तर गरी कुल ४२१ योजनामा वजेट विनियोजन गरेको छ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना संख्या | रू. २० लाखमाथिका योजना संख्या | रू. ५ लाखदेखि २० लाखसम्मका योजना संख्या | रू. ५ लाखभन्दा कमका योजना संख्या | योजना कार्यान्वयन नभएको संख्या |
|---|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | १२० | २ | १३ | १०५ | २९ |
| २ | वडास्तरीय | ३०१ | ६ | ३६ | २२६ | ६ |
| **जम्मा** | | **४२१** | **८** | **४९** | **३३१** | **३५** |

उपर्युक्त विवरणअनुसार पालिकाले कुल योजनामध्ये ७८.६२ प्रतिशत योजना पाँच लाखभन्दा साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका

खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पूर्वाधार विकास क्षेत्रका लागि पारित गरेका उल्लेखित योजनामध्ये पालिकाबाट ४२१ वटा योजना कार्यान्वयन भई ३५ वटा योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी वितरणमुखी योजनालाई न्युनीकरण गर्ने र सो को प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४. **वजेट तथा कार्यक्रम तर्जुमा-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिबाट निर्धारण भएको आयको प्रक्षेपण र वितरणको खाका र वजेट सीमामा आधारित भई स्थानीय तहको वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्न उपाध्यक्षको संयोजकत्वमा वजेट तथा कार्यक्रम तर्जुमा समिति गठनको व्यवस्था छ । उक्त समितिले आगामी वर्षको नीति तथा कार्यक्रम, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत रुपमा छलफल गरी कार्यपालिकामा पेश गर्ने तथा योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले उपाध्यक्षको संयोजकत्वमा समिति गठन गरेको भएता पनि वजेट तथा कार्यक्रम तर्जुमा गर्दा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत रुपमा छलफल गरी कार्यपालिकामा पेश गर्ने तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गरेको छैन । आगामी दिनमा पालिकाले वजेट तथा कार्यक्रम तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५. **वजेट पेश, पारित र अख्तियारी-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र पेश गर्ने र यसरी पेश भएको वजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट वजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुख श्री खड्गमाया पराजुलीले मिति २०७९।०३।१० मा रू. ७४ करोड ०१ लाख ५३ हजार २२० को वजेट सभासमक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।३० मा पारित भएको छ । यसै गरी पालिकाका प्रमुख श्री बलदेव सिंह गोम्देन तामाङले मिति २०७९।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । यसरी पारित भएको वजेट तथा कार्यक्रमलाई आर्थिक वर्षभित्र सम्पन्न गरिसक्ने गरी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६. **वजेट अवण्डा-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा वजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष प्रस्तावनामा आधारिम कार्यक्रममा रू. ६५ लाख, मर्मत सम्भार कोषमा रू. ६० लाख र समपुरक कोषमा रू. १ करोड ९९ लाख ९९ हजार गरी जम्मा रू. २ करोड ०१ लाख २४ हजार अबण्डा वजेट व्यवस्था गरी विभिन्न योजनामा रू. २ करोड ७७ लाख ५२ हजार हजार खर्च गरेको छ । वजेट अबण्डामा राखी तोकआदेश वा कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । विगत वर्षका लेखापरीक्षणमा समेत यस

विषयलाई औंल्याइएकोमा अझैपनि सुधार भएको देखिएन । तसर्थ, यस्ता वजेट खर्चलाई नियन्त्रण गर्दै पारदर्शिता र पद्धतिमा आधारित वजेट बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७. **वजेट रकमान्तर-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन, २०७९ को दफा ३ अनुसार एक शीर्षकबाट अर्को शीर्षकको जममा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकमा रकम सार्न नगर सभाको स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले कार्यपालिकाको निर्णयबाट ७० वटा योजना संशोधन गरी १२४ वटा थप योजनामा रू. १२ करोड १९ लाख ४२ हजार ९१६ रकमान्तर गरी खर्च गरेको र उक्त निर्णय नगरसभाबाट समेत अनुमोदन गरिएको छ । उक्त रकमान्तर रकम कुल वजेटको तुलनामा ११.५२ प्रतिशत रहेको छ । आगामी दिनमा यसै गरी रकमान्तर गरी खर्च गर्ने परिपाटीलाई न्यूनीकरण गरी वित्तीय अनुशासन र पारदर्शितालाई कायम गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८. **लक्ष्य प्रगति-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम वजेट तथा कार्यान्वयन गर्ने कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण पेश गर्ने र नियम ३६ बमोजिम प्रगति विवरण प्राप्त भएपछि त्यसको भौतिक र वित्तीय पक्षको समीक्षा गर्ने र समीक्षा गर्दा प्रगति कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि कदम चाल्नुपर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको त्रैमासिक तथा वार्षिक लक्ष्य र प्रगति विवरण तयार गरेको देखिएन । वजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा त्रैमासिक तथा वार्षिक लक्ष्य र प्रगति विवरण तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनुपर्दछ । पालिकाको सूत्रबाट प्राप्त कार्यक्रमगत खर्च विवरणअनुसार विभिन्न शीर्षकमा भएको वित्तीय प्रगति देहायबमोजिम रहेका छन्-

| खर्च शीर्षक | योजना संख्या | कुल वजेट रकम (रू. हजारमा) | वार्षिक वित्तीय प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|---|
| | | | शून्य प्रगति | २५%- ५०% सम्म प्रगति | ५०%- ९०% सम्म प्रगति | ९०% भन्दा माथिको प्रगति |
| नगरपालिका | ४२३ | ३८१५१९ | ७० | ५ | १८ | ३३० |
| संङ्घीय शसर्त अनुदान | २९ | ५४७२९ | ५ | ० | २ | २२ |
| संङ्घीय विशेष अनुदान | २ | २१००० | ० | ० | २ | ० |
| संङ्घीय समपुरक अनुदान | १ | ८००० | ० | ० | १ | ० |
| प्रदेश समपुरक अनुदान | २ | १०००० | ० | ० | २ | ० |
| प्रदेश शसर्त अनुदान | ११ | ११९५० | १ | ० | ० | १० |

उपरोक्त विवरणअनुसार यस वर्षमा शुन्य प्रगति भएका ७६ वटा योजनाहरु रहेका छन् भने ५ वटा योजनाहरु ५० प्रतिशतभन्दा कम प्रगति भएको देखिन्छ । पालिकाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा तोकिएको लक्ष्यअनुसारको

प्रगति गर्न तथा तोकिएको समय अवधिभित्र उक्त योजनालाई गुणस्तरीय र प्रभावकारीरुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९. **त्रैमासिक खर्च-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण बनाई केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने, केन्द्रीय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनु पर्ने व्यवस्था छ । पालिकाको सूत्र (SuTRA) सफ्टवेयरबाट प्राप्त त्रैमासिक प्रतिवेदनअनुसार पुँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

| वजेट शीर्षक | विनियोजित वजेट रु. | कुल खर्च रु. | त्रैमासिक खर्च (रू. हजारमा ) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोस्रो | तेस्रो | चौथो | आषाढ महिना |
| कुल पुँजीगत खर्च | ४८७१९८ | ३८६११२ | ६०५८ | ३५११७ | ९७७०० | २४७२३७ | ५४४८० |
| खर्चको प्रतिशत | १०० | ७९.२५ | १.५७ | ९.१ | २५.३ | ६४.०३ | १४.११ |

प्राप्त विवरणको विश्लेषण गर्दा कुल पुँजीगत खर्चमा विनियोजन भएको वजेटमा ७९.२५ प्रतिशत मात्र खर्च भएको छ । कुल खर्चमध्ये चौथो त्रैमासिकमा मात्र कुल खर्चको ६४.०३ प्रतिशत र आषाढ महिनामा मात्र कुल खर्चको १४.११ प्रतिशत खर्च भएको देखिन्छ । पालिकामा लामो समयसम्म आर्थिक अख्तियारी प्राप्त कर्मचारी नभएको हुँदा अन्तिम समयमा धेरै खर्च हुन गएको प्रतिक्रिया दिएको छ । यसरी पालिकाले अन्तिम त्रैमासिकमा मात्र सबैभन्दा बढी खर्च हुनु र असार महिनामा आधाभन्दा बढी खर्च गरी योजना सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दिगोपनामा समेत प्रभाव पर्न सक्छ । त्यसैले पालिकाले त्रैमासिकरुपमा निर्धारित गरिएको लक्ष्य र समयभित्र कार्य सम्पादन गर्नुपर्दछ । विकास निर्माण सबै जसो कार्य आर्थिक वर्षको अन्त्यमा हुनुले वर्षान्तमा हतारमा काम गर्नुपर्ने तथा प्राविधिक मूल्यांकन गरी भुक्तानी गर्नुपर्ने देखिएकाले कामको गुणस्तरमा समेत हुन नसक्ने भएकोले वर्षान्तको अन्त्यमा मात्र खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२०. **क्षेत्रगत वजेट र खर्च-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनबमोजिम स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगतरुपमा समानुपातिक वजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको सूत्रबाट प्राप्त प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७९।८० मा देहायबमोजिम क्षेत्रगत वजेट र खर्चको स्थिति रहेको देखिन्छ ।

**रू. हजारमा**

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | १२०६९५ | ९५०५४ | १०.९९ |
| सामाजिक विकास | ३४८४९० | ३१०७८८ | ३५.९२ |
| पूर्वाधार विकास | ३७८६५९ | २९२४७९ | ३३.८ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २०१७१ | १५९८६ | १.८५ |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १८९६९८ | १५०९०७ | १७.४४ |
| **जम्मा** | **१०५७७१३** | **८६५२१४** | **१००** |

पालिकाले योजना तर्जुमा गरी खर्च गरेको विवरण विश्लेषण गर्दा आर्थिक विकास तथा सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा कम वजेट खर्च भएको देखिन्छ । जसले गर्दा पालिकाको समग्र क्षेत्रमा विकास हुन सक्दैन । अतः आगामी दिनमा पालिकाले दिगो र छिटो प्रतिफल प्राप्त हुने गरी समानुपातिक रुपमा वजेट विनियोजन गर्ने र सो को कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१. **खर्च विश्लेषण-** पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रू. ५ करोड ३४ लाख ९८ हजार, राजस्व बाँडफाँटबाट रू. १९ करोड १५ लाख २६ हजार र अन्य आय तथा अनुदानबाट रू. १ अर्व ०५ करोड ९४ लाख ८३ हजारसमेत रू. १ अर्व ३० करोड ४५ लाख ०९ हजार आम्दानी भएकोमा चालुतर्फ रू. ७९ करोड ३४ लाख ३६ हजार, पुँजीगततर्फ रू. ४२ करोड ५९ लाख ८५ हजार र वित्तीय व्यवस्थातर्फ रू. २ करोड ८७ लाख ४६ हजारसमेत रू. १ अर्व २४ करोड ८१ लाख ६७ हजार खर्च भएको छ । आम्दानीतर्फ गत वर्षको अ.ल्या. रू. २३ करोड १६ लाख ५४ हजार रहेको छ। खर्चमध्ये आन्तरिक आयको हिस्सा ४.२८ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रू. ९८ लाख ८१ हजार खर्च भएको छ जुन आन्तरिक आयको १८.४६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ३४.१३ प्रतिशत पुँजीगत र बाँकी ६५.८७ प्रतिशत चालु र वित्तीय व्यवस्थामा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको र प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ, जसले गर्दा पालिकाको आर्थिक विकास कमजोर देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२. **गत विगतको भुक्तानी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सिर्जित दायित्वमध्ये आगामी वर्षमा भुक्तानी गर्नु पर्ने रकम तथा विगत वर्षमा भुक्तानी हुन बाँकी रकम समावेश गरेर वजेट प्रस्ताव गर्नु पर्ने व्यवस्था छ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको वजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी देहायबमोजिमको ४३ योजनाहरुमा वजेट विनियोजन गरी रू. ३७,३०७,९५०.८१ खर्च गरेको छ । यसरी ऐनको प्रावधानअनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वलाई मात्र विगत वर्षमा भुक्तानी दिन बाँकीको योजनामा समावेश गर्नुपर्नेमा वास्तविक आयभन्दा बढीको वजेट निर्माण गर्दा वजेटको अभाव हुने तथा प्राविधिक समस्याको कारण भुक्तानी दिन बाँकीका योजनाहरू रहन गएको पालिकाले प्रतिक्रिया दिएको छ । आगामी दिनमा पालिकाले यथार्थ आम्दानीको आधारमा वजेट तर्जुमा गर्ने तथा तोकिएको सिमाभित्र खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

***(विस्तृत विवरण बेरूजु दफा २२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

२३. **भवन निर्माण तथा सडकसम्बन्धी व्यवस्था-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छद ७ मा भवन निर्माण तथा सडकसम्बन्धी व्यवस्था गरिएको छ । ऐनमा नक्सा पास नगराई भवन निर्माण गर्न नहुने, नक्सा पास गर्ने, राष्ट्रिय भवन संहिता पालना गर्नुपर्ने, राष्ट्रिय तथा प्रादेशिक मापदण्ड अवलम्बन गर्नुपर्ने र सडकको अधिकारक्षेत्र तोक्न सक्नेलगायतका व्यवस्थाहरू रहेका छन् । उपरोक्तबमोजिम ऐनले दिएको अधिकारको कार्यान्वयन गर्न तथा भवन ऐन, २०५५ बमोजिम भवनको वर्गीकरण गर्न पालिकाले भवन निर्माण तथा सडकसम्बन्धी मापदण्ड तर्जुमा गरेको छैन । अतः पालिकाले तर्जुमा गरेको गुरुयोजनाको पूर्ण कार्यान्वयन गर्ने तथा बाँकी मापदण्ड तर्जुमा गरी सो को प्रभावकारी कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४. **सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाईजस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ । यस आर्थिक वर्षमा पालिकाले सार्वजनिक सुनुवाई कार्यक्रम गरेको छैन । पालिकाको भौचर परीक्षण गर्दा सार्वजनिक सुनुवाई कार्यक्रममा रू.५० हजार खर्च गरेको देखिन्छ । पालिकाले तोकिएबमोजिम पालिकाबाट सम्पादित कार्यको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाईजस्ता कार्य प्रभावकारीरुपमा गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५. **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले हालसम्म संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य गरेको छैन । पालिकामा प्रमुख प्रशासकीय अधिकृतसहित ७० जना पदको दरबन्दी स्वीकृत गरेको छ, यसमा स्वास्थ्यतर्फको दरबन्दी समावेश भएको छैन । जसअनुसार पालिकामा ५९ जना कर्मचारीहरू पदपूर्ति भएको छ भने ११ वटा दरबन्दीहरू रिक्त रहेका छन् । पालिकामा १०७ जना करार सेवामा पदपूर्ति भएको छ । पालिकामा कार्यरत कर्मचारीहरूलाई रू. १० करोड २८ लाख ४९ हजार खर्च गरेको देखिन्छ । पालिकाले स्वीकृत दरबन्दीमा स्थायी कर्मचारीहरुको पदपूर्ति नभएको हुँदा कार्यालय सहयोगी, हलुका सवारी चालक, कम्प्युटर अप्रेटरलगायत पदमा करार कर्मचारी नियुक्त गरिएको पालिकाले प्रतिक्रिया दिएको छ । साथै, पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणपछि दरबन्दी समायोजन गर्ने तथा रिक्त हुने पदमा प्रदेश लोक सेवा आयोगमार्फत् पदपूर्तिको लागि माग गरेको देखिन्छ । अतः पालिकाको समग्र सेवा प्रवाहलाई प्रभावकारी बनाउन रिक्त पदमा प्रदेश लोक सेवामार्फत् दक्ष जनशक्ति माग गरी पदपूर्ति गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६. **कर्मचारी कल्याण कोष-** पालिका वा पालिकाअन्तर्गत कार्यरत कर्मचारीहरूको सामाजिक सुरक्षा सुनिश्चित गरी कर्मचारीको हकहित र कर्मचारीलाई सेवा प्रवाहप्रति उत्तरदायी र प्रोत्साहित गर्न कर्मचारी कल्याण कोषसम्बन्धी कानुन बनाई सोको कार्यान्वयन गर्नुपर्दछ । पालिकाले कर्मचारी कल्याण कोषसम्बन्धी कानुनको तर्जुमा गरेको छैन

भने सूत्रको प्रतिवेदनअनुसार कार्यसञ्चालन कोषको कर्मचारी कल्याण कोष शीर्षकमा रू. ८० लाख बाँकी रहेको देखिन्छ । पालिकाले यससम्बन्धी कानुनको निर्माण गरी कोषको स्थापना गरी कर्मचारीहरूको कल्याणमा खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७. **तलवी प्रतिवेदन-** निजामती सेवा ऐन, २०४९ स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष सबै स्थायी कर्मचारीहरूको तलवी प्रतिवेदन पारित गरेको छैन । पालिकाले यस आर्थिक वर्षमा स्थायी कर्मचारीहरूको तलबी प्रतिवेदन पारित नगरी जम्मा रू. ४ करोड ४२ लाख ५९ हजार खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी तलब भत्ताको खर्च लेख्दा वास्तविक पाउने तलब भत्ताभन्दा बढी तलब भत्ता र ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८. **सेवा प्रवाह-** नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसारका सेवाहरु पालिकाले आम नागरिकलाई प्रदान गर्दछ । आफ्नो कार्यक्षेत्रभित्रका नागरिकता सिफारिस घरबाटो सिफारिस नाता प्रमाणित व्यक्तिगत घटना दर्ता (जन्म मृत्यु विवाह दर्ता बसाई सराई सम्बन्ध विच्छेद) लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी सो को अभिलेख राख्नुपर्दछ । पालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ ।

| क्र.सं. | विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ३४४५ | ३४४५ | |
| २ | घरबाटो सिफारिस | २१५१ | २१५१ | |
| ३ | नाता प्रमाणित | १६२४ | १६२४ | |
| ४ | व्यक्तिगत घटना दर्ता | १२९७ | १२९७ | |
| ५ | अन्य | ० | ० | |

प्राप्त विवरणअनुसार पालिकामा सेवा प्राप्तिका लागि दिएको सबै निवेदनको कारवाही किनारा भएको देखिन्छ तर, पालिकाबाट पेश भएको विवरणमा कतिपय विवरण यथार्थपरक रहेको छैन । आगामी दिनमा पालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई व्यवस्थित र गुणस्तरीय बनाइ सबै निवेदनको कारवाही गर्ने तथा सेवा प्रवाहको अद्यावधिक अभिलेख राख्नेतर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२९. **न्यायिक समिति-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियासम्बन्धी व्यवस्था गरेको छ । समितिले विवादका दुवै पक्ष उपस्थित भएको तीन महिनाभित्र मेलमिलापबाट विवादको समाधान गर्नुपर्ने र समाधान हुन नसकेमा विवाद समाधानको लागि अदालतमा

तत्सम्बन्धी मिसिल तथा कागजात पठाउनुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरणअनुसार समितिको उजुरी दर्ता र फस्यौंटको विवरण देहायबमोजिम रहेको छ ।

| क्र. सं . | उजुरीको प्रकार | गत वर्षको बाँकी | यस वर्ष थप | जम्मा | यो वर्ष फस्यौंट | फस्यौंट हुन बाँकी | समयमै फछ्यौंछ नहुनुको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | विभिन्न उजुरीहरू | ८ | १५८ | १६६ | ८५ | ८१ | छलफलको क्रममा रहेको |

प्राप्त विवरण अनुसार पालिकाको न्यायिक समितिमा दर्ता भएको गतवर्षको बाँकी उजुरी संख्या ८ वटा रहेकोमा यो वर्ष १५८ वटा थप भई १६६ वटा उजुरी रहेकोमा ८५ वटा मात्र उजुरी फस्यौंट भई ८१ वटा उजुरी बाँकी रहेको देखिन्छ। कानुनले दिएको अधिकार र समय सिमाभित्र पालिकामा दर्ता भएको उजुरी फस्यौंट गर्नेतर्फ न्यायिक समितिले ध्यान दिएको देखिएन । आगामी दिनमा समितिले न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३०. **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद १० मा सरकारी सम्पत्तिको जिम्मा, लगत र संरक्षणसम्बन्धी व्यवस्था रहेको र पालिकाको जिम्मामा रहेको सरकारी घर, जग्गा तथा कार्यालयअन्तर्गतको सरकारी घर, जग्गाको लगत महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरणअनुसार पालिकाको हालसम्मको घर, जग्गा र एक लाखभन्दा बढीको सवारी साधन तथा उपकरणको विवरण देहायबमोजिम रहेको छ । पालिकाले सबै सम्पत्तिहरूको विवरण अद्यावधिक गरी राखेको देखिदैंन । अतः पालिकाले आफू मातहातमा रहेको सम्पत्तिको खोजी गर्ने तथा सम्पत्तिको संरक्षण र संवर्द्धन गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

***(विस्तृत विवरण बेरूजु दफा ३० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

३१. **कानुन र सञ्चालन स्थिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमुना कानुनहरु समेत बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन, ४ वटा नियमावली, १८ वटा कार्यविधिलगायत ३३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले तर्जुमा गरेको कानुनहरुमध्ये केही कानुनहरू राजपत्रमा प्रकाशन गरेको छैन भने पालिकाको वेभसाइटमा समेत राखेको छैन । तसर्थ, उक्त कानुनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनुपर्दछ र वेभसाइटमा समेत अद्यावधिक गरी प्रकाशन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३२. **जिन्सी दाखिला-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई, कुनै बस्तुगत सहायत वा कुनै प्रकारले प्राप्त हुन आएको सम्पती तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पती तथा जिन्सी

खातामा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गरी राख्नुपर्ने कानुनी व्यवस्था रहेको छ । जनता माध्यमिक विद्यालयले खरिद गरेको देहायमबमोजिमको सामग्री जिन्सी खातामा दाखिला गरेको देखिएन । अतः उक्त सामानहरु खर्च भएर नजाने जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

| क्र.सं. | ब. उ . शी . नं . | भौचर र मिति | भुक्तानी भएको | कामको विवरण | संख्या | खर्च रू. (भ्याटसहित) |
|---|---|---|---|---|---|---|
| १ | प्रदेश पुँजीगत | १२- २०८०।३।२० | जनता माध्यमिक विद्यालय, वडा नं . ३ | प्लाष्टिक चेयर | ३१५ | २४९४७५ |
| २ | पालिका चालु | १५४८।२०८०।३।२० | ड्रिम वर्क सोलुशन | कृषि डिजिटाइजेसन सफ्टवेर | १ | ६०७९९० |
| जम्मा | | | | | | ८५७४६५ |

| प्रमाण पेश नगरेको | ८,५७,४६५ |
|---|---|

३३ **धरौटी सदरस्याहा-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६(२) मा धरौटी फिर्ता लिनको लागि प्रचलित कानुनमा अवधि तोकिएकोमा सोही अवधिभित्र र अवधि नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम जम्मा गरेको प्रमाणसहित सम्बन्धित व्यक्तिले धरौटी जम्मा गरेको कार्यलयमा निवेदन दिनुपर्ने, नियम ३७(२) मा एक वर्षसम्म सम्बन्धित व्यक्ति फिर्ता माग्न नआएमा एक वर्ष पुगेपछि त्यस्तो धरौटी रकम फिर्ता लिन आउनु भनी त्यस्तो निकायले पन्ध्र दिनको म्याद दिई कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्ने र उक्त म्यादभित्र त्यस्तो धरौटी रकम फिर्ता लिन नआएमा राजस्व खातामा जम्मा गरी हिसाब मिलान गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको धरौटी स्रेष्ता तथा बैङ्क विवरणअनुसार आर्थिक वर्षको अन्त्यमा रू. २,०६,५३,४६९.४९ बाँकी रहेको देखिन्छ । पालिकाको धरौटी खातामा लामो समयसम्म धरौटीको प्रयोजन समाप्त भएपनि रकम फिर्ता भएको देखिएन । अतः कानुनबमोजिम धरौटीको प्रयोजनको समाप्त भएको धरौटी रकम फिर्ता गर्ने अन्यथा सदरस्याह गरी राजस्वमा जम्मा गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३४. **पेस्की बाँकी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा सरकारी कामकाजको लागि पेस्की दिएको रकम सोही आर्थिक वर्षभित्र फस्यौंट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फस्यौंट हुन बाँकी पेस्कीको विवरण तयार गर्ने, पेस्कीको म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा फस्यौंट हुन बाँकी पेस्की रकमलाई अन्तिम लेखापरीक्षणको प्रतिवेदनमा समावेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले पेश गरेको फस्यौंट गर्न बाँकी पेस्कीको मास्केवारी (म.ले.प.फा.नं. २११) अनुसार देहायका कर्मचारी, ठेकेदार, संस्था तथा व्यक्तिलाई दिएको पेस्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रू. २३,२२९,५५८.०० बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेस्की रू. १,६११,५५८.०० फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेस्की नियमानुसार फस्यौंट गर्नुपर्दछ ।

| पेस्की | १६,११,५५८ |
|---|---|

***(विस्तृत विवरण बेरूजु दफा ३४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

३५. **आवधिक योजना-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । पालिकाले स्थानीय तह भएपछि हालसम्म आवधिक योजना तयार गरी लागू गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक वजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३६. **वार्षिक खरिद योजना/गुरुयोजना-** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षकअन्तर्गत वार्षिक रू. ३८ करोड ६१ लाख ११ हजार पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । पालिकाले कानुनबमोजिम वार्षिक खरिद योजना, खरिद नियमावली र गुरुयोजना बनाएको देखिएन । अतः पालिकाले खरिद नियमावली, वार्षिक खरिद योजना र गुरुयोजना तर्जुमा गर्ने तथा वार्षिक खरिद योजनामा व्यवस्थित र प्रभावकारी कार्यान्वयन गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३७. **आय अनुमान-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । सूत्रबाट प्राप्त म.ले.प.फा.नं. २७२ को अनुसूची ११ अनुसार आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत अनुमानित रू. ५ करोड ५० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रू. ५ करोड ३४ लाख ९८ हजार अर्थात आय अनुमानभन्दा रू. ३४ लाख ९८ हजारले बढि राजस्व संकलन गरेको छ । आगामी दिनमा पालिकाले वास्तविक आम्दानीका स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

३८. **आन्तरिक आय-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९/८० मा केन्द्रीय अनुदान (समानीकरण अनुदान) बाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहायबमोजिम छ ।

| **संङ्घीय सरकारबाट प्राप्त अनुदानबाट खर्च** | **आन्तरिक आय** | **आन्तरिक आखर्चमध्ये आन्तरिक आयको प्रतिशत** |
|---|---|---|
| ४९,४०,८३,०००.०० | ५,३४,९८,०५९.०० | १०.८२ |

उपर्युक्त विवरणअनुसार स्थानीय तहमा प्राप्त संङ्घीय सरकारबाट प्राप्त अनुदानबाट भएको खर्चको तुलनामा पालिकाको आन्तरिक आयको हिस्सा १०.८२ प्रतिशत मात्र रहेको छ । त्यसैले, पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३९. **व्यवसाय कर-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले विगत तीन वर्षमा व्यवसाय दर्ता तथा नवीकरण शुल्क (व्यवसाय रजिष्ट्रेशन दस्तुर) बापत संकलन गरेको राजस्वको विवरण देहायबमोजिम रहेको छ ।

| आम्दानी शीर्षक | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | २०७७।७८ | २०७८।७९ | २०७९।८० |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | २१,८३,९०५.०० | २५,८१,१६७.०० | २९,१८,३६३.०० |

उपरोक्त विवरणअनुसार पालिकाको तीन वर्षमा व्यावसाय रजिष्ट्रेशन दस्तुरमा प्राप्त भएको राजस्व रकममा एकरुपता देखिदैंन । हरेक आर्थिक वर्षमा व्यावसाय करबाट प्राप्त हुने राजस्व रकम बढ्दै गएको देखिन्छ भने तीन वर्षको अन्तरालमा राजस्व रकम रू. ७ लाख ३४ हजारले बढेको देखिन्छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरी राजस्व संकलन कार्य नगरेको हुँदा हरेक वर्ष यस शीर्षकबाट उठ्ने राजस्व रकममा फरक परेको देखियो । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सकिने अवस्था छैन् । तसर्थ, पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अभिलेख अद्यावधिक गरी सबै व्यवसायीलाई करको दायराभित्र ल्याई राजस्व संकलन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४०. **कर तथा शुल्क असुली-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५६, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाले तयार गरेको आम्दानीको एकीकृत विवरणअनुसार ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पत्ति कर (घरधुरी कर) | १३,००,०००.०० | १३,०१,२५१.०० | अनुमानभन्दा बढी असुली |
| भूमिकर (मालपोत) | १,००,००,०००.०० | १,१०,८७,१४३.९९ | अनुमानभन्दा बढी असुली |
| घरजग्गा वहाल कर | ३०,००,०००.०० | ४६,६५,५९९.१६ | अनुमानभन्दा बढी असुली |
| व्यवसाय कर | २४,००,०००.०० | २९,१८,३६३.२५ | अनुमानभन्दा बढी असुली |
| वहाल विरौटी शुल्क | २५,५०,०००.०० | २५,५४,३९१.७० | अनुमानभन्दा बढी असुली |

पालिकाभित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवम् बुझाउन ल्याएको अवस्थामा मात्र कर एवम् शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । साथै, पालिकाले उपरोक्त आय शीर्षकमध्ये सबै शीर्षकमा अनुमान गरेको धेरै बढी राजस्व असुली भएको देखिन्छ । जसले गर्दा पालिकाले

आन्तरिक राजस्वको अनुमान यथार्थपरक रहेको छैन । तसर्थ, पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा अभिवृद्धि गर्ने, सम्पत्ति करको कार्यान्वयन गर्ने तथा सम्बन्धित आय शीर्षकमा यथार्थ आय अनुमान गर्नेतर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

४१. **राजस्व अभिलेख-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तीय अधिकारक्षेत्रसम्बन्धी व्यवस्था छ । कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले अनलाइन राजस्व सफ्टवेयर प्रणालीमार्फत् पालिका र वडाहरुबाट मालपोतलगायतका कर राजस्व संकलन गरेको देखिन्छ भने दहत्तर बहत्तर (ठेक्का नलाग्दासम्म) र सरसफाई सेवा शुल्क नगदी रसिदमार्फत संकलन गरी आन्तरिक राजस्व खातामा दाखिला गरेको छ । पालिकाले पेश गरेको रसिद नियन्त्रण खाताअनुसार आर्थिक वर्ष २०७९/८० मा अघिल्लो वर्ष बाँकी रहेको नगदी रसिद रहेको देखिदैंन भने यस वर्ष पालिकाले प्रति प्याड १०० वटाका दरले ८० प्याड (८००० वटा) खोला कर संकलन रसिद र प्रति प्याड १०० वटाको १० र प्रति प्याड ५० वटाको ६ प्याड गरी १६ प्याड (१३०० वटा) सरसफाई रसिद छपाई गरी आम्दानी बाँधेको देखिन्छ । पालिकाको सूत्रको प्रतिवेदनअनुसार आन्तरिक राजस्वमा रू. ८,७०,२४,५४१.७६ आम्दानी भएको देखिन्छ भने अनलाइन राजस्व सफ्टवेयर प्रणालीको प्रतिवेदनअनुसार रू. ४,७०,९१,३२१.१६ मात्र आम्दानी भएको देखिन्छ । पालिकाको अनलाइन राजस्व सफ्टवेयर प्रणालीबाट वडाअनुसार प्राप्त आम्दानी रकमलाई सूत्रमा समेत वडाअनुसार आम्दानी बाँध्नुपर्नेमा एकमुष्ट रुपमा आम्दानी बाँधिएको हुँदा वडाबाट संकलन भएको सम्पूर्ण राजस्व रकम आन्तरिक राजस्व खातामा जम्मा भएको हो वा होइन भनी यकिन गर्न सकिएन । पालिकाको अनलाइन सफ्टवेयर र सूत्रमा बाँधिएको आम्दानी प्रतिवेदनमा रू. ३,९९,३३,२२०.६० फरक परेको छ । राजस्वको अनलाइन सफ्टवेयरभन्दा बाहिर प्राप्त हुने राजस्व रकमलाई सूत्रमा मात्र आम्दानी बाँधिएको हुँदा अनलाइन प्रणालीभन्दा सूत्रमा बढी आम्दानी भएको पालिकाले प्रतिक्रिया दिएको छ । आगामी दिनमा पालिकाले नगदी रसिदको प्रयोगलाई निरुत्साहित गर्ने, रसिद नियन्त्रण खातालाई व्यवस्थित गराउने, संकलित राजस्वलाई तोकिएको समयमा दाखिला गर्ने तथा राजस्व असुलीलाई स्वचालित प्रणालीमार्फत् व्यवस्थापन गर्ने सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । यस सम्बन्धमा देखिएका व्यहोराहरू देहायबमोजिम रहेका छन्-

- पालिकाबाट प्राप्त विवरणअनुसार दहत्तर बहत्तर (ठेक्का नलाग्दासम्म) संकलनका लागि छपाइएको १०० थान नगदी रसिदमध्ये ३९ थान खर्च भई रकम रू. १४७९७६८ संकलन भएको छ भने खर्च नभई ६१ थान नगदी रसिद बाँकी रहेको देखिन्छ । सबै नगदी रसिदबाट संकलन भएको राजस्व सम्बन्धमा पालिकाबाटै यकिन हुनुपर्दछ ।
- पालिकाबाट प्राप्त विवरणअनुसार सरसफाई शुल्क संकलनका लागि छपाइएको १०० वटाको १० थान र ५० वटाको ६ थान गरी १६ थान नगदी रसिदमध्ये १३ थान खर्च भई रकम रू. ६,२७,२६०.०० संकलन भएको छ भने खर्च नभई ५० वटाको ३ थान नगदी रसिद बाँकी रहेको देखिन्छ । खर्च भएका नगदी रसिदहरूको नमुना परीक्षण गर्दा कतिपय रसिदहरू रद्द गरिएतापनि रद्द गर्नुको कारण पेश नभएको, आर्थिक ऐनले स्वीकृत गरेको दररेटभन्दा कममा समेत शुल्क संकलन गरिएको पाइएको हुँदा सबै राजस्व रकम दाखिला भएको सम्बन्धमा यकिन गर्न सकिएन । अतः पालिकाले खर्च भएको सबै नगदी रसिदहरुबाट ऐनअनुसार कमी राजस्व संकलन भएको र रकमको जोडजम्मा सम्बन्धमा यकिन गर्नुपर्दछ ।

- पालिकाबाट प्रदान गरिने सेवा प्रवाहलगायतका सिफारिसहरूलाई राजस्वको भौचरसँग अन्तरआबद्धता हुने गरी सफ्टवेयर प्रणालीको विकास गरिएको छैन ।
- पालिकाको राजस्व सफ्टवेयरबाट वडाअनुसार आम्दानी प्रतिवेदन प्राप्त भएपनि सूत्रको प्रतिवेदनमा वडाअनुसार आम्दानी प्रतिवेदन प्रविष्टी गरिएको छैन ।
- ऐनको दफा ५५ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउने व्यवस्था भएकोमा हालसम्म पालिकामा सम्पत्ति कर लागू गरेपनि पूर्णरुपमा कार्यान्वयन भएको देखिएन ।
- ऐनको दफा ५८ बमोजिम पालिकाभित्र सञ्चालिन सबै व्यवसाय दर्ता नभएको, दर्ता भएका व्यवसायहरूको अभिलेख अद्यावधिक नभएको र सबै व्यवसायीबाट व्यवसाय करसमेत संकलन भएको देखिएन ।
- पालिका र अन्तर्गतका वडाहरूबाट सफ्टवेयर प्रणालीबाट संकलन गरिएको राजस्व ढिला गरी जम्मा गर्ने गरेको पाइयो । जस्तोः पालिकामा संकलित राजस्व रकममध्ये आर्थिक वर्षको अन्तिम असार महिनाको अन्तिम दिनमा मात्र रू. १३ लाख २३ हजार ४०७ जम्मा गरेको पाइयो ।

तसर्थ, पालिकाले आगामी दिनमा एकद्वार प्रणालीबाट राजस्व संकलन गर्ने, रसिद नियन्त्रण खाताको पारदर्शी र प्रभावकारी व्यवस्थापन गर्ने, संकलित राजस्व रकम कानुनमा तोकिएको समयमा नै बैङ्क जम्मा गर्नेलगायतका क्षेत्रमा सुधार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४२. **आन्तरिक आय ठेक्का-** पालिकाले यस आर्थिक वर्षमा आन्तरिक आय संकलनका लागि देहायबमोजिमका ठेक्का लगाएको छ । आन्तरिक राजस्व संकलनका लागि न्युनमत आय अनुमान राजस्व परामर्श समितिले वस्तुपरक रुपमा तयार गर्नुपर्नेमा सो अनुसार नगरेको, एकपटक ठेक्का नलागेकोमा पुनः ठेक्काको सूचना नगरेको, न्युनतम आय अनुमान यथार्थपरक नहुँदा वा पालिकाबाट ठेक्का नलाग्दा पनि तिर्नुपर्ने कर निःशुल्क गरिएकोजस्ता कारणले हाटबजार ठेक्का नपरेको पाइयो। अतः आगामी दिनमा राजस्व परामर्श समितिले यथार्थपरक राजस्व अनुमान गर्ने, समयमा ठेक्का व्यवस्थापन गर्ने र ठेक्का नलाग्दासम्म तोकिएको कर संकलन गरी पालिकाको आन्तरिक राजस्व वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| क्र.सं. | विवरण | न्युनतम ठेक्का अंक रु. | फर्म | कवोल अंक रु. | मु. अ . कर रु . | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विज्ञापन कर | ४४२४७७ | श्रीभा टेक्निकल इन्स्टिच्युट प्रा. लि ., विर्तामोड - ५ , झापा | ४९५५६७ | ६४४२५ | कवोल अंकमा १० प्रतिशत छुट गरिएको |
| २ | आइतबारे बजार पशु चौपाय बिक्री कर र साप्ताहिक हाट बजार कर | ३८०५३०९ | जय जलेश्वर ट्रेडर्स, अर्जुनधारा - ४ , झापा | ४७५३९७५ | ६१८०१७ | कवोल अंकमा १० प्रतिशत छुट गरिएको |
| ३ | बजार ठेक्का (खसी बाखा, शनिश्चरे हाट बजार , कोला बजार , गोसहाट) | ८१७६९९ | | | | ठेक्का नपरेको |

सैद्धान्तिक बेरुजु

४३. **सटर भाडा-** पालिकाको आर्थिक ऐन, २०७९ को दफा ११ बमोजिम नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको पूर्वाधार प्रयोग गरेबापत अनुसूची ९ अनुसार भाडा दररेट लिने, तोकिएको महिनामा नै भाडा रकम बुझाएमा ५ प्रतिशत छुट हुने, अर्को महिनामा तोकिएको दरमा लिने, सोपछिको महिनामा १० प्रतिशत जरिवाना र त्यसपछिको महिनामा २५ प्रतिशत जरिवाना हुने उल्लेख छ । पालिकाअन्तर्गत शनिश्चरे बजारको नयाँ भवनमा २८ वटा, सामुदायिक भवन (शनिश्चरे बजार) मा १४ वटा, वडा नं. ३ कार्यालय परिसरमा ११ वटा र वडा नं. ८ नयाँ कृषि बजार क्षेत्रमा ८ वटा सटरहरू रहेका छन् । उल्लिखित सटरहरुमध्ये ११ वटा सटरहरू भाडामा लागेका छैनन् । आर्थिक वर्ष २०७९/८० मा अनुसूचीमा उल्लेख भएबमोजिमका सटरहरूबाट सम्झौताअनुसारको सटर प्रयोग गरेबापत गतवर्षको बाँकीसहित रू. ३२२८४८४.०० सटर भाडा असुल गर्नुपर्नेमा रू. २१९१८१७.०० असुल भएको छ भने लेखापरीक्षणको अवधिसम्म पनि भाडा रू. १०३६६६७.०० असुल हुन बाँकी रहेको देखिएको हुँदा सम्बन्धित व्यक्तिहरूबाट भाडा असुल गर्नुपर्दछ । साथै, आगामी दिनमा खालि सटरहरुलाई भाडामा लगाउने तथा सटर भाडा रकम नतिर्नेहरुलाई सम्झौता तोडी तिर्नुपर्ने भाडा रकम असुल गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,३६,६६७ |

*(विस्तृत विवरण बेरूजु दफा ४३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

४४. **मुल्य अभिवृद्धि कर-** पालिकाले बजार ठेक्का (खसी बाखा, शनिश्चरे हाट बजार, कोला बजार, गोसहाट) को दोस्रोपटक र पुनः न्युनतम अंक घटाएर तेस्रो पटक सूचना प्रकाशन गर्दा समेत ठेक्का परेको देखिएन । पालिकाले मिति २०७९।६।११ गते हाट बजारको बन्दोबस्तीका लागि डाक बढाबढ गराउँदा अर्जुनधारा वडा नं. ७ निवासी आकृत अधिकारीले कवोल गरेको रकम रू. ४,९१,०००.०० भ्याटबाहेकमा सम्झौता भएको छ । सम्झौताअनुसारको कवोल अंकमा १३ प्रतिशत मुल्य अभिवृद्धि कर रू. ६३,८३०.०० असुल हुन बाँकी रहेकोले सम्बन्धितबाट असुल हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६३,८३० |

४५. **दहत्तर बहत्तर संकलनको परिमाण-** पालिकाले नगरपालिकामा अवस्थित विभिन्न खोलाहरूबाट नदीजन्य निर्माण सामग्री उत्खनन् तथा संकलन कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनअनुसार देहायका विभिन्न खोलाहरूबाट उत्खनन्योग्य नदीजन्य सामग्रीको परिमाण यकिन गरेको छ । प्रतिवेदनमा अनुगमन तथा व्यवस्थापन योजनाअन्तर्गत आधाररेखा अनुगमन, पालना अनुगमन, प्रभाव अनुगमनका विषयवस्तुहरू उल्लेख गरिएका छन् । प्रत्येक महिना जिल्ला समन्वय समिति र पालिकाले तोकिएको परिमाणभन्दा बढी संकलन गरेको छ वा छैन भनि श्रोत जाँच तथा निरीक्षण गर्नुपर्ने उल्लेख रहेको छ । पालिकाले वातावरणीय अध्ययन प्रतिवेदनअनुसार बिरिङ, टाङटिङ र ठूलो नेते नदीबाट २२६२७५ घ.मि. नदीजन्य सामग्री उत्खनन् तथा बिक्रीका लागि लागत अनुमान रू. ३६५४८३९३.१९ (भ्यासबाहेक) न्युतम कवोल अंक कायम गरी ठेक्का आव्हान गरेकोमा एन.आर.एन. कंकृट उद्योग प्रा.लि, दमक, झापाको कवोल अंक रू. ३,९१,००,००१.०० (भ्याटबाहेक) स्वीकृत गरी सम्झौता भएको र उक्त फर्मलाई सम्झौताअनुसार कार्य गर्न कार्यदेश दिइएको देखिन्छ । वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएको परिमाणअनुसार ठेकेदारले नदीजन्य सामग्री उत्खनन गरे नगरेको सम्बन्धमा पालिकाले कुनै पनि अनुगमन प्रतिवेदन तयार नगरेको हुँदा सो सम्बन्धमा यकिन गर्न सकिएन । अतः पालिकाले प्रतिवेदनमा उल्लेख भएबमोजिमको परिमाण उत्खनन् भए नभएको परिमाण यकिन गर्ने तथा सोबाट पर्न गएको प्रभावसम्बन्धमा अनुगमन गरी कानुनको कार्यान्वयन प्रभावकारीरुपमा गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

*(विस्तृत विवरण बेरूजु दफा ४५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

४६. **उपकरणको प्रयोग-** पालिकाले यस आर्थिक वर्षमा अनुसूचीमा उल्लेख भएबमोजिमका मेशिनरी उपकरणको प्रयो गरी रू. १६,८६,६१०.०० आम्दानी गरेको छ । पालिकाबाट विवरणअनुसार नगरप्रमुखज्यूको आदेशबाट पानी ट्याङ्कर ३०.५ दिन, व्याक हो लोडर ६६८ घण्टा र ट्रिपर हाइवा ७३.५ दिन निःशुल्क प्रयोग भएको देखिन्छ । त्यसैगरी, ट्रिपर मिनी र ट्र्याक्टरहरु फोहोरमैला व्यवस्थापनका लागि प्रयोग भएको देखिन्छ । यसरी मेशिनको प्रयोगअनुसार आम्दानी प्राप्त नहुनु र निःशुल्करुपमा मेशिनको प्रयोग भएको विवरण नखुल्नुजस्ता कारणले दोहोरो भुक्तानी हुने सम्भावना समेत देखिन्छ । अतः पालिकाले आगामी दिनमा तोकिएको दररेटअनुसार आम्दानी प्राप्त भएपछि मात्र मेशिनको प्रयोग गर्न दिने तथा निःशुल्क परिचालन गर्नेसम्बन्धमा स्पष्ट व्यवस्था गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

***(विस्तृत विवरण बेरूजु दफा ४६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

४७. **फोहोरमैला व्यवस्थापन-** फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ४ मा फोहोरमैला व्यवस्थापन गर्ने दायित्व स्थानीय तहको हुने र दफा १२ मा पालिकाले फोहोरमैला व्यवस्थापन स्थल तोक्नुपर्ने व्यवस्था रहेको छ । पालिकाभित्र उत्पादन हुने फोहोरमैलाको व्यवस्थापनका लागि स्यानिटरी ल्याण्डफिल साइट नभएको हुँदा उत्पादित फोहोरमैलाको व्यवस्थापन दिगो रुपमा व्यवस्थापन हुन सकेको छैन । पालिकाले फोहोरमैला व्यवस्थापनसम्बन्धी नीतिको तर्जुमा गरेको छैन । हाल यस पालिका बिर्तामोड र कनकाई नगरपालिकाको साझेदारीमा सञ्चालन भएको कनकाई-विर्ता-अर्जुन नविकरणीय उर्जा साझेदारी कार्यक्रम सहभागी भएको छ । पालिकाहरुबीच भएको त्रिपक्षीय सम्झौताअनुसार यस वर्ष यस पालिकाले रू. ३० लाख भुक्तानी गरेको छ भने गत आर्थिक वर्षमा रू. ४० लाख भुक्तानी गरेको छ । पालकाले अस्थायीरुपमा खोला किनारामा फोहोरमैला व्यवस्थापन कार्य गर्दै आएकोमा हाल कनकाई नगरपालिका वडा नं. २ स्थित डम्पिङ साइटमा फोहोरमैला लैजान थालिएको छ । पालिकाले फोहोरमैला व्यवस्थापन गर्न फोहोरमैलालाई स्रोतमा नै कमी गर्ने, पुनः प्रयोग गर्ने र पुनः चक्रिय प्रणालीको अवलम्बन गर्न नागरिक जनचेतना अभिवृद्धि गरी दिगो रुपमा फोहोरमैला व्यवस्थापन गर्न स्यानिटरी ल्याण्डफिल साइट निर्माण गर्ने, वैज्ञानिकरुपमा प्रशोधन कार्य गर्नेलगायत फोहरमैलाको वर्गीकरण गरी फोहरमैलाको उचित व्यवस्थापनमार्फत् पालिकाको पर्यावरणलाई स्वच्छ राख्न ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४८. **प्रदेश सशर्त चालु**

४८.१. **बिउ पूँजी अनुदान-** पालिकाले विपन्न, दलित, आदिबासी जनजाती र सीमान्तकृत महिलाहरूका लागि आर्थिक आत्मनिर्भर कार्यक्रम (सञ्चालन) मार्गदर्शन, २०७८ अनुसार बाख्रापालनसम्बन्धी व्यवसाय सञ्चालनका लागि कदमगाछी महिला समूह, वडा नं. ३, झापालाई रू. ४,५०,०००.०० अनुदान प्रदान गरेको छ । सम्झौताअनुसार समूहका २० जना सदस्यहरुबाट प्रतिव्यक्ति रू. ५००० का दरले रू. १,००,०००.०० जम्मा गरेको छ । सम्झौतामा समूहले प्राप्त बिउ पूँजीबापतको रकमबाट व्यवसाय सुरु गरेको दोस्रो वर्षदेखि प्रतिवर्ष पाँच प्रतिशतका दरले रू. २२५००.०० पाँच वर्षसम्म पालिकाले राजस्व खातामा रकम जम्मा गर्ने तथा समूले व्यवसायबाट आर्जन गरेको नाफाको १० प्रतिशत रकम समूहकै हित कोषमा जम्मा गर्ने उल्लेख छ । अतः पालिकाले प्रदान गरेको अनुदानको नियमितरुपमा अनुगमन गरी सम्झौताको प्रभावकारी कार्यान्वयन गर्ने गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४८.२- **किशोरी सशक्तीकरण कार्यक्रम-** कोशी प्रदेशको किशोरी सशक्तीरकण कार्यक्रम (सञ्चालन) निर्देशिका, २०७९ बमोजिम सन् २०२५ सम्ममा बालविवाह मुक्त प्रदेश घोषणा गर्ने प्रदेश सरकारको नीति कार्यान्वयन गर्न प्रदेशभित्रको हरेक स्थानीय तहको एक विद्यालयमा यस कार्यक्रम सञ्चालन हुदैं आएको छ । यस पालिकाअन्तर्गत सिहदेबी माध्यमिक विद्यालय, वडा नं. १ छनोट भई कार्यक्रम सञ्चालनका लागि विद्यालयलाई रू. ७३ हजार निकासा दिएको छ । विद्यालयले निर्देशिकाबमोजिमको कार्यक्रम तथा गतिविधि सञ्चालन गरी खर्च गर्नुपर्ने र दफा १५ अनुसार कार्यक्रमको स्थानीय तहबाट अनुगमन हुने तथा विद्यालयले कार्यक्रमको प्रभावकारिता तथा कार्यक्रमका लगि विनियोजित वजेट रकमको खर्चका सम्बन्धमा प्रत्येक चार-चार महिनामा स्थानीयत तहमा अनुसूची- २ बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । तर, लेखापरीक्षण अवधिसम्म यस कार्यक्रमको पालिकाबाट कुनै पनि अनुगमन नभएको र निर्देशिकाअनुसारको प्रतिवेदन विद्यालयमा पेश भएको पाइएन । विद्यालयले कार्यक्रम सञ्चालन गरे नगरेको अनुगमन नहुनु र विद्यालयबाट चौमासिक प्रतिवेदन पेश नहुनुले प्रदेश सरकारले लिएको नीति र वजेटको प्रभावकारिता भएको देखिदैंन । अतः पालिकाले कार्यक्रमको निरन्तर अनुगमन गर्ने र विद्यालयले निर्देशिकाको अनुसूची-२ बमोजिमको चौमासिक प्रगति प्रतिवेदन पेश गरेको प्रमाण पेश हुनुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७३,००० |

४९. **अन्य कार्यालयको खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम सरकारी खर्च गर्दा बजेटको सिमाभित्र रही तोकिएको प्रकृया पूरा गरी तोकिएको प्रयोजनामा मात्र खर्च गर्नुपर्दछ । केन्द्र सरकारले स्थानीय तहलाई सूत्रमा आधारित वित्तीय समानीकरण अनुदान प्रदान गर्ने गरेको छ । संङ्घीय तथा प्रदेश सरकारका कार्यालयहरुलाई उक्त सरकारबाटै आवश्यक वजेट विनियोजन हुने र सोहीअनुसार खर्च हुने व्यवस्था रहेको छ । पालिकाको भौचरको नमुना परीक्षण गर्दा यस वर्ष देहायबमोजिमका विभिन्न संङ्घीय सरकारी कार्यालयको पूर्वाधार निर्माण तथा सामग्री खरिद गरेबापत रू. २ लाख ४९ हजार भुक्तानी दिएको पाइयो । यसरी पालिकाले अन्य निकायलाई खर्च गर्ने रकम आफ्नो आन्तरिक श्रोतबाट खर्च गर्नुपर्नेमा सो समेत गरेको पाइएन । यसरी हुने सार्वजनिक खर्चबाट काममा दोहोरोपना हुन सक्ने, बजेट तथा जिन्सी मालसामानको अनियमिता र हिनामिनासमेत हुन जाने देखिन्छ । अतः आगामी दिनमा पालिकाले यस्ता प्रकृतिको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

<u>केहि उद्दाहरणहरु</u>:-

| क्र.सं. | ब. उ. शि. नं. | गो. भौ./मिति | कार्यालयको नाम | कामको विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नगरपालिका पुँजीगत | ६३१।०८०।३।२० | प्रहरी चौकी, अर्जुनधारा | एक्साईड ब्याट्री र ईन्भर्टर खरिद | ९०४३४ | जिन्सीमा दाखिला नभएको |
| २ | नगरपालिका पुँजीगत | १५८।०७९।१०।२६ | सशस्त्र प्रहरी वेस क्याम्प | भवन मर्मत | ४९५०० | |
| ३ | नगरपालिका पुँजीगत | १२६।०७९।१० | प्रहरी चौकी खुदुनाबारी | कम्पुटर, प्रिन्टर खरिद | १००००० | जिन्सीमा दाखिला नभएको |
| ४ | नगरपालिका पुँजीगत | ६३।०७९।९।१ | रेडक्रस सोसाईटी खुदुनाबारी | रंगरोगन खर्च | १०००० | |
| **जम्मा** | | | | | २४९९३४ | |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ५०. नापी किताब-

५०.१.-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१ख) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ ।

(क) पालिकाले निम्नानुसारको योजनाहरुमा आईटमवाईज कार्य BRICK WORKS 1:4 को बास्तबिक भएको कार्य परिमाणको गणना गर्दा Sill Band र Lintel Band को Concrete को परिमाण RCC को परिमाणमा थप गरी लागत अनुमान तयार गरिएकोमा BRICK WORKS 1:4 मा उक्त कार्य परिमाण घटाएको पाइएन । यसरी नघटाई लागत अनुमानको परिमाण तय गरिएको सोही परिमाण बि.ओ.क्यू. मा उल्लेख गरी ठेक्का व्यवस्थापन भएको पाइयो । यसरी बढी कार्य परिमाण बापत भुक्तानी भएको अनुसुचिमा उल्लेख भए बमोजिमको रकम असुल गरी राजस्व खातामा दाखिला हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०१,१२३ |

***(विस्तृत विवरण बेरूजु दफा ५०.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

(ख) पालिकाले अनुसूचिमा उल्लेखित योजनामा खानेपानी पाईपको कुल लम्बाई बरावर पाईप खर्च जनाउनु पर्नेमा वढी पाईपको खर्च देखाएको पाइयो । यसरी बढी पाईप खपत देखाएको कारण बढी भुक्तानी भएको रकममा उपभोक्ताको अंश कट्टी गरी हुन आउने रकम असुल हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,८२,८२६ |

***(विस्तृत विवरण बेरूजु दफा ५०.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

(ग) पालिकाले नापी किताबको गणना गर्दा अनुसूचिमा उल्लेख भए बमोजिम बास्तबिक हुने कार्य परिमाणभन्दा बढी परिमाणको भुक्तानी गरेको हुँदा बढी भुक्तानी भएको पाइयो । यसरी बढी भुक्तानी भएको रकम रू. ८,३३८।- असुल हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,३३८ |

***(विस्तृत विवरण बेरूजु दफा ५०.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

(घ)पालिकाले निम्नानुसारको अनुसूचीमा उल्लेखित योजनामा उपलब्ध गराएको ग्याबियन जालीको परिमाण भन्दा खपत भएको ढुङ्गाको परिमाण बढी देखाएको पाइयो । यसरी ढुङ्गाको बढी खपत देखाएको कारण बढी भुक्तानी भएको रकममा उपभोक्ताको अंश कट्टी गरी हुन आउने रकम असुल हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,९०,२८६ |

***(विस्तृत विवरण बेरूजु दफा ५०.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

५१. **कार्यपालिका तथा नगरसभा बैठक-** प्रदेश गाउँ तथा नगर सभाको सदस्यहरुको सुविधासम्बन्धी ऐन, २०७५ को अनुसूची (१) र अनुसूची (२) बमोजिम कार्यपालिका तथा सभाको बैठक भत्ता पाउने व्यवस्था छ भने कार्यपालिका र नगरसभा बैठकमा सभाका सदस्यबाहेक अन्य कर्मचारीहरुलाई भत्ता भुक्तानी गर्न मिल्ने कानुनी व्यवस्था छैन । पालिकाको गोश्वारा भौचरको नमुना परीक्षण गर्दा कार्यपालिका बैठक र नगरसभाको बैठकमा सदस्यबाहेक अनुसूचीमा

उल्लेख भएबमोजिमका अन्य कर्मचारीलाई समेत बैठक भत्ता भुक्तानी गरेको छ । ऐनको व्यवस्था विपरीत भुक्तानी भएको भत्ता रकम रू. ८३,३००.०० सम्बन्धित कर्मचारीहरुबाट असुल गर्नुपर्दछ ।

| असुल गर्नुपर्ने | ८३,३०० |
|---|---|

***(विस्तृत विवरण बेरूजु दफा ५१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

५२. **खोप तथा दुध परीक्षण भत्ता-** सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड, २०७८ को दफा ११ (१) मा प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरेबापतको भत्ता, जोखिम भत्ता, विशेष भत्ता, खाजा खानालगायतका कुनै प्रकारका भत्ता प्रदान नगरिने व्यवस्था छ साथै, पशुहरुलाई खोप लगाएबापत तथा दुध परीक्षण गरेबापत कर्मचारीहरुलाई भत्ता प्रदान गर्ने कानूनी व्यवस्था समेत छैन । पालिकाको खर्चको नमुना परीक्षण गर्दा कर्मचारीहरुले खोरेत, तथा पि.पि.आर. खोप लागएबापत आतेजाते खर्च, खाजा खाना खर्चलगायतका विभिन्न भत्ता समेत भुक्तानी गर्ने गरेको पाइयो । त्यस्तैगरी पालिकाले पशु कृतिम गर्भाधारणका लागि प्रदान गरिने भत्ता रकम समेत अस्वभाविक पालिकाले यस वर्ष उपरोक्त कार्यक्रममा पेस्कीमार्फत् विभिन्न कर्मचारीहरुलाई रू. ५९७४९५.०० भुक्तानी गरेको पाइयो । कानुनमा व्यवस्था नभएको खर्चमा भुक्तानी गर्दा पालिकालाई अतिरिक्त दायित्व बढ्न सक्ने तथा वित्तीय जोखिम समेत बढ्न जान सक्ने देखिन्छ । अतः यस्ता प्रकारका खर्चलाई पूर्णरुपमा नियन्त्रण गर्ने प्रतिवद्धतासहित कानुनविपरित भुक्तानी दिएको भत्तासहितको खर्च नियमित हुनुपर्दछ ।

| क्र.सं. | गो..भौ.नं. र मिति | पेश्कि/ भुक्तानी लिनेको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ५२२।०७९।११।०२ | बेनु कुमार बस्नेत | १२४५९५ |
| २ | ८१०।०८०।०१।०७ | समिर थामी | १८०००० |
| ३ | १२५८।०८०।०३।०१ | किशोर खतिवडा | १२७५०० |
| ४ | १२८१।०८०।०३।०४ | किशोर खतिवडा | ११५००० |
| ५ | १५७७।०८०।०३।२० | किशोर खतिवडा | ५०४०० |
| | | **जम्मा** | **५९७४९५** |

| अनियमित भएको | ५,९७,४९५ |
|---|---|

५३. **अग्रीम कर-** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ अनुसारको भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायको भुक्तानीमा नियमानुसार लाग्ने रु.६३१९७/÷ अग्रिम कर कट्टी नगरेको एवम् घटी कट्टी गरेकोले उक्त रकम असुल हुनुपर्दछ ।

| क्र.सं. | गो.भौ.नं.। मिति | भुक्तानी लिनेको नाम | करको प्रकार | करकट्टी गर्नु पर्ने | करकट्टी गरेको | घटी करकट्टी रकम |
|---|---|---|---|---|---|---|
| १ | ११५।०७९।०६।१२ | सुनिता भट्टराई | वाहाल कर | ५५५० | ११५४ | ४३९६ |
| २ | १८६।०७९।०७।०३ | भट्टराई एग्रो भेट सेन्टर | अग्रिम कर | १६५०० | ८२५० | ८२५० |
| ३ | ४२०।०७९।१०।०३ | पूर्वाञ्चल कृषि सेन्टर | अग्रिम कर | १४८५९ | ६००० | ८८५९ |

| क्र.सं. | गो.भौ.नं.। मिति | भुक्तानी लिनेको नाम | करको प्रकार | करकट्टी गर्नु पर्ने | करकट्टी गरेको | घटी करकट्टी रकम |
|---|---|---|---|---|---|---|
| ४ | ५६१।०७९।११।११ | युनिफाइड कम्यूनिकेशन | अग्रिम कर | ४०६७ | ४०६ | ३०६१ |
| ५ | ८२४।०८०।०१।१२ | जिल्ला लघु उद्यमी समुह संघ | पारिश्रमिक कर | ६७५० | ७२० | ६०३० |
| ६ | ९२१।०८०।०१।२८ | अर्जुनधारा नगर विकास बहुउद्धेश्यीय सहकारी संस्था लि | अग्रिम कर | ७५०० | ३७५० | ३७५० |
| ७ | ११८४।०८०।०२।३० | अर्गानिक कृषि फर्म | अग्रिम कर | ४६५८ | २२५० | २४०८ |
| ८ | १२१८।०८०।०२।३१ | मंगोल कृषि फर्म | अग्रिम कर | ४६८८ | ३००० | १६८८ |
| ९ | १३५१।०८०।०३।०८ | अर्जुनधारा नगरविकास बहुउद्धेश्यीय सहकारी संस्था लि | अग्रिम कर | १७१०० | ८५५० | ८५५० |
| १० | १४५६।०८०।०३।१४ | साना किसान कृषि सहकारी संस्था लि | अग्रिम कर | १९५०० | ९६७३ | ९८२७ |
| ११ | १४५८।०८०।०३।१४ | अर्जुनधारा नगरविकास बहुउद्धेश्यीय सहकारी संस्था लि | अग्रिम कर | ७५०० | ३७५० | ३७५० |
| १२ | १६२६।०८०।०३।२२ | अर्जुनधारा नगरविकास बहुउद्धेश्यीय सहकारी संस्था लि | अग्रिम कर | १०८७८ | ८२५० | २६२८ |
| | **जम्मा** | | | | | **६३१९७** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६३,१९७ |

५४. **प्रेस सल्लाहकार-** प्रदेश नम्बर १ को गाउँ तथा नगर सभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ मा नगरपालिकाको हकमा प्रमुख र उपप्रमुखले पालिकाको राजस्व र आन्तरिक आय एवम् कार्यालयको कार्यबोझ समेतलाई ध्यानमा राखी कार्यपालिकाको निर्णय बमोजिम एकजना कर्मचारीलाई निजी सचिवको रुपमा राख्न सक्ने व्यवस्था छ भने सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन । पालिकाले यस वर्ष प्रेश सल्लाहकार नियुक्त गरी मासिक रु २३००० का दरले चाडपर्व खर्च र पोशाक समेत रू. ३०९००० पारिश्रमिक भुक्तानी दिएको छ । यसरी दिएको खर्च नियमित हुनुपर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | ३,०९,००० |

५५. **भाडामा लिएको दिएको सम्पत्तिको अभिलेख किताब-** भाडामा प्रयोग भएका सामानहरुको आय व्ययको नियण्त्रण र अभिलेख राख्न मलेप फारम नं ४१६ को ढाँचामा अभिलेख किताब राख्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न प्रयोजनको लागि घर, सामान र गाडी भाडा बापत रु ६ लाख ४३ हजार खर्च गरेको छ । पालिकाले सम्पत्ति अभिलेख किताब नराखेकोले भाडामा भएको खर्च रकम नियण्त्रण भएको देखिएन । साथै कार्यालयले स्पष्ट प्रयोजन

खुलाएर भाडा सम्झौता गरी स्वीकृत मलेप फारम प्रयोग गरी भाडामा लिएको खर्चको नियण्त्रण तथा अभिलेख राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५६. **पानी, विजुली र टेलिफोनको महसुल भुक्तानी-** प्रदेश सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९को दफा २१ को उपदफा २ मा पानी, बिजुली र टेलिफोनको महसुल मिटर रिडिङ्ग पछि तोकिएको समयमा नै भुक्तानी गर्दा रिवेट (छुट) पाउने हकमा यस्तो भुक्तानी समयमा नै गरी जरिवाना नतिर्ने र नियमानुसारको छुट सुविधा लिने। त्यस्तै, उपदफा ३ मा पानी, विजुली र टेलिफोन मितव्ययी ढंगले प्रयोग नगरी विनियोजित वजेटभन्दा बढी खर्च भई बक्यौता रहेमा वा समयमा महसुल नतिरी जरिवाना तिर्नु परेमा कार्यालय प्रमुख र लेखा प्रमुख नै जिम्मेवार हुनेछ भन्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले पानी, विजुली र टेलिफोनको महसुल भुक्तानी गरेको भौचरको नमुना परीक्षण गर्दा रिवेट (छुट) नलिई यस वर्ष रू. ७३ हजार जरिवाना रकम समेत भुक्तानी गरेको देखिन्छ । अतः आगामी दिनमा कानुनबमोजिम महसुल भुक्तानी गर्दा जरिवाना रकम नतिर्ने, जरिवाना तिर्नुपरेमा सम्बन्धित कर्मचारीबाट असुल गराउने तथा महशुल भुक्तानीमा रिवेट (छुट) लिनेतर्फ ध्यान दिनुपर्दछ ।

| गो. भौ . नं . ।मिति | भुक्तानी पाउने | भुक्तानी रकम | जरिवाना रकम |
|---|---|---|---|
| ३३।०७९।०५।३१ | नेपाल विधुत प्राधिकरण | ३५२६९० | ६४०९१ |
| २२१।०७९।०७।२७ | नेपाल विधुत प्राधिकरण | ४८८८३ | ९७७६ |
| | | **जम्मा** | **७३८६७** |

सैद्धान्तिक बेरुजु

५७. **मर्मत खर्च-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिनरी औजार मर्मत गर्दा म.ले.प.फा.नं ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष चारपाङ्ग्रे सवारी साधन र दुईपाङ्ग्रे सवारी साधन लगायत सवारी साधन मर्मतमा रु.६४ लाख २२ हजार र मेशिनरी औजार तथा अन्य मर्मत सम्भारमा रु.२९ लाख १३ हजार खर्च गरेकोमा अधिकांश सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा लागत अनुमान तयार गर्ने गरेको पाइएन । आगामी दिनमा पालिकाले यस्तो खर्चमा मितव्ययीता अपनाउनुको साथै नियमावलीमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५८. **इन्धन खर्च-** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन,२०७५ मा सवारी साधनको इन्धन मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने सरकारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्नेजस्ता व्यवस्था गरेको छ । पालिकाले उल्लेखित व्यवस्थाको पालना नगरी इन्धन (कार्यालय प्रयोजन) शिर्षकबाट यस वर्ष चारपाङ्ग्रे सवारी साधन र मोटरसाइकल लगायत सवारी साधनले प्रयोग गरेको इन्धन खर्चमा रु.६७ लाख १५ हजार खर्च गरेको छ । पालिकाले इन्धन मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च

र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धनमा भएको खर्चको वास्तविकता यकिन गरी असुल फर्स्यौट गर्नुपर्दछ । अतः इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगबुक राखेर मात्र खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

५९. **अनुत्पादक खर्च-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डमा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने, बुँदा नं. १०२ मा स्थानीय तहले सार्वजनिक खर्चलाई थप मितव्ययी र नतिजामुखी बनाउन मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागु गर्नसक्ने व्यवस्था छ । पालिकाले मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागु गरेको छैन साथै वितरणमुखि कार्यक्रम राखी निम्न अनुसार खर्च गरेको छ। यस्तो अनुत्पादक, प्रतिफल बिहिन खर्चमा नियन्त्रण गरी मितव्ययितातर्फ ध्यानदिनुपर्ने देखिन्छ ।

| भौचर नम्बर, मिति | भुक्तानी पाउनेको नाम | खर्च विवरण | वजेट खर्च |
|---|---|---|---|
| ६०६।०७९।११।१७ | जेष्ठ नागरिक सामुदायिक मिलन समाज | जेष्ठ नागरिक सम्मान कार्यक्रम | १४८५०० |
| ६३८।०७९।१२।०१ | जेष्ठ नागरिक सामुदायिक मिलन समाज | जेष्ठ नागरिक सम्मान कार्यक्रम | ४९५०० |
| ७१३।०७९।१२।१२ | सुर्यमाला पन्दाक | जेष्ठ नागरिक महिलालाई सम्मान कार्यक्रम | १५०००० |
| ७८८।०८०।०१।०६ | पवित्रा शिवाको टी उप्रेती | जेष्ठ नागरिकको तिर्थयात्रा | २००००० |
| ७९१।०८०।०१।०६ | मुना सुवार निरौला | जेष्ठ नागरिकको तिर्थयात्रा | २००००० |
| ९८८।०८०।०२।०५ | पवित्रा देवि गौतम | जेष्ठ नागरिकहरुको अवलोकन भ्रमण | २००००० |
| १४८४।०८०।०३।१५ | पुजा कोइराला | जेष्ठ नागरीक सम्मान कार्यक्रम | ९९९०० |

सैद्धान्तिक बेरुजु

६०. **खाना तथा विविध खर्च-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको वजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ ।महालेखा नियन्त्रक कार्यालयद्वारा जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या,२०७४ मा खर्च संकेत नं २२७११ विविध खर्चको व्याख्यामा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, निमन्त्रण तथा भोजहरु सम्बन्धि खर्च कार्यालय सुरक्षा सम्बन्धि आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत र अतिथि, सत्कार खर्च र अन्य कुनै शीर्षकमा नभएका खर्चहरु समावेश हुने उल्लेख छ । कार्यालय सञ्चालनको लागि कर्मचारी तथा पदाधिकारीलाई खाना खर्च बापतको रकम भुक्तानी गर्न मिल्दैन ।पालिकाले यस वर्ष खाना, खाजा तथा विविधतर्फ रू. ५१ लाख २ हजार खर्च गरेको छ ।त्यस्तै सभा सञ्चालन कार्यमा रु १४ लाख ८ हजार खर्च गरेको छ ।उक्त व्याख्या र वर्गीकरण अनुसार खर्च पुष्टि हुने आधार प्रमाण संलग्न गरी मितव्ययी तवरले खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६१. **अन्य कार्यालयको खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम सरकारी खर्च गर्दा वजेटको सिमा भित्र रही तोकिएको प्रकृया पूरा गरी तोकिएको प्रयोजनामा मात्र खर्च गर्नुपर्दछ । स्थानीय निकायका लागि वित्तीय सामान्यीकरण अनुदान बापत केन्द्र सरकारबाट प्राप्त रकम छुट्टै वजेट बिनियोजन हुने सरकारी कार्यालयका लागि खर्च गर्न मिल्ने देखिदैन । पालिकाले विभिन्न सरकारी कार्यालयको पूर्वाधार निर्माण,मर्मत संभार, बस्तुगत अनुदान तथा अन्य चालु प्रकृतिका खर्चहरु बापत ठुलो परिमाणमा भुक्तानी दिने गरेको पाइयो । यसरी सार्वजनिक निर्माण,अनुदान, सहायता उपलब्ध गराउनु पर्ने अवस्था श्रृजना भएमा आफ्नो आन्तरिक श्रोतबाट प्राप्त रकमको उपभोग गर्नुपर्नेमा सो समेत गरेको पाइएन । यसरी हुने सार्वजनिक खर्चबाट काममा दोहोरोपना हुन सक्ने, वजेट तथा जिन्सी मालसामानको अनियमिता र हिनामिनासमेत हुन सक्ने भएकोले अनियमित देखिएको छ ।

| | |
|---|---|
| अनियमित भएको | १३,४४,९०० |

***(विस्तृत विवरण बेरूजु दफा ६१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

६२. **भ्रमण खर्च-**पालिकाले यस वर्ष दैनिक भ्रमण भत्तामा रु.१६ लाख ८६ हजार खर्च गरेको छ । कोशी प्रदेश गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन पालिकाकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।
- कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित कर्मचारीहरुलाई खर्च भुक्तानी गर्ने गरेको ।
- भ्रमण आदेशहरु दर्ता हुने गरेको देखिएन ।
- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकीकृत विवरण प्राप्त हुन नसकेको ।
- स्पष्ट प्रयोजन बेगर कर्मचारी पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६३. **कर्मचारीको अनुगमन भत्ता-** प्रदेश गाउँ तथा नगर सभाको सदस्यहरुको सुविधासम्बन्धी ऐन, २०७५ को दफा ३ अनुसूचि १ (ख) मा पदाधिकारीहरुले मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गरेपछि मासिक अनुगमन भत्ता पाउने व्यवस्था छ भने कर्मचारीहरुलाई अनुगमन भत्ता प्रदान गर्ने कानूनी व्यवस्था छैन । पालिकाले यस वर्ष विभिन्न योजनाको अनुगमन गरेबापत कर्मचारीहरुलाई अनुगमन भत्ता रू. ९ लाख ९६ हजार २०० भुक्तानी गरेको पाइयो । पालिकाको पदाधिकारीले अनुगमनबापत मासिकरुपमा सुविधा लिएको अवस्थामा अनुगमनबापत कर्मचारीहरुलाई समेत भत्ता भुक्तानी गर्ने कानुनी आधार नदेखिएकोले उक्त अनुगमन भत्ताबापतको रकम नियमित हुनुपर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | ९,९६,२०० |

६४. **अध्ययन अवलोकन भ्रमण-** गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधासम्बन्धी ऐन, २०७५ को अनुसूची १ (क) मा पालिकाको जनप्रतिनिधिहरुलाई भ्रमण भत्ता उपलब्ध गराउने र भ्रमण खर्च नियमावली, २०६४ मा कर्मचारीलाई नियमानुसार भ्रमण भत्ता उपलब्ध गराउने व्यवस्था छ । पालिकाले यस वर्ष जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अध्ययन अवलोकन भ्रमण गराई अनुसूचीमा उल्लेख भएबमोजिम रू. २ लाख ९७ हजार खर्च लेखेको छ । कानुनमा जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि अध्ययन अवलोकन भ्रमणको लागि छुट्टै व्यवस्था रहेको पाइएन । अध्ययन अवलोकनपछि पालिकाले सिकाईसम्बन्धी प्रतिवेदन तयार गरी पेश गरेको छैन । अतः यसरी हुने अध्ययन अवलोकन भ्रमणलाई उपलब्धिमूलक बनाउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

*(विस्तृत विवरण बेरूजु दफा ६४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

६५. **खर्च पुष्टयाईको प्रमाण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ ।पालिकाले देहायको रकम भुक्तानी गरेकोमा खर्च पुष्टयाइको प्रमाण पेश भएको देखिएन ।नियमावलीमा भएको व्यवस्था अनुसार रू. ५१०८६२ बराबरको प्रमाण कागजात पेश नभएकोले प्रमाण पेश हुनुपर्ने अन्यथा सम्बन्धितबाट असुल हुनुपर्दछ ।

| क्र.सं. | गो.भौ.नं।मिति | भुक्तानी लिनेको नाम | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ५११।०७९।१०।२६ | मोर्डन सिलाई मेसिन | ४० थान सिलाई मेसिन खरिद | ९५८८७ | ७ थान मेसिनको वितरण भरपाई पेश नभएको |
| २ | ११३६।०८०।०२।२४ | एशियन एग्रो सिड्स प्रालि | ८५२ प्याकेट तरकारी विउ खरिद | १६४९७५ | वितरण भरपाई पेश नभएको |
| ३ | १५९६।०८०।०३।२१ | रोशन कुमार सिलवाल | खर्च पुष्टिहुने प्रमाण पेश नभएको | १००००० | प्रमाण कागजात पेश हुनुपर्ने |
| ४ | १७३६।०८०।०३।२४ | तिवेन्द्र अधिकारी | तरकारीको विउ खरिद तथा वितरण | १५०००० | वितरण भरपाई पेश नभएको |
| **जम्मा** | | | | **५१०८६२** | |

| प्रमाण पेश नगरेको | ५,१०,८६२ |
|---|---|

६६. **सम्पत्तिको लेखांकन तथा प्रतिवेदन-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७८ मा कार्यालयले आफूले खरिद गरेको, निर्माण गरेको वा अन्य कुनै माध्यमबाट प्राप्त गरेको चल अचल मालसामान तथा सम्पत्ति मूल्य खुलाई खर्च भएर जाने प्रकृतिको सामान भए म. ले. प. फा. नं. ४०७ र खर्च भएर नजाने प्रकृतिको सामान, सम्पत्ति म. ले. प. फा. नं. ४०८ को ढाँचामा अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमको सीप विकास तालिम कार्यक्रम सञ्चालन गरेकोमा कार्यसम्पन्न प्रतिवेदनमा उल्लेखित तालिमबाट उत्पादित वस्तु तथा सामग्रीहरु दाखिला भएको पाइएन । तसर्थ, प्रतिवेदनमा उल्लेखित तालिमबाट उत्पादित वस्तु तथा सामग्रीहरु दाखिला भएको प्रमाण पेश हुनुपर्दछ।

| गोभौनं।मिति | कार्यक्रम | कच्चा सामग्रीको लागत | उत्पादित वस्तु |
|---|---|---|---|
| ७८६।०८०।०१।०५ | ढाका बुनाई एड्भान्स तालिम | ३७६००० | १९ पिस साडी, ३ पिस चोलो , ३ पिस सर्ट र १ पिस कुर्था |
| १३७०।०८०।०३।१० | सेनेटरी प्याड बनाउने तालिम | २५०००० | ३८० थान सेनेटरी प्याड |
| जम्मा | | ६२६००० | |

| प्रमाण पेश नगरेको | ६,२६,००० |
|---|---|

६७. **सहकारीलाई अनुदान-** प्रदेश सहकारी कार्यक्रम कार्यान्वयनसम्बन्धी निर्देशिका, २०७९ को दफा १ मा सहकारीको लागि बस्तुगत व्यवस्थापकीय सहयोग र दफा ४ मा गरिब तथा विपन्न वर्गको संलग्नतामा सञ्चालन हुने सहकारीलाई सहयोग कार्यक्रम सञ्चालन हुने उल्लेख छ । सहकारीले वस्तुगत व्यवस्थापकीय सहयोगमा कम्युटर प्राप्त भएपश्चात् COPOMIS मा विवरण अनिवार्य प्रविष्टी गर्नुपर्ने, सम्पत्तिलाई जिन्सी खातामा आम्दानी बाध्नुपर्ने, पुँजीगत अनुदानबापतको बिउ पूँजी सहकारी हिसाब नं. २० जगेडाकोषमा जम्मा गरी लेखा राख्नुपर्ने, ६ प्रतिशत व्याजदरमा प्रतिव्यक्ति रू. ५०,०००.०० सम्म ऋण लगानी गर्नुपर्ने र रकम परिचालनको अनुगमन स्थानीय तहबाट हुने व्यवस्था रहेको छ । पालिकाले देहायबमोजिमका सहकारीलाई व्यवस्थापकीय सहयोग र बिउ पूँजीबापत रू. ८ लाख निकासा गरेको छ । पालिकाले निर्देशिकाअनुसार बिउ पुँजी जगेडा कोषमा राखि ऋण परिचालनको अनुगमन गर्नुपर्दछ ।

| क्र.सं. | सहकारीको विवरण | रकम रु. |
|---|---|---|
| १ | अर्जुनधारा नगर विकास वहुउद्देश्यीय सहकारी संस्था लि., वडा नं . ८ | ५,००,००० |
| २ | खुदुनाबारी कृषि सहकारी संस्था, वडा नं . ३ | १,५०,००० |
| ३ | कुम्विटार बचत तथा ऋण सहकारी संस्था लि., वडा नं . ३ | १,५०,००० |
| जम्मा | | ८,००,००० |

| सैद्धान्तिक बेरुजु |
|---|

६८. **सहकारी नियमन-** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक चौमासिक वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) सहकारी संस्थाहरुको सुपरीवेक्षण निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिकाभित्र हालसम्म ४६ वटा सहकारी संस्थाहरु दर्ता भएका छन् । पालिकाभित्रका दर्ता भएका सहकारी संस्थाहरुमध्ये ३४ वटा सहकारीहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा सहकारीहरुको विवरण अद्यावधिक गरेका छन् भने बाँकी विवरण अद्यावधिक गरेका छैनन् । पालिकामा दर्ता भएका सबै सहकारीहरू प्रणाली आबद्ध भएतापनि सकृय अवस्थामा रहेका छैनन् । पालिकाबाट पेश भएको विवरणअनुसार पालिकामा दर्ता भएको सहकारीहरुमध्ये बचत तथा ऋण सहकारी संस्था १४, बहुउद्देश्यीय सहकारी संस्था ८ र अन्य संस्था २४ रहेका छन् भने ३२ वटा

सहकारीले मासिकरुपमा विवरण पेश गर्ने गरेको पाइयो । पालिकामा सहकारीहरुको बारेमा मौखिकरुपमा मात्र सिकायत प्राप्त भएको छ भने सहकारीबाट ऋण लिनेहरुले समेत नियमित किस्ता नबुझाएकोले समन्वय गरिदिन अनुरोध भई आएको देखिन्छ । पालिकाको सहकारी शाखामा सहायक पाचौं १ जना र सहायक चौथो २ जना गरी ३ जना कर्मचारी कार्यरत रहेको देखिन्छ । पालिकाले सहकारीसम्बन्धी १ वटा ऐन तर्जुमा भएको छ । पालिकाले यस वर्ष १० वटा सहकारीहरुको अनुगमन गरेको तर अनुगमनको प्रतिवेदन तयार गरेको देखिएन। पालिकाबाट दर्ता भएका सहकारीको नियमित अनुगमन निरीक्षण नहुदाँ पालिकाका सञ्चालित सहकारीको सञ्चालन अवस्थाबारे थप अध्ययन गर्न सकिएन । अतः शाखामा पर्याप्त मात्रा दक्ष जनशक्ति व्यवस्थापन गर्ने, नियमितरुपमा कानुनमा उल्लेख भएका विषयमा रही प्रभावकारी अनुगमन गर्ने, COPOMIS मा अनिवार्य दर्ता गर्ने र सहकारीको सगम्र पक्षमा सुधार गर्नेतर्फ ध्यान दिनुपर्दछ । पालिकामा यस वर्ष अनुगमन गरेको सहकारीहरूको विवरण अनुसूचीमा संलग्न राखिएको छ ।

सैद्धान्तिक बेरुजु

*(विस्तृत विवरण बेरूजु दफा ६८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

६९. **सार्वजनिक निर्माण व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन-**

**निर्माण कार्यको लगत-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले यस वर्ष सञ्चालन गरेको योजना निर्माण कार्यको लगत राखेतापनि विगत वर्षदेखि भएको कार्यको लगत अद्यावधिक गरेको देखिएन । यस पालिकाले गत विगत वर्षदेखि सञ्चालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यवस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

**कार्य सम्पन्न प्रतिवेदन-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको यकिन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था गरेको छ। त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ । तर नगरपालिकाले सो अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन ।

**गुणस्तर परीक्षण-** सार्वजनिक खरिद तथा निर्माण संझौता कार्यान्वियन गर्दा सामान आपूर्तिमा तथा निर्माणमा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाअन्तर्गत सञ्चालित विभिन्न ठेक्काहरुमा प्रयोग हुने निर्माण सामग्रीहरु रड, सिमेन्ट, गिट्टी, बालुवा, ढुङ्गा, जि.आई.वायर तथा क्युब समेतको गुणस्तर परीक्षण ठुला केहि ठेक्काहरुमा गरेको प्रमाण पेश भए पनि अधिकांश साना ठेक्काहरु र उपभोक्ता समितिहरुबाट भएका निर्माण कार्यको परीक्षण भएको पाइएन । जसबाट सार्वजनिक निर्माणमा प्रयोग भएका सामग्रीहरु तथा निर्माण कार्यको गुणस्तर सम्बन्धमा आस्वस्थ हुन सक्ने अवस्था छैन ।

सैद्धान्तिक बेरुजु

७०. **त्रुटी सच्याउने अवधि (DLP)-** ठेक्का सम्झौताअनुसारको काम भएपछि पालिकालाई पुँजीगत निर्माण कार्य हस्तान्तरण गर्ने र हस्तान्तरण गरेको मितिले १ वर्षसम्म DLP मा राखी त्यस अवधिमा बिग्रेको काम ठेकेदारमार्फत् नै सच्चाई कार्य सम्पन्न गर्ने व्यवस्था रहेको छ । पालिकाले DLP मा रहेका योजनाहरुको विवरण अद्यावधिक नगरेकोले

बिग्रेका कामको लागि निर्माण व्यवसायीलाई पूर्णरुपमा जिम्मेवार बनाउन सकेको पाइएन । यसबाट ठेकेदारले गर्नुपर्ने दायित्वभित्रको कामको लागि पनि पालिकाले भार व्यहोर्नुपर्ने अवस्था उत्पन्न हुन सक्ने भएकोले DLP मा रहेका योजनाको लगत अद्यावधिक गरी सम्झौताका शर्तहरुको पूर्ण पालना गर्नु गराउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७१. **लागत अनुमान-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा सिमेन्ट, फलामे डण्डी, इंटा, माटो, बालुवा, ककंट पाता, पोलिथिन पाईप, जि.आई.तारलगायतका निर्माण सामग्रीको दरभाऊ, मेशिन र उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ । पालिकाले अनुसूचीमा संलग्न योजनाको लागत अनुमान तयार गर्दा स्वीकृत नर्मसको प्रयोग नगरेको कारणबाट निम्न आईटमवाईज कार्यको लागत अनुमान बढेको पाइयो । जसबाट नगरपालिकालाई रू. १,१४,३६२।- बढी व्ययभार परेको पाइयो । उक्त रकममा उपभोक्ताको अंश कट्टी गर्दा हुन आउने रू. १,०२,८७३।- असुल हुनुपर्दछ ।

| असुल गर्नुपर्ने | १,०२,८७३ |
|---|---|

***(विस्तृत विवरण बेरूजु दफा ७१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

७२. **पूर्व निर्धारित क्षतिपूर्ति-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ (क) मा आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । पालिकाअन्तर्गत सञ्चालित अनुसूचीमा संलग्न ठेक्काहरुको काम ठेक्का सम्झौतामा तोकिएको म्यादभित्र सम्पन्न नभई ढिला भएको पाइयो । यसरी उल्लेखित म्यादभित्र कार्य सम्पन्न नभएको कारण ढिला भएको अवधिको प्रतिदिन ०.०५ प्रतिशतका दरले हुन आउने रकम रू. ८,५५,०८७।- अनुसूचिमा उल्लेख भए बमोजिमका निर्माण व्यवसायीबाट असुल हुनुपर्छ ।

| असुल गर्नुपर्ने | ८,५५,०८७ |
|---|---|

***(विस्तृत विवरण बेरूजु दफा ७२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

७३. **दररेट विश्लेषण-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स तथा जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ । पालिकाले अनुसुचिमा उल्लेखित योजनाको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स तथा पालिका दररेटको आधारमा तयार गरेको दर विश्लेषणमा उल्लेख भएको दररेटलाई प्रयोग नगरेको कारणबाट निम्न आईटमवाईज कार्यको लागत अनुमान बढेको पाइयो । जसबाट पालिकालाई रू. ३२,८८२।- बढी व्ययभार परेको पाइयो । उक्त रकममा उपभोक्ताको अंश कट्टी गर्दा हुन आउने रू. २९,२९४।- असुल हुनुपर्दछ ।

| असुल गर्नुपर्ने | २९,२९४ |
|---|---|

***(विस्तृत विवरण बेरूजु दफा ७३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

७४. **कार्यसम्पन्न प्रतिवेदन-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको यकिन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था गरेको छ। त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन

वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ। नगरपालिकाबाट खरिद गरिएका निम्नानुसारका ग्याबियन जालीहरु सम्बन्धित योजनामा प्रयोग गरेको देखिने नापी किताब, कार्यसम्पन्न प्रतिबेदन र वितरण गरेको भरपाई लेखापरीक्षणको क्रममा पेश भएन। नगरपालिकाबाट ग्याबियन जाली सम्बन्धित योजनमा प्रयोग भएको चेनेज समेत खुलाई नापी किताब र कार्य सम्पन्न प्रतिबेदन पेस हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,६६,६२५ |

*(विस्तृत विवरण बेरूजु दफा ७४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

७५. **नर्म्सको पालना-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माण सम्बन्धी कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी नर्मस भए त्यस्तो नर्मस बमोजिम र त्यस्तो नर्मस नभएको अवस्थामा आवश्यक नर्मस तयार गरी नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत गराई स्वीकृत नर्मस बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१ख) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले अनुसूचिमा उल्लेख भएका खानेपानी योजनाको पाईप लाईनको चौडाई बढीमा ०.४५ मिटर र गहिराई बढीमा ०.९० मिटर राख्नु पर्नेमा ट्रेन्चको चौडाई र गहिराई बढी राखी लागत अनुमान तयार गरेको कारण Excavation को परिमाण बढन गई बढी भुक्तानी भएको पाइयो । यसरी बढी परिमाण राखेको कारण बढी भुक्तानी भएको रकममा उपभोक्ताको अंश कट्टी गरी हुन आउने रकम असुल हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,९५,००७ |

*(विस्तृत विवरण बेरूजु दफा ७५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

७६. **प्रिमिक्स कार्पेट-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माण सम्बन्धी कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी नर्मस भए त्यस्तो नर्मस बमोजिम र त्यस्तो नर्मस नभएको अवस्थामा आवश्यक नर्मस तयार गरी नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत गराई स्वीकृत नर्मस बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । नगरपालिकाले अनुसूचिमा उल्लेखित योजनाहरुमा बास्तबिक भएको कार्य परिमाण भन्दाबढी परिमाणमा प्राईम कोड,ट्याक कोड, बेसकोर्स खर्च गरेको पाइयो । यसरी सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ (संशोधन समेत) तथा DOR NORMS FOR RATE ANALYSIS को क्र.सं.-१३.१० (Close Graded Premix Surfacing/Mixed Seal Surfacing Mechanical means using HMP of appropriate capacity , Providing and laying close-graded premix surfacing material of 20 mm thickness composed of 11.2 mm to 0.09 mm or 13.2 mm to 0.09 mm aggregates using bitumen as wearing course on a previously prepared base, including mixing in a suitable plant as per Drawing and Technical Specifications) अनुसार प्रिमिक्स कार्पेटिङ्गको मोटाई (Thickness) २० एम.एम राख्नु पर्नेमा ४० एम.एम. राखेको पाइयो । सडक बिभागको स्वीकृत नर्मस अनुसार Close Graded Premix को मोटाई २० एम.एम. राख्नु पर्ने भएपनि अधिकांश पालिका लगायत तथा अन्य कार्यालयहरुले ३० एम.एम. प्रयोग गर्ने प्रचलन रहेको पाईएको हुँदा ३० एम.एम. भन्दा बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,९४,२९८ |

*(विस्तृत विवरण बेरूजु दफा ७६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

७७. **पेस्की नकटाई मूल्य समायोजन-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११९ को उपनियम २(ख) अनुसार सम्पन्न भएको काममा लागेको श्रम, सामग्री र उपकरणको मात्र मूल्य समायोजन हुने गरी सूत्र निर्धारण गर्नुपर्ने र सोही अनुसार सम्झौतामा उल्लेख गरी सोही आधारमा मूल्य समायोजन भुक्तानी हुनुपर्ने व्यवस्था छ । यस नगरपालिकाले ठेक्का सम्झौता गर्दा मोबिलाइजेशन पेस्की नघटाई मूल्य समायोजन गर्ने व्यवस्था गरेको र सोही अनुसार भुक्तानी गर्ने गरेको पाइयो। निर्माण कार्यको सम्झौता भएपछि नियमानुसार निर्माण व्यवसायीलाई २० प्रतिशतसम्म मोबिलाइजेशन पेस्की दिने गरेको छ । नगरपालिकाले सञ्चालन गरेका देहायका खरिद सम्झौतामा मोबिलाइजेशन पेस्की नघटाई मुल्य समायोजन भुक्तानी दिएको पाइयो । पेस्की रकम शुरुमा नै उपलब्ध गराउने र नियममा निर्माण सामग्री र उपकरणको मुल्य मात्र मूल्य समायोजनमा समाबेश गर्नुपर्ने भएको हुँदा कुल निर्माण कार्यमध्ये पेस्की रकमले खामेसम्मको कार्यमा मुल्य समायोजन दिने गरी सम्झौता गर्नु उपयुक्त देखिएन । नगरपालिकाले नेपाल सरकारलाई यथासक्य कम व्ययभार पर्ने गरी खरिद सम्झौता गर्नेतर्फ ध्यान दिएको पाइएन।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७८. **सम्झौता बमोजिमको सामान प्राप्त नभएको-** नगर सभाहल निर्माण कार्यका लागि निर्माण व्यवसायी के.सी. कन्ष्ट्रक्सन, ताप्लेजुङ्गसँग सम्झौता गरी कार्य गराएको पाइयो । उक्त योजनाको सम्झौताअनुसार 65 " ULTRA HD 4K INTERACTIVE BOARD WITH WHEELER STAND ALL COMPLETE १ थान निर्माण व्यवसायीले उपलब्ध नगराएको अवस्थामा समेत कार्य स्वीकार प्रतिबेदन तयार गरी निर्माण व्यवसायीलाई उसको दायित्वबाट उन्मुक्ती दिएको पाइयो । उक्त सामानको लागत अनुमान रू. ३९५५००।- (मू.अ.कर सहित) रहेकोमा कबोल अंक रू. ६२१५०।- (मू.अ.कर सहित) रहेको छ। यसरी लागत अनुमानको तुलनामा घटी कबोल गरेको आईटमवाईज कार्यको काम नहुँदै ठेक्का फरफारक गर्नु नियमसम्मत दखिएन । पालिकाले उक्त निर्माण व्यवसायीबाट तोकिएको स्पेशिफिकेसन बमोजिमको सामान आपूर्ति गर्न लगाउनुपर्दछ, अन्यथा लागत अनुमानबमोजिमको रकम निजको धरौटी तथा कार्यसम्पादन जमानतबाट असुल गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,९५,५०० |

७९. **ब.उ.शि.नं.-३७०००११६४ तर्फ -**

**अग्रिम कर कट्टी नभएको-** आययकर ऐन, २०५८ को दफा ८९(१) अनुसार सेवा प्रदायकलाई ठेक्का बापतको रकम भुक्तानी गर्दा १.५ प्रतिशत कर कट्टी गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले निम्नानुसारको निर्माण व्यावसायीलाई सार्वजनिक निर्माण कार्यबापतको रकम भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्नेमा घटी कट्टी गरी भुक्तानी दिएको पाइयो । अग्रिम करबापतको नपुग रकम असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

| क. सं . | भुक्तानी पाउने फर्मको नाम | बापत | भुक्तानी रकम (मू. अ . कर बाहेक) | कट्टी हुनुपर्ने कर रकम | कटी भएको कर रकम | असुल हुनुपर्ने कर रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | कालिगण्डकी आदर्श जे. भी . , काठमाण्डौ | १५ शैया अस्पताल निर्माण | १९५८५९४५ | २९३७८९ | ९३७८९ | १९९९९९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९९,९९९ |

८०. **परामर्स तथा डीपीआर खर्च-** परामर्स तथा डीपीआर खर्चः वजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस कार्यालयले यो वर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । पालिकाले देहायबमोजिम कामका लागि परामर्श सेवामार्फत् खरिद गरी रू. ३७ लाख ६४ हजार ११५ भुक्तानी गरेको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार लिएको देखिएन । यसरी परामर्श सेवामार्फत् तयार भएका प्रतिवेदनको पूर्ण कार्यान्वयन भएको देखिएन । आगामी दिनमा डी.पी.आर. लगायतका परामर्श सेवा खरिद कार्य गर्दा कामको प्रकृतिअनुसार कार्यालयको आफ्नै प्राविधिक जनशक्तिबाट गर्न नसकिने अवस्थामा मात्र कारणसहित परामर्श सेवा खरिद कार्य गराउनुपर्दछ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम भ्याटसहित | खर्च रकम भ्याटसहित | अध्ययनबाट निर्धारण भएको लागत |
|---|---|---|---|---|
| फोहोरमैलाको दिगो व्यवस्थापनका लागि साझेदारी प्रस्तावना तयार | तारानाथ निरौला, विज्ञ | १,००,०००.०० | १,००,०००.०० | - |
| टाङटिङ नदीको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन र मूल्यांकन प्रतिवेदन तयार | इन्भारोमेन्ट सोलुसन कन्सल्टेसन सेन्टर | ४,९९,७१०.०० | ४,३९,३८०.०० | |
| विरिङ नदीको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन र मुल्यांकन प्रतिवेदन तयार | ईकोग्रिन कन्सल्टेन्सी प्रा.लि. | ४,९९,७१०.०० | ४,३९,४००.०० | |
| पालिकाको जग्गा अपडेट लगत तयार | मर्दी ईन्जिनियरिङ् कन्सलटेन्सी प्रा.लि. | १७,२९,५०५.६८ | १४,८६,०५१.७० | |
| **जम्मा** | | | **२३,६४,८३१.००** | |

सैद्धान्तिक बेरुजु

८१. **परामर्श सेवा खरिद-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्शदाताबाट काम गराउन तयार गर्नुपर्ने लागत अनुमानको आधारको बारेमा उल्लेख छ । सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नुपर्नेछ । लागत अनुमान तयार गर्ने आधारहरु निम्नानुसार रहेका छन्-

(क) सम्बन्धित मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स,
(ख) सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त,
(ग) सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत आदि ।

पालिकाले अर्जुनधारा नगरपालिकाको जग्गा अपडेटसम्बन्धी परामर्श सेवा खरिदको लागत अनुमान तयारी तथा सेवा खरिदको प्रकृया सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्-

(क)परामर्शसम्बन्धी कार्यको लागत अनुमान तयार गर्दा माथि उल्लेखित कुनै पनि आधार लिएको देखिएन । पालिकाले जग्गा वर्गीकरणसम्बन्धी परामर्श सेवाको रू. १७,२९,५०५.६८ को लागत अनुमान तयार गरेकोमा सोको आधार पेश भएको पाइएन । पालिकाले यस्तो प्रकृतिको कार्यको लागत अनुमान तयार गर्दा अन्य संङ्घीय र प्रादेशिक कार्यालयले प्रयोग गर्ने नर्म्स र असल अभ्यासको समेत आधार लिएर बनाउनुपर्नेमा नबनाएको कारण खरिद गरिने सेवाको लागत मितव्ययी एवम् प्रभावकारी भएको भन्ने अवस्था रहेन । पालिकाले उक्त कार्यक्रम रू. १४,८६,०५१.७० (मू.अ.कर समेत) मा कन्सल्टेन्सी फर्म मर्दी ईन्जिनियरिङ कन्सलटेन्सी प्रा.लि. बाट कार्य गराउने गरी सम्झौता गरेको पाइयो ।

(ख)उक्त ठेक्काको TOR मा परामर्शदाताले गर्नुपर्ने कार्यको विस्तृत विवरण तयार नगरेको, परामर्शदाताको Turnover को विवरण पेश नभएको, सोही प्रकृतिको कार्य गरेको अनुभव भएको प्रमाण संलग्न नरहेको अवस्थामा समेत प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव स्वीकृत भएको हुँदा ठेक्का प्रकृया नियमसम्मत देखिएन । यस सम्बन्धमा सम्बन्धित निकायले ध्यान दिएको पाइएन ।

(ग)सम्बन्धित कार्यमा पर्याप्त अनुभव नभएको फर्मले दिएको प्रतिवेदनले पालिकाले भविष्यमा कार्यान्वयन गर्ने जग्गा अपडेटसम्बन्धी कार्यको कार्यान्वयन यथार्थ नहुनका साथै पालिकाको अध्ययनको आवश्यकतालाई पूरा गर्न सक्दैन । लेखापरीक्षण अवधिमा परामर्शदाताबाट प्राप्त अन्तिम प्रतिवेदन पेश भएन भने पालिकाले प्रतिवेदन प्राप्त भएको प्रतिक्रिया दिएपनि उक्त प्रतिवेदन जिन्सीमा दाखिला गरेको पाइएन । अतः पालिकाले प्राप्त प्रतिवेदन जिन्सीमा दाखिला गरी भुक्तानी रू. १४,८६,०५१.७० (मू.अ.कर समेत) सम्बन्धमा सम्बन्धित निकायले खर्चको यथार्थता परीक्षण गरी नियमित गर्नुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | १४,८६,०५१ |

८२. **पि.एस. आइटम -** सार्वजनिक नियमावली, २०६४ को नियम २२ तथा अनूसूची ४ अनुसार काम गर्ने परिस्थिति पूर्वानुमान गर्न नसकिने प्रकृतिको निर्माण कार्य गराउनको लागि लागत सोधभर्ना सम्झौता गर्न सकिने व्यवस्था छ । पालिकाले अनुसुचिमा उल्लेखित ठेक्काको प्रभिजनल सममा राखिएको आईटमवाईज कार्यबापतको रकम भुक्तानी गर्दा निर्माण व्यवसायी वा सेवा प्रदायकबाट खर्चको बिल भरपाई पेश गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले ठेक्काको PROVISIONAL SUM मा राखिएका आईटमवाईज कार्यको बिल भरपाई पेश भएको अवस्थामा मात्र बिल बमोजिमको रकम भुक्तानी दिनुपर्दछ । नगरपालिकाले निम्न ठेक्काको प्रभिजनल सममा राखिएको आईटमवाईज कार्यबापतको रकम भुक्तानी गर्दा निर्माण व्यवसायी वा सेवा प्रदायकबाट खर्चको बिल भरपाई पेश गरेको पाइएन । यसरी बिल भरपाईबेगर भुक्तानी भएको रकम असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,००० |

***(विस्तृत विवरण बेरूजु दफा ८२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

८३. **ICE-LINED REFRIGERATOR-** नगरपालिकाले Ingection Oxytocin भण्डारणका लागि आवश्यक पर्ने ICE-LINED REFRIGERATOR (HBC-80) ८० लिटर साईजको Globle Medilab & Surgical Pvt.Ltd., Damak, Jhapa बाट रू. ३,५०,०००।- (मू.अ.कर सहित) मा खरिद गरेको पाइयो । सोही प्रकृति र एकै स्पेशिफिकेशन भएको HAIER CORPORATION कम्पनीले उत्पादन गरेको ICE-LINED REFRIGERATOR (HBC-80) लाई नजिकैका अन्य पालिकाहरु बाह्रदशी र गौरीगञ्जले करिब सोही मुल्यमा २ वटा खरिद गरेको पाईएको हुँदा खरिद मूल्यको आधिकारिकता सम्बन्धमा सुनिश्चित हुन सकिएन । अतः पालिकाले बढी मूल्यमा खरिद गरिएको सामग्रीको मूल्य दर र मेशिनको गुणस्तर सम्बन्धमा पालिकाबाटै यकिन गरी उक्त खर्च नियमित गर्नुपर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | ३,५०,००० |

८४. **नन्फाइलर-** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा मुल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले मूल्य अभिवृद्धि करको विवरण खुलाई भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । साथै, कार्यालयले विभिन्न फर्महरुबाट सार्वजनिक कार्य गराउँदा उक्त फर्महरुले आयकर चुक्ता प्रमाण पत्र प्राप्त गरे नगरेको साथै मू.अ.कर समायोजन गर्न बाँकी रहे नरहेको यकिन गरेर मात्र काम गराउनु पर्ने व्यवस्था रहेको छ । पालिकाबाट भुक्तानी गरिएका नमुना भौचरमध्ये निम्न फर्महरुको आन्तरिक राजस्व विभागको वेभ साईटमा सर्च गर्दा मूल्य अभिवृद्धि करमा NON-FILLER रहेको पाइयो । यसरी भुक्तानी पाउने फर्म लेखापरीक्षण अवधिसम्म पनि VAT Non-Filler रहेकोले उक्त फर्महरुले प्राप्त गरेको मू.अ.कर बापतको रकम रू. ४४,४५,११३.०० सम्बन्धित कर कार्यालयमा बुझाएको वा समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४४,४५,११३ |

*(विस्तृत विवरण बेरूजु दफा ८४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

८५. **सोझै खरिद-** सार्वजनिक खरिद ऐन २०६३, को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिश्पर्धा समित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्नु हुदैन भनी उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक नियमावलीले तोकेको सिमाभन्दा बढी रकमको वा एउटै ब्यक्ति फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन । त्यस्तै सोही नियमावलीको नियम ८४(१) अनुसार सार्वजनिक निकायले बीस लाखसम्म लागत अनुमान भएको सार्वजनिक खरिद वा मालसामान शिलबन्पदी दरभाउ पत्रको माध्यमबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले मालसामान खरिद कार्यको प्रकृतिअनुसार एउटै प्याकेज बनाई लागत अनुमानको सिमाअनुसार दरभाउ पत्रमार्फत् कार्य गराउनुपर्नेमा सो अनुसार गरेको पाइएन । पालिकाले गरेको खर्चको नमुना परीक्षण गर्दा अनुसूचीमा संग्लन विवरणअनुसार सार्वजनिक खरिद कार्य प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी रू. ७८ लाख ६६ हजारको सोझै खरिद कार्य गरेको हुँदा यस्तो खरिद कार्यमा नियन्त्रण तथा सुधार गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

*(विस्तृत विवरण बेरूजु दफा ८५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

८६. **ब.उ.शि.नं.-८०११२४०१५०१ तर्फ-**

**स्पेसिफिकेशनभन्दा फरक खरिद-** पालिकाले अनुसूचिमा उल्लेख भएका बिद्यालयहरुलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ICT व्यवस्थापनका लागि रू. १३०००००।- बजेट निकासा दिएको पाइयो । उक्त बजेटबाट सम्बन्धित बिद्यालयहरुले फरक आपुर्तिकर्ता फर्महरुबाट रू. १२,९९,५१३।- को उपकरणहरु खरिद गरेका छन। उक्त उपकरणहरु मध्ये निम्नानुसारका Educational PC DTS ED75 र Library/LMS Software with Padagogical Traing का लागि तोकिएको Specificaion अनुसार मालसामान प्राप्त हुनुपर्नेमा ब्राण्ड खुल्ने कागजात पेश भएन साथै ISO 9001 हुनुपर्ने भनी उल्लेख भएकोमा नेपालमा दर्ता भएका तोकिएको कम्पनीबाट प्रमाण पत्र जारी भएको नपाईएको हुँदा Specificaion अनुसारको मालसामान आएको यकिन गर्न सकिएन । यस सम्बन्धमा पालिकाबाटै मालसामानको परीक्षण गरी तोकिएको मापदण्ड अनुसारको सामान भए नभएको यकिन हुनुपर्दछ । सो

अनुसार भएको नपाईए मापदण्ड बिपरितको मालसामानका लागि भएको भुक्तानी रकम रू. ९,८२,३२२।- असुल हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,८२,३२२ |

***(विस्तृत विवरण बेरूजु दफा ८६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

८७. **कार्यालयको काम उपभोक्ता समितिमार्फत गराएको-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। पालिकाले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समितिमार्फत् गराइ देहायअनुसार रू. ९५,७१,०००।- खर्च गरेको छ । उपभोक्ता समितिमार्फत् कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्यरुपमा पालिकाले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समितिमार्फत् गराएको पाइयो । नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदायमार्फत् सरकारी भवनहरु निर्माण तथा मर्मत कार्य गराउनु अनियमित देखिएको छ ।

| क्र.सं. | ब. उ . शि . नं . | गो. भौ./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | खुद भएको काम | भुक्तानी रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | नगरपालिका पुँजीगत | ३२७।०८०।१।१३ | कार्यालय परिसर सौन्दर्यिकरण उपभोक्ता समिति | कार्यालय परिसर सौन्दर्यिकरण | ४६२३३६७ | ४१९९००० |
| २ | नगरपालिका पुँजीगत | ५९।०७९।८।२१ | वडा नं. १० कम्पाण्ड वाल निर्माण उपभोक्ता समिति | वडा नं. १० कम्पाण्ड वाल निर्माण | ११०११७८ | १०९०००० |
| ३ | नगरपालिका पुँजीगत | ४३।०८०।८।७ | वडा नं. ५ कार्यालय भवन निर्माण उ . स . | वडा कार्यालय भवन निर्माण | ६२४९२२१ | ३६८२००० |
| ४ | नगरपालिका पुँजीगत | १९।०७९।५।३० | बहिझोडा खोप केन्द्र निर्माण, वडा नं. ४ उ . स . | बहिझोडा खोप केन्द्र निर्माण, वडा नं. ४ | ७०३२४७ | ६००००० |
| **जम्मा** | | | | | **१२६७७०१३** | **९५७१०००** |

| | |
|---|---|
| अनियमित भएको | ९५,७१,००० |

८८. **लागत अनुमान-** सार्वजनिक खरिद नियमावली-२०६४ को नियम ९७ (४) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम (३) को खण्ड (ख) बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाको कार्यपालिकास्तरिय निर्णयअनुसार उपभोक्ता समितिबाट हुने सार्वजनिक निर्माण लगायतका कार्यमा १० प्रतिशत लागत सहभागिता सुनिश्चित हुनुपर्ने उल्लेख भएको पाइयो । नगरपालिकाले निम्न योजनामा उपभोक्ता

समितिलाई लागत सहभागीता कट्टी नगरी भुक्तानी दिएको पाइयो । उपभोक्ता समितिले ब्यहोर्नु पर्ने अंश नगरपालिकाले ब्यहोरेको पाइएको हुँदा सम्झौताअनुसार घटी असुल भएको लागत सहभागीताको अंश सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्दछ ।

| क्र.सं. | योजनाको नाम | कुल लागत अनुमान | सम्झौता रकम | दोश्रो बिलसम्मको मुल्याङ्कन | कार्य मूल्याङ्कन अनुसार उ.स.ले ब्यहोर्नु पर्ने रकम | उ.स.ले ब्यहोरेको रकम | उ.स.बाट असुल गर्नुपर्ने अंश |
|---|---|---|---|---|---|---|---|
| १ | वडा नं. ३ नदी नियन्त्रण खर्च टाईटिङ्ग सुखानी तटबन्धन उ . स . | ३३०४३३४ | ३३०४३३४ | २२५११७४ | २०४६५२ | ०।०० | २०४६५२ |
| जम्मा | | | | | | | २०४६५२ |

| असुल गर्नुपर्ने | २,०४,६५२ |
|---|---|

८९. **प्रधानमन्त्री रोजगार कार्यक्रम-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माण सम्बन्धी कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी नर्मस भए त्यस्तो नर्मस बमोजिम र त्यस्तो नर्मस नभएको अवस्थामा आवश्यक नर्मस तयार गरी नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत गराई स्वीकृत नर्मस बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा सिमेन्ट, फलामे डण्डी, इंटा, माटो, बालुवा, ऋकंट पाता, पोलिथिन पाईप, जि.आई.तार लगायतका निर्माण सामग्रीको दरभाऊ, मेशिन र उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनाहरुमा प्रयोग हुने सबै किसिमको श्रमिकहरुको स्वीकृत दर ५७७ प्रतिदिनमात्र राख्नुपर्नेमा दक्ष जनशक्तिको ९२० र अदक्षको ५७७ राखेको पाइयो । ढुङ्गा संकलन गरी १ घन मिटर ग्याबियनमा ढुङ्गा भर्ने कार्यको लागत अनुमान तयार गर्दा डोलिडारको नर्म्स अनुसार अदक्ष श्रमिकको संख्या ३.१ र दक्ष श्रमिक ०.५ कामदार राखिएको साथै ढुङ्गाको रोयल्टी र ढुवानीका लागि पालिकाको स्वीकृत दर रू. ८३९।२५ लाई आधार मान्दा ढुङ्गा संकलन, ढुवानी तथा भर्ने कार्य समेतका लागि प्रति घनमिटर रू. ३०००।३८ सम्म राख्नु पर्नेमा फरक दर राखेको पाइयो । पालिकाले उक्त कार्यको लागत अनुमान तयार गर्दा ढुँङ्गाको बढी दर राखेको साथै दक्ष श्रमिकोलागि पालिकाको प्रचलित दर ९२०/प्रतिदिन राखेको कारण प्रति घन मिटर रू. ३७६४।६३ का दरले भुक्तानी भएको पाइयो । पालिकाको अन्य योजनामा सोही कार्यका लागि रू. २१२०।१८ प्रति घनमिटर दर स्वीकृत गरेको छ । निम्न योजनाको लागत अनुमान तयार गर्दा स्वीकृत नर्मस तथा दररेटको प्रयोग नगरेको कारणबाट निम्न आईटमवाईज कार्यको लागत अनुमान बढेको पाइयो । जसबाट नगरपालिकालाई रू. ११,३५,५१३।- बढी ब्ययभार परेको पाइयो ।

| अनियमित भएको | ११,३५,५१३ |
|---|---|

***(विस्तृत विवरण बेरूजु दफा ८९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

९०. **कृषि अनुदान-** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअलको ७.१ अनुसार तोकिएको पकेट, ब्लक जोन र सुपर जोनमा सञ्चालन हुने कृषि कार्यक्रममा कृषि औजार तथा उपकरणहरुका लागि बढीमा ५० प्रतिशतसम्म कृषक तथा कृषक समुहलाई अनुदान उपलब्ध गराउँन सकिने व्यवस्था रहेको छ । स्थानीय निकायले

आफ्नो छुट्टै म्यानुअल नबनाएको अवस्थामा परियोजनाको म्यानुअल अनुसारनै कार्यक्रम सञ्चालन गर्नुपर्दछ । पालिकाले निम्न कृषक समुहलाई कृषि औजार तथा उपकरण खरिद बापत अनुदान बढीमा ५० प्रतिशतसम्म उपलब्ध गराउँनु पर्नेमा तोकिएको सिमाभन्दा बढी अनुदान उपलब्ध गराएको पाइयो । यसरी बढी उपलब्ध गराएको अनुदान बाको रकम सम्बन्धित कृषक समुहबाट असुल हुनुपर्दछ ।

| क्र.सं. | बापत | अनुदान पाउने कृषक समुह | लागत अनुमान | अनुदान भुक्तानी रु. | अनुदान भुक्तानी हुनुपर्ने रकम | बढी भुक्तानी भएको |
|---|---|---|---|---|---|---|
| १ | मिल्क चिलिङ्ग भ्याट, मिल्क एनालाईजर, मिल्क पम्प, जेनेरेटर खरिद | कटहर डाँडा प्रगति कृषक समुह, अर्जुनधारा-९, झापा | १०००००० | ७८०००० | ५००००० | २८०००० |
| जम्मा | | | | | | २८०००० |
| | | | | | असुल गर्नुपर्ने | २,८०,००० |

९१. **जिन्सी व्यवस्थापन-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई, कुनै बस्तुगत सहायत वा कुनै प्रकारले प्राप्त हुन आएको सम्पती तथा जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाई सम्पती तथा जिन्सी खातामा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गरी राख्नुपर्ने कानुनी व्यवस्था रहेको छ । नगरपालिकाले स्वास्थ्य शाखाका लागि खरिद गरिएको ICE-LINED REFRIGERATOR (HBC-80 नगरपालिकाको केन्द्रीय जिन्सीमा आम्दानी जनाउनुपर्नेमा स्वास्थ्य शाखाको जिन्सीमा दाखिला भएको पाइयो । वडा कार्यालय र स्वास्थ्य चौकीहरु Cost Centre को रुपमा नरहने हुँदा छुट्टै खर्च भएर नजाने जिन्सी खाता राख्न मिल्ने देखिदैन । यसरी नगरपालिका मातहतका इकाईहरुलाई स्थायी प्रकृतिका मालसामानहरु उपलब्ध गराउँदा छुट्टा छुट्टै सहायक जिन्सी खाता प्रयोगमा ल्याउनुपर्ने देखिन्छ । यसरी स्वास्थ्य शाखामा दाखिला भएको उक्त सामान नगरपालिकाको मुल जिन्सीमान आम्दानी जनाएको प्रमाण पेश हुनुपर्दछ ।

| क्र.सं. | गो. भौ,/मिति | खरिद भएको मालसामान | सप्लाईकर्ता फर्म | परिमाण | भुक्तानी रकम रु. |
|---|---|---|---|---|---|
| १ | ६९।०८०।२।१६ | ICE-LINED REFRIGERATOR (HBC-80 | Globle Medilab & Surgical Pvt.Ltd., Damak,Jhapa | १ | ३५०००० |
| | | | | प्रमाण पेश नगरेको | ३,५०,००० |

९२. **उद्योग वाणिज्य संघलाई अनुदान-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानिय पूर्वाधार विकास तथा दिर्घकालीन पुंजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थाहरुलाई अनुदान दिन तथा अन्य कार्यका लागि रकम खर्च गर्न मिल्दैन । नगरपालिकाले निम्न उद्योग वाणिज्य संघको भवन निर्माण, मर्मत संभार तथा रंग रोगन कार्यका लागि वजेट रकम खर्च गरेको पाइयो । यसरी नाफा कमाउने उद्देश्यले स्थापना

भएका वाणिज्य लगायतका संस्थाहरुलाई भुक्तानी दिनु नियमसम्मत देखिएन । यसरी भुक्तानी भएको रकम नियमित हुनुपर्दछ ।

| क्र.सं. | ब. उ . शि . नं . | गो. भौ . /मिति | संस्थाको नाम | खर्च/अनुदानको प्रकार | खर्च/अनुदान रकम |
|---|---|---|---|---|---|
| १ | ८०११२४०१००१ | ७५५।०८०।३।२४ | अर्जुनधारा उद्योग वाणिज्य संघ | उद्योग वाणिज्य संघ भवन निर्माण अनुदान | ८९४६०० |
| **जम्मा** | | | | | **८९४६००** |

| अनियमित भएको | ८,९४,६०० |
|---|---|

९३. **गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम-**

**सीप विकास तालिम-** गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा १७ अनुसार पालिकाले यस आ.व.मा ८२ जना नयाँ उद्यमी सृजना गर्न र ५० जना उद्यमीलाई स्तरोन्नति सम्बन्धी सीप विकास तालिम संञ्चालन गर्नको लागि (प्राविधिक सीप विकास तालिमको रु.११,७९,५६०।- र एड्भान्स सीप विकास तालिमको लागि रु.४,००,०००।-) रु.१५,७९,५६०।-वजेट व्यवस्थापन गरी सीप विकास तालिम सञ्चालन गर्न सूचनामार्फत प्रस्ताव माग गरिएकोमा स्तरोन्नतितर्फ सबैभन्दा कम रु.३,९८,५८२।- वजेट पेश गर्ने पिरामीड टेक्निकल ईन्स्टिटच्यूट प्रा.लि.(६०१०७८६९१) सँग मिति २०८०।२।१५ मा तालिम सम्पन्न गर्ने गरी सम्झौता भएको छ । त्यसै गरी नयाँ उद्यमी सृजना गर्ने तलिमको लागि पेश हुन आएका मध्ये सबैभन्दा कम रु.११,७३,३५८।- वजेट पेश गर्ने रौताहा टेक्निकल कलेज प्रा.लि. (६०५४८०३७९) सँग मिति २०८०।३।१५ मा तालिम सम्पन्न गर्ने गरी सम्झौता भएको देखिन्छ ।

निर्देशिकाको बुँदा नं.४८ मा भुक्तानीका लागि बिल पेश गर्दा कार्य सम्पन्न विवरण, मासिक प्रतिवेदन तथा कामको यथार्थ अवस्था झल्किने कागजातहरु समेत बुझाउनु पर्ने र पेश हुन आएका प्रतिवेदन तथा कागजानका आधारमा अनुगमन उपसमितिले आवश्यक जाँचवुझ गरी उक्त प्रगतिहरु जेसिएमआईएसमा प्रविष्टी भएको समेतको आधारमा भुक्तानीको लागि सिफारिस गरेपछि कार्यक्रम सम्पादन र परिणामको आधारमा कानुनबमोजिम रिटेन्सन मनी बापतको रकम कट्टा गरी बाँकी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ। तर प्रगतिहरु जेसिएमआईएसमा प्रविष्टी भए नभएको यकिन नगरी सम्झौता बमोजिम रु.१५,७१,९४०।- भुक्तानी दिएको देखियो । यस सम्बन्धमा पालिकाले यकिन गरी प्रगतिहरु जेसिएमआईएसमा प्रविष्टी भएको नभएको सम्बन्धमा सुनिश्चित हुनुपर्दछ । साथै तालिम प्राप्त गर्ने उद्यमीहरुलाई यस वर्ष थप ४७ थान सिलाई मेसिन खरिद गरी ७० प्रतिशत अनुदान रकम पालिकाबाट रु.४,४८,०२१।- भुक्तानी गरी वितरण गरेको पाइयो । यस वर्ष अनुसूचीमा उल्लिखित विषयमा तालिम सञ्चालन गरी १३० जना लाभान्वित भएको देखियो । सञ्चालित तालिमबाट लाभान्वित भएका उद्यमीहरुले आर्जन गरेका ज्ञान, सीप, अनुभव र प्रदान गरिएको प्रविधिको सही सदुपयोगको सम्बन्धमा पालिकाबाट कार्यक्रमको प्रभावकारीताको लेखाजोखा हुनुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

***(विस्तृत विवरण बेरूजु दफा ९३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

९४. **प्रधानमन्त्री रोजगार कार्यक्रम-** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस वर्ष पालिकालाई ७० जना श्रमिकलाई रोजगार सृजना गर्न नेपाल सरकारबाट रु.१८,७९,०००।- र विश्व बैङ्कबाट रु.२४,०७,०००।- गरी जम्मा रु.४२,८६,०००।- प्राप्त भएको छ । पालिकाबाट उपलब्ध तथ्याङ्क अनुसार यस वर्ष पालिका अन्तर्गत रहेका ११ वडाहरुमध्ये ४ वटा वडाहरुमा देहायका ८ योजना सञ्चालन गरी यस वर्ष ५३८ जना सूचीकृत बेरोजगार श्रमिकहरुमध्ये ६९ जनालाई औसत ४६ दिनले ३१९९ दिन रोजगारी उपलब्ध गराई रु.१८,४५,८२७।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाले श्रमिकको खातामा सिधै भुक्तानी गर्नुपर्नेमा रोजगार संयोजकको खातामा जम्मा गरी पुनः श्रमिकको खातामा जम्मा गर्ने गरेको पाइयो । आगामी दिनमा सुधार हुनुपर्दछ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

***(विस्तृत विवरण बेरूजु दफा ९४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

९५. **अग्रिम आयकर-** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ अनुसारको भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले खायन आलु उत्पादन कार्यक्रममा जागृति कृषक समूहलाई ५० प्रतिशत आलुबीउ खरिदमा अनुदान उपलब्ध गराएकोमा उक्त कृषक समूहले पेश गरेको हाम्रो कृषि फर्म विर्तामोडको बिजक नं.६७-०७९।१०।६ बिल रकम रु.५,९४,०००।- मा अग्रिम आयकर १.५ प्रतिशतले रु.८९१०।- कट्टा गर्नुपर्नेमा रु.४,४५५।-मात्र कट्टा भएकोले कम कट्टा भएको रकम रु.४,४५५।- असुल गरी संङ्घीय संचित कोष दाखिला हुनुपर्दछ ।

| असुल गर्नुपर्ने | ४,४५५ |
|---|---|

९६. **धानबाली पकेट विकास कार्यक्रम-**

९६.१ पालिकाले प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना कार्यान्वयन म्यानुअल, २०७७ बमोजिम यस वर्ष अर्जुनधारा नगर विकास बहुउद्देश्यीय सहकारी संस्था लि. (६१६४७१२१४) लाई धानबाली पकेट विकास कार्यक्रमको निरन्तरताको लागि रु.१२,००,०००।- लागत अनुमान बनाई पालिकाले रु.६,००,०००।- अनुदान उपलब्ध गराउने गरी मिति २०८०।१।१५ मा सम्झौता भएको छ । सम्झौताको बुँदा नं.४.९ बमोजिम रु.१२,००,०००।-को बिल भरपाई सहितको कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपश्चात पालिकाबाट रु.६,००,०००।- मा नबढ्ने गरी भुक्तानी दिने व्यवस्था उल्लेख छ । पालिकाले सम्झौता बमोजिम सहकारी संस्थाले कार्य सम्पन्न प्रतिवेदन पेश नगरेको अवस्थामा पनि रु.५,७०,०००।- भुक्तानी दिएको देखियो । यसो हुँदा पालिकाले सम्झौतामा उल्लिखित शर्तहरुको पालना गरेको देखिएन । आगामी दिनमा दुवैतर्फबाट सम्झौताको पूर्ण पालना गरी अनुदान भुक्तानी दिने लिने गरिनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

९६.२ पालिकाले अर्जुनधारा नगर विकास बहुउद्देश्यीय सहकारी संस्था लि.बाट पेश गरेको बिलभरपाई परीक्षण गर्दा सम्झौता बमोजिम बिल अनुसार रु.४,८९,४४०।— भुक्तानी दिनुपर्ने देखिएकोमा रु.५,७०,०००।—भुक्तानी दिएको देखियो। पालिकाले लागत अनुमान अनुसारको बिल भरपाई नभएको अवस्थामा पनि सम्झौता बमोजिमको रकम भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी भएको रकम रु.८०,५६०।-सम्बन्धमा यकिन गरी सम्बन्धितबाट असुल गरी

संङ्घीय संचित कोष दाखिला हुनुपर्दछ । सम्झौताबमोजिम भुक्तानीको लागि पेश हुनुपर्ने बिलभरपाई सम्बन्धी विवरण अनुसूचीमा संलग्न रहेको छ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८०,५६० |

*(विस्तृत विवरण बेरूजु दफा ९६.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

९७. **नयाँ मकै पकेट कार्यक्रम-**

९७.१ पालिकाले प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना कार्यान्वयन म्यानुअल, २०७७ बमोजिम यस वर्ष श्री शनिश्चरे साना किसान कृषि सहकारी संस्था लि. (६०२२०४१९२) लाई लागत अनुमान रु.२०,२४,०००।- मध्ये पालिकाबाट रु.१२,००,०००।- अनुदान उपलब्ध गराउने गरी मिति २०७९।८।१९ मा सम्झौता भएको छ । सम्झौताको बुँदा नं.४.९ बमोजिम रु.२०,२४,०००।-को बिल भरपाई सहितको कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपश्चात पालिकाबाट रु.१२,००,०००।- मा नबढ्ने गरी भुक्तानी दिने व्यवस्था उल्लेख छ । पालिकाले सम्झौता बमोजिम कृषि सहकारी संस्थाले कार्य सम्पन्न प्रतिवेदन पेश नगरेको अवस्थामा पनि रु.१०,८९,०००।- भुक्तानी दिएको देखियो । यसो हुँदा पालिकाले सम्झौतामा उल्लिखित शर्तहरुको पालना गरेको देखिएन । आगामी दिनमा दुवैतर्फबाट सम्झौताको पूर्ण पालना गरी अनुदान भुक्तानी दिने लिने गरिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९७.२ श्री शनिश्चरे साना किसान कृषि सहकारी संस्था लि.बाट पेश गरेको बिलभरपाई परीक्षण गर्दा सम्झौता बमोजिम बिल अनुसार रु.१०,७९,३५०।- भुक्तानी दिनुपर्ने देखिएकोमा पालिकाले रु.१०,८९,०००।- भुक्तानी दिएको देखियो । पालिकाले लागत अनुमान अनुसारको बिल भरपाई नभएको अवस्थामा पनि सम्झौता बमोजिमको रकम भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी भएको रकम रु.९,६५०।- सम्बन्धमा यकिन गरी सम्बन्धितबाट असुल गरी संङ्घीय संचित कोष दाखिला हुनुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,६५० |

*(विस्तृत विवरण बेरूजु दफा ९७.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

९८. **तलबी प्रतिवेदन-** निजामती सेवा ऐन, २०४९ स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई स्वास्थ्य र आयुर्वेदिकतर्फका ३४ जना कर्मचारीहरुको तलब भत्तामा रु.१,६४,६०,०४९।- खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९९. **खोपको अवस्था-** पालिकालाई आवश्यक पर्ने खोपको डोज स्वास्थ्य कार्यालय, झापाबाट प्राप्त हुने पालिकाले जनाएको छ । यस आ.व.मा पालिकालाई उपलब्ध भएको देहायबमोजिमको खोपको १६७३ डोज पूर्णरुपमा प्रयोग भएको पालिकाबाट प्राप्त तथ्याङ्कबाट देखिन्छ ।

| खोपको प्रकार | प्राप्त डोज | प्रयोग भएको डोज |
|---|---|---|
| B.C.G | ४५ | ४५ |
| Rota | ५३० | ५३० |
| O.P.V | ० | ० |
| F.I.P.V | ० | ० |
| pcv | १५१ | १५१ |
| DPT, Hep-B, Hib | ९६ | ९६ |
| M.R | ० | ० |
| J.E | ६७ | ६७ |
| TCV | ४० | ४० |
| TD | ३४ | ३४ |
| कोभीडको फाइजर खोप | ७१० | ७१० |
| **जम्मा** | **१६७३** | **१६७३** |

सैद्धान्तिक बेरुजु

१००. **न्यानो झोला कार्यक्रम-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि पालिकाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले आ.व. २०७८।७९ को बाँकी ३६४ वटा न्यानो झोला जिम्मेवारी सारेको र यस आर्थिक वर्षमा न्यानो झोला खरिद नगरेको पालिकाबाट उपलब्ध तथ्याङ्कबाट देखिन्छ । पालिका अन्तर्गत रहेका खुदुनावारी र शनिश्चरे अस्पतालमा प्रसूती भएका २४३ जना सुत्केरी आमाहरुलाई ३३१ वटा वितरण गरी पालिकामा ३३ वटा न्यानो झोला बाँकी रहेको देखिन्छ । पालिकाले २४३ जना सुत्केरी आमाहरुलाई ३३१ वटा वितरण गरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । बाँकी रहेको न्यानो झोला लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०१. **औषधि खरिद-** पालिकाले आधारभूत तथा आकास्मिक स्वास्थ्य सेवाको लागि संङ्घीय सशर्त चालु (८०११२५०३५०१) बजेट उप शीर्षकबाट रु.२०,१४,९१५।- (मु.अ.क. सहित) को औषधि खरिद गरेको पाइयो । यस सम्बन्धी देखिएका थप व्यहोराहरु देहायबमोजिम रहेका छन्-

- लागत अनुमान तयारीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(१) मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही

तयार गर्नुपर्ने र मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च, उद्योग वाणिज्य संघले जारी गरेको दररेट आदि विषयहरुलाई आधार मानी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो किसिमको प्रक्रिया अनुसरण नगरी तीन वटा सप्लायर्स/फर्मसँग बजार दररेट माग गर्ने र प्राप्त दररेटको औषत निकाली त्यसमा २० प्रतिशत कट्टा गरी बाँकी रहेको रकमलाई लागत अनुमानको आधार बनाएको देखियो । पालिकाले यस्तै प्रकृतिका सामान अन्य सार्वजनिक निकायले खरिद गरे नगरेको र आफैले पनि पहिले खरिद गरे नगरेको सम्बन्धमा लागत अनुमान सम्बन्धी निर्णयमा कुनै कुरा उल्लेख नगरेको र माग गरिएको बजारको दररेटमा पनि फरक फरक दररेट प्राप्त भएबाट लागत अनुमानको लागि लिएको आधार विश्वसनीय भएन । यसरी लागत अनुमान तयार गर्ने कार्यमा सुधार हुनुपर्दछ ।

- पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले आधारभूत तथा आकास्मिक स्वास्थ्य सेवाको लागि संङ्घीय सशर्त चालु ८०११२५०३५०१ वजेट उप शीर्षकबाट औषधि खरिद गर्न तीन वटा सप्लायर्सबाट दररेट माग गरी उक्त दरको औषतमा २० प्रतिशत कम गरी रु.२०,१४,९२८।- लागत अनुमान बनाएको पाइयो । पालिकाले औषधि खरिद गर्दा क्युरेक्स फर्मासिटिकल्स प्रा.लि.काभ्रेले राजधानी पत्रिकामा मिति २०७९।४।१९ गते प्रकाशित दररेट बमोजिम अख्तीयारी पाएका अमन फार्मेसी (६०३०७५००३) सँग सम्झौता गरी रु.२०,१४,९१५।- (मु.अ.क. सहित) को औषधि खरिद गरेको पाइयो । पालिकाले सम्झौता बमोजिम स्पेशिफिकेशन र WHO-GMP Certified Company अनुसारका औषधि आपूर्ति भए नभएको सम्बन्धमा प्राविधिकबाट परीक्षण गरेर मात्र भुक्तानी दिनुपर्नेमा गरेको पाइएन। यसबाट सम्झौता बमोजिमको औषधि तोकिएको गुणस्तरमा आपूर्ति भएको भनी विश्वस्त हुन सकिएन । आगामी दिनमा सुधार गरी पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिद र दाखिलालाई व्यवस्थित बनाउनुपर्दछ ।
- पालिकाले औषधि खरिद गर्दा आधिकारिक बिक्रेताले पत्रिकामा दररेट प्रकाशन गरेको आधारमा छुट लिइ खरिद गरेको भए पनि कतिपय पत्रिकामा दररेट उल्लेख नगरिएका औषधिहरु पनि खरिद गरेको देखियो । केही औषधि लागत अनुमान भन्दा बढी दररेटमा खरिद गरिनु, खरिद गरिएका औषधिको जम्मा मुल्य लागत अनुमानसँग बराबरी भएको देखिनुले औषधि खरिदमा प्रतिस्पर्धा भएको भनी विश्वस्त हुन सकिएन । यस सम्बन्धी एक उदाहरण अनुसूचीमा उल्लेख गरिएको छः

सैद्धान्तिक बेरुजु

***(विस्तृत विवरण बेरूजु दफा १०१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

१०२ **स्थलगत अवलोकन-** नमुना विद्यालयः शनिश्चरे मा.वि.लाई यस वर्ष नमुना विद्यालय भएबापत भौतिक र शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि रू. ५६,१३,३००।- निकासा दिएको देखियो । उक्त अनुदान रकम कार्यान्वयन पुस्तिकाअनुसार विद्यालयले भौतिक तथा शैक्षिक सुधारका लागि प्रस्तावित गुरु योजना तयार गरी सोही अनुसारको कार्य कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । विद्यालयले अनुदान रकमबाट देहायका कार्यहरु गरेको देखियो।

- शनिश्चरे मा.वि. लाई यस वर्ष नमुना विद्यालय भए बापत भौतिक र शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि रू. ५६,१३,३००।- निकासा दिएकोमध्ये रू. २६,८९,९४५।- को क्यान्टिन र वास्केटबल कोट निर्माणमा खर्च गरेको देखियो । लागत अनुमान र सम्पन्न प्रतिवेदनमा बिमाबापत एकमुष्ठ रु.१०,०००।- भुक्तानी दिएकोमा बिमा गरेको बिल संलग्न भएको नदेखिएकोले उक्त प्रमाण पेश हुनुपर्दछ अन्यथा असुल गरी संङ्घीय संचित कोष दाखिला हुनुपर्दछ ।

विद्यालयले बाँकी रकमबाट ४० थान कुर्सी, २६ थान स्टुल, ३२ थान प्लास्टिक कुर्सी, १५ थान डेस्कटप, ४ थान टीटी टेबल, ७५ इन्चको इन्टरएक्टिभ बोर्ड लगायतका सामग्री खरिद गरेको देखियो । विद्यालयको जिन्सी खाता परीक्षण गर्दा खरिद गरिएका सामग्रीको जिन्सी दाखिला भएको पाइयो । खरिद गरिएका सामग्रीमध्ये डेक्स्टप कम्युटर अवलोकन गर्दा कम्प्युटर कक्षमा १५ थान भन्दा बढी संख्यामा रहेको देखियो । बढी कम्युटर डेक्स्टप अघिल्लो आर्थिक वर्षमा खरिद गरिएको छलफलको क्रममा विद्यालयका प्रधानाध्यापकज्यूले जानकारी गराउनु भएको छ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,००० |

१०३. **सेनिटरी प्याड खरिद-** कार्यक्रम कार्यान्वयन पुस्तिकाको २.८.१० क्रियाकलाप नं. २.७.१३.२३ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राहरूका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्थाका लागि सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम गर्नुपर्ने र कार्यविधिमा विद्यालयले आफ्ना छात्राहरुको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरी प्याड स्थानीय तहमा माग गर्ने, पालिकाले शैक्षिक व्यवस्थापन प्रणालीको तथ्यांकसँग भिडाई विद्यालयलाई आवश्यक संख्यामा उपलब्ध गराउने, विद्यालयले प्राप्त सेनिटरी प्याडको अभिलेख राख्ने र पालिकाले विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गर्ने तथा विद्यालयले वितरण गरेको प्रतिवेदन तयार गरी पालिकामा पठाउने व्यवस्था छ ।

शैक्षिक व्यवस्थापन प्रणालीको तथ्याङ्कलाई आधारमानी पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुका लागि हेल्थ एण्ड हाइजिन प्रोडक्ट्स प्रा.लि.(६०६८४५९८८) मोरङ्गबाट २८,५२० प्याकेट सेनिटरी (अल्ट्रा ह्यापी गर्ल डिलक्स)प्याड प्रति प्याकेट रु.६७.४९।- (मु.अ.कर समेत) का दरले रु.१९,२५,०००।- को खरिद गरेको छ । खरिद गरिएका सेनिटरी प्याड गुणस्तर भए नभएको सम्बन्धमा पालिकाले परीक्षण नगरी भुक्तानी दिएको देखिन्छ । खरिद गरिएका सेनिटरी प्याड सेनिटरी प्याड व्यवस्थापन रणनीति, २०७६ बमोजिम विद्यालयमार्फत छात्राहरुलाई वर्षभरी वितरण गर्नुपर्ने प्रावधान बमोजिम पालिकाले २० वटा विद्यालयलाई बुझाएको देखिएको तर विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गरेको पाइएन तथा विद्यालयले वितरण गरेको प्रतिवेदन तयार गरी पालिकामा पठाएको पाइएन । यससम्बन्धमा पालिकाले अनुगमन गरी सेनेटरी प्याडको प्रभावकारी उपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ साथै विद्यालयबाट विद्यार्थीहरुलाई वितरण गरेको प्रतिवेदन पालिकामा पेश हुनुपर्ने देखिन्छ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,२४,८१६ |

***(विस्तृत विवरण बेरूजु दफा १०३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

१०४. **शिक्षातर्फ-**

१०४.१ **शिक्षक दरबन्दी र पदपूर्ति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत ४९ वटा

बाल विकास केन्द्र, १९ वटा आधारभूत विद्यालय र ९ वटा माध्यमिक विद्यालयहरु सञ्चालनमा रहेका छन । सञ्चालनमा रहेका २८ विद्यालयहरुमा शिक्षकको दरबन्दी र पदपूर्तिको अवस्था एवम् विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ ।

| तह | दरबन्दी संख्या | पदपूर्ति | | | | | विद्यार्थी संख्या | विद्यार्थी शिक्षक अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | करार | अनुदान | जम्मा | २०८० | |
| प्राथमिकशिक्षक | १८० | १६५ | ६ | ९ | ० | १८० | २८७४ | १६:१ |
| निम्नमाध्यमि शिक्षक | ४९ | २६ | १७ | २ | ४ | ४९ | १९३९ | ४०:१ |
| माध्यमिकशिक्षक | ५१ | २५ | ७ | १० | ७ | ४९ | १३७१ | २८:१ |
| उच्चमाध्यमिक शिक्षक | ० | ० | ० | ६ | ० | ६ | १०९९ | १८३:१ |
| प्राविधिकधार | ० | ० | ० | ९ | ० | ९ | | ०:९ |
| **जम्मा** | **२८०** | **२१६** | **३०** | **३६** | **११** | **२९३** | **७२८३** | **२५:१** |

पालिकाको कुल दरबन्दीमा ७७ प्रतिशत दरबन्दी स्थायीबाट पदपूर्ति भएको देखिन्छ । पालिकाले दरबन्दीमा स्थायी शिक्षक नियुक्तिको लागि ध्यान दिनुपर्ने देखिन्छ । पालिकाको विद्यार्थी शिक्षक अनुपात हेर्दा सबैभन्दा कम प्रा.वि.तहमा एक शिक्षकले १६ जना र सबैभन्दा बढी उ.मा.वि. तहमा एक शिक्षकले १८३ जना विद्यार्थीलाई अध्यापन गर्ने देखिन्छ । समग्रमा पलिकामा एक शिक्षकले २५ जना विद्यार्थीलाई अध्यापन गर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१०४.२ **शिक्षकको तलब भत्ता-** पालिकाले यस वर्ष माध्यमिक, निम्न माध्यमिक र प्राथमिक तहका २०३ जना शिक्षकहरुको तलबी प्रतिवेदन मिति २०८०।२।१९ मा राष्ट्रिय किताब खाना, काठमाडौबाट पारित गरेको छ । पालिकाले यस वर्ष माध्यमिक तहको शिक्षकको तलब भत्तामा रु.२,९७,७१,८१९।- र आधारभूत तहका शिक्षकको तलब भत्तामा रु.११,७४,४८,९२४।- खर्च लेखेको छ । त्यसै गरी बाल विकास सहजकर्ता, विद्यालय सहायक र विद्यालय कर्मचारीको तलब भत्तामा संङ्घीय शसर्त शीर्षकबाट रु.७९,६७,१९९।- र नगरपालिका चालुबाट रु.७५,०३,५००।- गरी जम्मा रु.१,५४,७०,६९९।-खर्च गरेको छ भने शिक्षण सहयोग अनुदान (विज्ञान, गणित, अंग्रेजी शिक्षक व्यवस्थापन) मा रु.३५,४९,९२४।- खर्च गरेको देखिन्छ । पालिकामा यस वर्ष अनिवार्य अवकाश पाएका, सरुवा भई आएका तथा गएका, नयाँ नियुक्ति पाएका, बढुवा भएका, स्वैच्छिक अवकास लिएका र करारमा नयाँ नियुक्ति गरेका लगायतका सम्पूर्ण शिक्षकहरुको विवरण माग गरेकोमा लेखापरीक्षणको समयमा उक्त विवरण उपलब्ध हुन सकेन । यसर्थ शिक्षकहरुको तलब भत्तामा भएको खर्च यथार्थ हो भनी विश्वस्त हुन सकिएन । यस सम्बन्धमा पालिकाबाट यकिन गरी खर्चको सुनिश्चितता हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०४.३ **शिक्षक, विद्यार्थी र विद्यालय-** पालिकामा सञ्चालन रहेका २८ वटा विद्यालयहरुमा शैक्षिक सत्र २०८० मा प्रारम्भिक बाल विकासदेखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थी ७२८३ जना रहेको देखिन्छ । पालिकामा १०० जनाभन्दा कम विद्यार्थी भएका विद्यालय ९ वटा रहेको देखिन्छ । विद्यार्थी संख्या कम भएका विद्यालयहरु सुविधाको दृष्टिकोणले सम्भव भएसम्म मर्ज गरी शिक्षकको दरबन्दी समेत मिलान गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । पालिकाले

उपलब्ध गराएको तथ्याङ्क अनुसार विद्यार्थी संख्याको आधारमा विद्यालयको संख्याको अवस्था देहाय बमोजिम रहेका छन्-

| क. सं . | विद्यार्थी संख्या | सार्वजनिक विद्यालय संख्या | |
|---|---|---|---|
| | | शैक्षिक सत्र २०७९ | शैक्षिक सत्र २०८० |
| १ | १०० जना भन्दा कम विद्यार्थी भएको | ४ | ९ |
| २ | १०१ देखि २०० जना | ९ | ८ |
| ३ | २०१ देखि ३०० जना | ३ | ५ |
| ४ | ३०१ देखि ४०० जना | १ | १ |
| ५ | ४०१ देखि ५०० जना | ४ | ० |
| ६ | ५०१ देखि ६०० जना | १ | ० |
| ७ | ६०० देखि माथी | ६ | ५ |
| जम्मा | | २८ | २८ |

सैद्धान्तिक बेरुजु

१०४.४ **विद्यालयको नियमन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)मा सर्वसामान्यतामा असर नपर्ने गरी पालिकाको काम कर्तब्य अधिकारको खण्ड(ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन सम्बन्धी कानुनी व्यवस्था रहेको छ । पालिकाले यस पालिका अन्तर्गतका समुदायिक विद्यालयले विद्यालय लेखा दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर राजस्व खातामा दाखिला गरे नगरेको, कट्टी गरेको नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला भए नभएको, विद्यालय लेखापरीक्षणबाट देखिएको बेरुजु फर्स्योट गरे नगरेको र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको पारिश्रमिक सुबिधा अनिबार्य रुपमा बैङ्क खातामार्फत भुक्तानी भए नभएको नियमन गरी प्रतिवेदन गरेको देखिएन ।

सैद्धान्तिक बेरुजु

१०४.५ **सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानव स्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । पालिकाले आ. व. २०७९।८० मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिवेदन कार्यालयसंग देखिएन । पालिकाले आफ्नो अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१०४.६ **पाठ्यपुस्तक-** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.४.६.१. मा सार्वजनिक विद्यालयमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था छ । यसरी अनुदान उपलब्ध गराउँदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने, यकिन भएका विद्यार्थी संख्याका लागि स्वीकृत दररेटका आधारमा हिसाव गरी अनुदान उपलब्ध गराउने, विद्यार्थीहरुले शैक्षिक सत्रको सुरुवात मै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य स्थानीय तहको हुने, जिल्ला तथा स्थानीय तहले पाठ्यपुस्तक समयमा उपलब्धता, अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई आवश्यक अनुगमनको व्यवस्था मिलाउने लगायतका व्यवस्था छ । पालिकाले यस आ.व.मा IEMIS मा प्रविष्ट तथ्याङ्क र विद्यालयमा अध्ययनरत विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन नगराई अनुदान दिएको छ तर विद्यालयहरुले समयमा नै पूरा सेटमा नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीहरुलाई वितरण गरे नगरेको सम्बन्धमा अनुगमन गरेको देखिएन । यसबाट विद्यालयलाई दिइने अन्य बुक कर्नर व्यवस्थापन, सिकाइ सामग्री व्यवस्थापन लगायतका शीर्षकमा हुने अनुदान निकासा यथार्थ हो भनी भिडान गर्न नसकिने हुँदा IEMIS मा प्रविष्ट तथ्याङ्क र विद्यालयमा अध्ययनरत विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई अनुदान दिनुपर्दछ र खर्चको सुनिश्चितताको लागि आवश्यक संयन्त्र बनाइ अनुगमन गरिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१०४.७ **पाठ्यपुस्तक वितरण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पाठ्यपुस्तक खरिद गर्नका लागि निकासा दिएको मध्ये देहायका विद्यालयहरुले विद्यार्थीहरुलाई वितरण गरेको बिल भरपाई नदेखिएकोले भरपाई पेश हुनुपर्ने देखिन्छ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,५७,४३६ |

१०४.८ **विद्यालयको सामाजिक तथा आर्थिक लेखापरीक्षण-** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयहरुको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गराउनको लागि आधारभुत तह सञ्चालित विद्यालयहरुलाई रु.१०,०००।- र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई रु.१५,०००।- अनुदान दिने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित २८ वटा सामुदायिक विद्यालयहरुलाई लेखापरीक्षण बापतको अनुदान रकम भुक्तानी दिएको देखिएकोमा २ वटा विद्यालयले लेखापरीक्षणको समयसम्ममा पनि सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गराएको प्रतिवेदन पेश भएको पाइएन। विद्यालयको आय व्ययको आन्तरिक लेखापरीक्षण समयमै गराई पालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्दछ । यस वर्ष सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गराउनको लागि अनुदान उपलब्ध गराएको मध्ये प्रतिवेदन पेश नगर्ने विद्यालयहरुबाट प्रतिवेदन पेश हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,००० |

१०४.९ **विद्यालय सुधार योजना निर्माण-** २३४-०८०।३।२० कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि आधारभूत तहका विद्यालयलाई प्रति विद्यालय रु.१५,०००।- र माध्यमिक विद्यालयहरुलाई रु.२०,०००।-का दरले एकमुष्ठ अनुदान दिने उल्लेख छ । यस्तो अनुदान विद्यालय सुधार योजना निर्माण गरेका तथा अद्यावधिक गरेका विद्यालयहरुलाई मात्र उपलब्ध गराउन सकिने व्यवस्था छ । पालिकाले पालिकाभित्रका २८ वटै विद्यालयलाई अनुदान रकम निकासा दिएको मध्ये १० वटा विद्यालयहरुबाट विद्यालय सुधार योजना निर्माण गरी पालिकामा पेश गरेको देखिएन । पुस्तिकामा उल्लेखित व्यवस्था बमोजिम विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गरी राजस्व दाखिला हुनुपर्दछ साथै पेश गर्ने विद्यालयले योजना अनुरुपको शैक्षिक सुधार कार्यक्रम गरे नगरेको सम्बन्धमा पालिकाबाट लेखाजोखा हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८०,००० |

**१०५ सामाजिक सुरक्षा भत्तातर्फ-**

१०५.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २२ उपदफा २ अनुसार अनुसूची-१० बमोजिमको ढाँचामा अर्जुनधारा नगरपालिका र एन.आई.सी एसिया बैङ्क, शनिश्चरे , हिमालयन बैङ्क, शनिश्चरे , एक्सल डेभलपमेण्ट बैङ्क, खुदुनाबारी , एक्सल डेभलपमेण्ट बैङ्क लि. शनिश्चरे र सांग्रिला डेभलपमेण्ट बैङ्क लि. शनिश्चरेबीच द्विपक्षीय सम्झौता भई पालिकाभित्र रहेका ११ वटै वडाहरुको सामजिक सुरक्षा भत्ता बैङ्कबाट उपलब्ध गराउदै आएको छ । यस आर्थिक वर्षमा पालिकालाई रु.३१,९७,३१,०००।- बिनियोजन भएकोमा कोष तथा लेखा नियन्त्रक कार्यालय, झापाबाट बैङ्कलाई रु.३१,७८,७९,८३१।- निकासा दिएको र बैङ्कबाट रु.३१,७६,४४,६४५।-वितरण गरी बाँकी रहेको रकम रु.५,४८,५८५।४३ विभिन्न मितिमा फिर्ता भई रु.३१,७३,३१,२७२।५७ को खर्च देखाई आर्थिक विवरण पेश भएको छ। पालिकाले भत्ता वितरण गर्न निकासा दिएको विवरण अनुसूचीमा उल्लेखित छन्

| |
|---|
| सैद्धान्तिक बेरुजु |

***(विस्तृत विवरण बेरूजु दफा १०५.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

१०५.२ पालिकाबाट यस वर्ष सामाजिक सुरक्षा भत्ता बैङ्कमार्फत रु.३१,७६,४४,६४५।-वितरण गरेको छ । उक्त भत्ता पाउने लाभग्राहीहरुको संख्यात्मक विवरण देहाय बमोजिम अनुसूचीमा उल्लेखित छन्

| |
|---|
| सैद्धान्तिक बेरुजु |

***(विस्तृत विवरण बेरूजु दफा १०५.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

**१०५.३ एम.आई.एस विवरण-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं. १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई. एस. लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ। पालिकाबाट प्राप्त एम.आई.एस. मूल अभिलेखको परीक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । एम.आई.एस. मूल अभिलेखको परीक्षण गर्दा तेस्रो त्रैमासिकमा ४९० जना र चौथो त्रैमासिकमा ५०२ जना लाभग्राहीको नागरिकता नं. एक अर्काबीच मिलान भएको, केही लाभग्राहीको नाम दोहोरो परेको, बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको समेत देखियो । एम.आई.एस. विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको

व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भई सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एम.आई.एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**१०५.४ अनुगमन-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने ब्यक्तिले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउँदै तोकिए बमोजिम भत्ता वितरण र लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

**१०६. बैङ्कलाई निकासा, बितरण र फिर्ताको विवरण-** पालिकाबाट यस वर्ष सामाजिक सुरक्षा भत्ता वितरणको लागि बैङ्कहरुलाई रु.३१,७८,७९,८३१।- निकासा दिएको र बैङ्कबाट रू. ३१,७६,४४,६४५।-वितरण गरेको देखिन्छ । बितरण गरी बाँकी रहेको रकम रू. २,३५,२१३।-सम्बन्धित बैकबाट फिर्ता भएको पालिकाबाट उपलब्ध तथ्याङ्कबाट देखिन्छ। बैङ्क अनुसार निकासा र वितरण र फिर्ता गरेको विवरण देहाय बमोजिम अनुसूचीमा उल्लेखित छन्

सैद्धान्तिक बेरुजु

***(विस्तृत विवरण बेरूजु दफा १०६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्षः** २०७९/८०

**कार्यालय र स्थान :** अर्जुनधारा नगरपालिका, झापा ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | श्री तिलोचन रिमाल | २०८०-४-२९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | बिपिन लम्साल | २०७८-७-२२ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेस्की |
|---|---|---|---|---|---|
| ६,३३०,९४२ | १६,६८४,७५९ | ६६,०५१,८९२ | ० | ० | १,६११,५५८ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजु रु.** | ९०,६७९,१५१ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजु रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजु रु.** | ९०,६७९,१५१ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | १७५३१२८१०.४८ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संङ्घीय सरकारबाट अनुदान | ५०४५५५६२०.१७ | चालु खर्च | ७९३४३६०१०.९६ |
| प्रदेश सरकारबाट अनुदान | ३४२८२६७९.०९ | पूँजीगत खर्च | ४२५९८५७३२.५ |
| राजस्व बाँडफाँट | १९१५२६७२६.६८ | वित्तीय/अन्य व्यवस्था | २८७४६२७७.५ |
| आन्तरिक आय | ५३४९८०५२.१९ | | |
| अन्य आय | ५२०६४६८११.५९ | | |
| कुल आय | १३०४५०९८८९.७२ | कुल खर्च | १२४८१६८०२०.९६ |
| बाँकी मौज्दात | | | २३१६५४६७९.२४ |

**बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| प्राप्ति भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | वजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ति (क+ख) | | १,०८,६८,४४,८१२.२८ | ९४,७३,०४,८०६.१५ | | ९४,७३,०४,८०६.१५ | ८४,२२,६२,३८६.४७ | | ८४,२२,६२,३८६.४७ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | १,०५,७७,१४,७१२.३९ | ८१,५४,८६,२६७.७० | ० | ८१,५४,८६,२६७.७० | ७४,८६,३९,१५३.५० | ० | ७४,८६,३९,१५३.५० |
| ११००० कर | ११ | २२,०९,६३,०३०.०० | १५,५३,६१,१६२.०५ | ० | १५,५३,६१,१६२.०५ | १९,७४,८७,६६८.२९ | ० | १९,७४,८७,६६८.२९ |
| १३००० अनुदान | | ६२,०४,७७,०२०.०० | ५७,०४,६१,४८८.८३ | ० | ५७,०४,६१,४८८.८३ | ५१,३६,१५,८१८.६३ | ० | ५१,३६,१५,८१८.६३ |

| प्राप्ति भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | वजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| संङ्घीय सरकार | १२ | ५४,४८,७९,०२०.०० | ५०,२६,५२,३२०.१७ | ० | ५०,२६,५२,३२०.१७ | ४७,५०,११,६६२.०८ | ० | ४७,५०,११,६६२.०८ |
| प्रदेश सरकार | १२ | ४,०५,९८,०००.०० | ३,४२,८२,६७९.०९ | ० | ३,४२,८२,६७९.०९ | ३,८६,०४,१५६.५५ | ० | ३,८६,०४,१५६.५५ |
| जनसहभागिता | | ३,५०,००,०००.०० | ३,३५,२६,४८९.५७ | ० | ३,३५,२६,४८९.५७ | ० | ० | ० |
| १४००० अन्य राजस्व | | ७,८४,५६,३७६.०० | ८,९६,६३,६१६.८२ | ० | ८,९६,६३,६१६.८२ | ३,७५,३५,६६६.५८ | ० | ३,७५,३५,६६६.५८ |
| ३२००० वित्तीय सम्पत्ति | | १३,७८,१८,२८६.३९ | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | २,९१,३०,०९९.८९ | १३,१८,१८,५३८.४५ | | १३,१८,१८,५३८.४५ | ९,३६,२३,२३२.९७ | | ९,३६,२३,२३२.९७ |
| वितरण गर्न बाकी राजस्व | | ० | ८,३७,६४,६४८.२८ | ० | ८,३७,६४,६४८.२८ | ६,०७,४२,७०१.०० | ० | ६,०७,४२,७०१.०० |
| कोषहरु | | २,९१,३०,०९९.८९ | ३,७६,६५,८५४.८९ | ० | ३,७६,६५,८५४.८९ | १,२६,४३,२७४.०० | ० | १,२६,४३,२७४.०० |
| धरौटी | | ० | १,०३,८८,०३५.२८ | ० | १,०३,८८,०३५.२८ | २,०२,३७,२५७.९७ | ० | २,०२,३७,२५७.९७ |
| संङ्घीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | १,०८,६८,४४,८१२.२८ | ८९,०९,६२,९३७.३९ | | ८९,०९,६२,९३७.३९ | ८०,५६,८२,२५४.७२ | | ८०,५६,८२,२५४.७२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | १,०५,७७,१४,७१२.३९ | ८६,५२,१६,६५९.८९ | | ८६,५२,१६,६५९.८९ | ७८,६२,२४,८२८.७२ | | ७८,६२,२४,८२८.७२ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १३,७०,९२,०००.०० | १०,५१,१७,९४७.५५ | ० | १०,५१,१७,९४७.५५ | ७,८५,७२,६३८.३९ | ० | ७,८५,७२,६३८.३९ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २०,८२,४७,३४६.३९ | १६,५४,३०,०९९.९१ | ० | १६,५४,३०,०९९.९१ | १३,२८,४८,५९८.३८ | ० | १३,२८,४८,५९८.३८ |
| २३००० स्थिर सम्पत्तिको उपभोग खर्च | १८ | ० | ० | ० | ० | १,७७,८२०.०० | ० | १,७७,८२०.०० |
| २५००० सहायता (Subsidy) | १८ | १७,००,०००.०० | १६,४२,३४५.०० | ० | १६,४२,३४५.०० | १०,२०,६५०.०० | ० | १०,२०,६५०.०० |
| २६००० अनुदान | १८ | १८,४५,९९,०००.०० | १८,२५,३१,८७९.९३ | ० | १८,२५,३१,८७९.९३ | १९,२१,४७,६२५.११ | ० | १९,२१,४७,६२५.११ |
| २७००० सामाजिक सुरक्षा | १८ | २,१८,८३,०००.०० | १,६६,७६,९९६.०० | ० | १,६६,७६,९९६.०० | १,९२,०१,०४२.५० | ० | १,९२,०१,०४२.५० |

| प्राप्ति भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | वजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| २८००० अन्य खर्च | १८ | १,३९,९५,११८.०० | ४७,०५,४७०.०० | ० | ४७,०५,४७०.०० | ३७,०८,२४२.०० | ० | ३७,०८,२४२.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पुँजीगत खर्च | १८ | ४८,७१,९८,२४८.०० | ३८,६१,११,९२१.५० | ० | ३८,६१,११,९२१.५० | ३५,४५,४८,२१२.३४ | ० | ३५,४५,४८,२१२.३४ |
| ३२००० वित्तीय सम्पत्ति | १८ | ३०,००,०००.०० | ३०,००,०००.०० | ० | ३०,००,०००.०० | ४०,००,०००.०० | ० | ४०,००,०००.०० |
| घ. अन्य भूक्तानी | | २,९१,३०,०९९.८९ | २,५७,४६,२७७.५० | | २,५७,४६,२७७.५० | ८०,५६,८२,२५४.७२ | | ८०,५६,८२,२५४.७२ |
| कोषहरु | | २,९१,३०,०९९.८९ | १,३१,७५,८९०.६२ | ० | १,३१,७५,८९०.६२ | १,००,६०,८४८.०० | ० | १,००,६०,८४८.०० |
| धरौटी | | ० | १,२५,७०,३८६.८८ | ० | १,२५,७०,३८६.८८ | ९३,९६,५७८.०० | ० | ९३,९६,५७८.०० |
| संङ्घीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | | ५,६३,४१,८६८.७६ | | ५,६३,४१,८६८.७६ | ३,६५,८०,१३१.७५ | | ३,६५,८०,१३१.७५ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १७,५३,१२,८१०.४८ | | १७,५३,१२,८१०.४८ | १९,३२,७५,९३२.२३ | | १९,३२,७५,९३२.२३ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | २३,१६,५४,६७९.२४ | | २३,१६,५४,६७९.२४ | २२,९८,५६,०६३.९८ | | २२,९८,५६,०६३.९८ |
| बैङ्क तथा नगद बाकी | २४ | | २०,६६,७२,१८९.२४ | | २०,६६,७२,१८९.२४ | २२,९८,५६,०६३.९८ | | २२,९८,५६,०६३.९८ |

## बेरूजु दफा २२ सँग सम्बन्धित विवरण - अनुसूची -४

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | वडा कार्यालय होडिङ्ग बोर्ड र पानीको मोटर राख्ने घर निर्माण वडा न ९ | ३६,०००.०० | ३५,६४०.०० |
| २ | होडिङ्ग वोर्ड व्यवस्थापन वडा न ५ | १००,०००.०० | ० |
| ३ | महिला लक्षित ढाका गत दायित्व | २८५,५००.०० | २८५,०००.०० |
| ४ | वडाको सामुदायिक विद्यालयमा विद्यार्थीहरुको क्षमता अभिवृद्धि कार्यक्रम वडा न ५ | ५०,०००.०० | ५०,०००.०० |

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| ५ | हात्ति पिडित क्षेत्रमा (साबिक वडा न ७ र ८) बत्ती जडान तथा साइरन खरिद वडा न ३ | १००,०००.०० | ० |
| ६ | सुसेली सांस्कृतिक समुह एक थान नरसिंगा र दमाहा वडा न १ | ० | ० |
| ७ | विपद् व्यवस्थापन वडा न ४ | २५०,०००.०० | १९८,०००.०० |
| ८ | वडा कार्यालय निर्माण वडा न. ५ | १,९००,०००.०० | १,८६६,०००.०० |
| ९ | कञ्चनवारी आधारभुत विद्यालय र नवज्योती आ.वि भवन निर्माण वडा न ५ | ४,६७०,०००.०० | ४,६६९,४५५.०३ |
| १० | महारानीगंज मावि र जुनुकीरी सार्वजनिक प्रा.वि. भवन निर्माण वडा न ११ | ३,६००,०००.०० | २,५२४,८९६.८० |
| ११ | नगरपालिकामा सभाहल निर्माण | ४,३९०,१२०.०० | २,५२२,१५६.८१ |
| १२ | दहि झोडा खोप केन्द्र भवन निर्माण वडा न ४ | १३२,०००.०० | १३०,६८०.०० |
| १३ | नमुना सामुदायिक वन कार्यालय भवन निर्माण वडा न ९ | २००,०००.०० | १९८,०००.०० |
| १४ | मालवाहक सवारी साधनका लागि खोलाधारबाट वैकल्पिक मार्ग थप वडा न १ | ३००,०००.०० | ० |
| १५ | सडक कालोपत्रे वडा न ९ | २,९८९,०१२.०० | २,९७६,३६०.०१ |
| १६ | स्ल्याव कल्भर्ट निर्माण २ वटा वडा न ३ | २,६२०,८३७.०० | २,६१८,८००.०० |
| १७ | शान्ति मार्ग र मिलडाडा सडक कालोपत्रे वडा न ११ | १,०४९,०००.०० | १,०४९,०००.०० |
| १८ | कालोपत्रे निर्माण र आर सि सि रिटेरिङ्ग सरचना वडा न ७ | ५,००३,८३०.०० | ३,५२९,३५२.२३ |
| १९ | सडक कालोपत्रे वडा न ११ | २,७३७,२५४.०० | २,७३७,०४३.०९ |
| २० | स्ल्याव कल्भर्ट र प्लम्ब निर्माण औद्यौगिक ग्राम वडा न २ | २,९७८,४५०.०० | २,८५०,७७३.५७ |
| २१ | उमानाथ पोखरेलकव घर उत्तर लेखनाथ पोखेलको घर पश्चिम बाटो स्तरोन्नति वडा न.९ | १००,०००.०० | ९९,०००.०० |
| २२ | लक्ष्मीपुर राजन गिरी मार्ग कालोपत्रे मर्मत वडा न ५ | १००,०००.०० | ० |
| २३ | वडा नं ८ को सिमानादेखि थारु गाउँ जाने बाटो प्लम्ब सहित ग्राभल वडा न ९ | १००,०००.०० | ९९,०००.०० |
| २४ | विभुती मार्ग कालोपत्रे वडा न ६ | ३,८६७,६६०.०० | ३,३७०,४३८.२७ |

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| २५ | धौराली चोक दक्षिण सेतीपानीसम्म कालोपत्रे वडा न १० | १,२५०,०००.०० | १,२४९,५००.०० |
| २६ | सुखानी खोला आर सि सि पुल गत दायित्व वडा न ८ | ७५०,०००.०० | ० |
| २७ | सडक कालोपत्रे वडा न ५ | २,२४७,०८५.०० | २,१७७,१७६.०० |
| २८ | विधुत विस्तार वडा न ३ | ५०,०००.०० | ४९,५००.०० |
| २९ | डम्पिङ साइटमा विजुली बत्ती जडान वडा न ४ | १००,०००.०० | ० |
| ३० | टाङटिङ खोलामा तटबन्धन वडा न ४ | १००,०००.०० | ९९,०००.०० |
| ३१ | भित्ते पैनी सिंचाई पाइप खरिद वडा न १ | ० | ० |
| ३२ | अन्धुवा खोला मूल पैनी मुहान मर्मत वडा न ९ | ० | ० |
| ३३ | बांध पैनी निर्माण वडा न ७ | १००,०००.०० | ९९,०००.०० |
| ३४ | गैरीगाउ मुहान मर्मत गत दायित्व वडा न ३ | २९७,०००.०० | २९७,०००.०० |
| ३५ | जुकेखाडी सामुदायिक वन साझेदारीमा २ थान इनार जडान वडा न ३ | १६०,०००.०० | १५८,४००.०० |
| ३६ | खानेपानी पाइप लाइन विस्तार वडा न ११ | २००,०००.०० | ० |
| ३७ | खानेपानी पाइप विस्तार वडा न ३ | १००,०००.०० | ९९,०००.०० |
| ३८ | कृष्ण आर्चायको खेतछेउमा इनार वोरिङ्ग वडा न ८ | ७५,०००.०० | ७४,२५०.०० |
| ३९ | गेट निर्माण महानन्न चोक वडा न ६ | ९१६,०००.०० | ८९९,०००.०० |
| ४० | कृषि बजार निर्माण वडा न ८ | १,२६९,४८०.०० | ० |
| ४१ | वडा न ८ सिमाना देखि थारु गाउँ जाने बाटो प्लम्ब सहित ग्राभल वडा न ९ | १००,०००.०० | ९९,०००.०० |
| ४२ | तीनपैनीमा प्लम्ब निर्माण वडा न ११ | २००,०००.०० | १९७,५२९.०० |
| ४३ | लिला वन र कुमालको घर छेउको प्लम्ब निर्माण वडा न ५ | ५०,०००.०० | ० |
| **जम्मा** | | **४५,५२४,२२८.००** | **३७,३०७,९५०.८१** |

**बेरूजु दफा ३० सँग सम्बन्धित विवरण - अनुसूची -५**

| अर्जुनधारा नगरपालिकाको सम्पत्ति विवरण | | | | | |
|---|---|---|---|---|---|
| सम्पत्ति | प्राप्त मिति | कित्ता नं/क्षेत्रफल | | खरिद/ प्राप्ति मूल्य | कैफियत |
| **घर जग्गा क्षेत्रफल र संख्या सहित** | | | | | |
| १ नं. वडा कार्यालय भवन | २०७५।१।२५ | ४८३० | ५०७.९ वर्ग मीटर | १०३००० | |
| सामुदायिक स्वास्थ्य केन्द्र वडा नं. १ | २०७७।३।१९ | ५१४२ | ६७७.२६ वर्ग मीटर | २००००० | |
| जग्गा वडा न १ | २०७५।१।२५ | ४८२४ | २७५.११ वर्ग मीटर | ९०००० | |
| जग्गा वडा न १ | २०७५।१।२५ | ४८२६ | ५०७.९ वर्ग मीटर | ८०००० | |
| २ नं वडा कार्यालय भवन | २०७५।२।१० | ४४६६ | १०१५.८९ वर्ग मीटर | ३००००० | |
| सामुदायिक स्वास्थ्य केन्द्र २ | २०७५।१।२५ | ४८२८ | ८१२.७ वर्ग मीटर | २८०००० | |
| जग्गा वडा न २ | २०७५।२।०९ | ४४७२ | १०१५.८९ वर्ग मीटर | ३००००० | |
| जग्गा वडा न २ | २०७६।३।३० | ५०१७ | ३३८.६३ वर्ग मीटर | १७५००० | |
| गाउंघर क्लिनिक वडा नं. २ | | | | | |
| ३ नं वडा कार्यालय भवन | २०६३।८।१० | १७५३ | ९२५३ वर्ग मीटर | ४१००००० | |
| साबिक खुदुनावारी गा.वि.स. भवन | २०६३।८।१० | २२१५ | ४७४ वर्ग मीटर | ३००००० | |
| व्यवसायिक सटर | २०६३।८।१० | १७५८ | २७५.१३ वर्ग मीटर | १८०००० | |
| सामुदायिक स्वास्थ्य केन्द्र ३ | २०६३।८।१० | २२१३ | २९.६३ वर्ग मीटर | १०००० | |
| जग्गा वडा न ३ | २०६३।८।१० | १७५५ | २५२२.७८ वर्ग मीटर | २५००००० | |
| जग्गा वडा न ३ | २०६३।१०।१० | ६९४ | ३३८६.२८ वर्ग मीटर | २०००००० | |
| जग्गा वडा न ३ | २०६३।१०।१० | १७३४ | ४३६८.३१ वर्ग मीटर | २५००००० | |
| जग्गा वडा न ३ | २०७८।४।८ | ४३१६ | २५३.९५ वर्ग मिटर | | |

| अर्जुनधारा नगरपालिकाको सम्पत्ति विवरण | | | | | |
|---|---|---|---|---|---|
| सम्पत्ति | प्राप्त मिति | कित्ता नं/क्षेत्रफल | | खरिद/ प्राप्ति मूल्य | कैफियत |
| जग्गा वडा न ३ | २०६३।८।१० | १७३२ | २५४० वर्ग मीटर | १५००००० | |
| जग्गा वडा न ४ | २०७८।१।८ | ५२७३ | ३३८.६३ वर्ग मीटर | ७५००० | |
| ४ नं वडा कार्यालय | | | | | |
| जग्गा वडा न ४ | २०७६।१।२३ | ३१३३ | १३५४.५२ बिघा | १२००००० | |
| ४ नं सामुदायिक स्वास्थ्य चौकी | | | | | |
| जग्गा वडा न ५ | २०७६।३।९ | ४४६८ | १६९३.१५ वर्ग मीटर | १०००००० | |
| ५ नं. वडा कार्यालय | | | | | |
| जग्गा वडा न ६ | २०७५।३।२० | १०५१८ | १०१५.८९ वर्ग मीटर | १५००००० | |
| ६ नं वडा कार्यालय | | | | | |
| ७ नं वडा कार्यालय | २०५४।११।२१ | १९६१ | १६९३.१४ वर्ग मीटर | १५००००० | |
| ७ नं सामुदायिक स्वास्थ्य केन्द्र | २०५४।११।२१ | १९६३ | ६७७.२५ वर्ग मीटर | ६००००० | |
| जग्गा वडा न ७ | २०५४।११।२१ | २२७४ | ३६४.०२५ वर्ग मीटर | ३२०००० | |
| जग्गा वडा न ७ | २०५४।११।२१ | ४९८ | ९१४.३ वर्ग मीटर | ७२५००० | |
| जग्गा वडा न ७ | २०५४।११।२१ | २२७१ | १३२९.११ वर्ग मीटर | ९८०००० | |
| जग्गा वडा न ७ | २०५४।११।२१ | २४० | ५०८ वर्ग मीटर | ४००००० | |
| जग्गा वडा न ७ | २०५४।११।२१ | ६७५ | २२०१.०८६ वर्ग मीटर | १९००००० | |
| जग्गा वडा न ७ आयुर्वेद शाखा भवन २ | २०३५।२३।२३ | ३७५ | ६७७.२६ वर्ग मीटर | १५००००० | |
| ८ नं वडा कार्यालय भवन | २०५६।६।१० | २५ | ६७७.२८ वर्ग मीटर | १५००००० | |
| कृषिमण्डि टहरा -८ | २०५६।६।१० | १८२ | ५०७.९६ वर्ग मीटर | ७००००० | |

| अर्जुनधारा नगरपालिकाको सम्पत्ति विवरण | | | | | |
|---|---|---|---|---|---|
| सम्पत्ति | प्राप्त मिति | कित्ता नं/क्षेत्रफल | | खरिद/ प्राप्ति मूल्य | कैफियत |
| जग्गा वडा न ८ | २०७६।१।३० | ९४५ | ३४५४ वर्ग मीटर | ३०००००० | |
| ९ नं वडा कार्यालय | २०७४।११।१६ | ९४१८ | ५०७.९३ वर्ग मीटर | ३००००० | |
| जग्गा वडा न ९ | २०७९।१।२५ | ९४४१ | ४२३.२८ वर्ग मीटर | २००००० | |
| १० नं. वडा कार्यालय | २०७७।९।६ | ४८६८ | १६९३.१५ वर्ग मीटर | ५००००० | |
| गाउंघर क्लिनिक वडा नं. १० | २०७६।३।१२ | १४६८ | १२६.९८ वर्ग मीटर | ३००००० | |
| सामुदायिक स्वास्थ्य केन्द्र १० | २०७७।१०।२२ | ३११९ | | | |
| ११ नं वडा कार्यालय | २०७५।११।२३ | ४५४२ | ६७७.२६ वर्ग मीटर | २००००० | |
| ११ नं सामुदायिक स्वास्थ्य केन्द्र | २०७४।६।१० | ४१६९ | ८४६.५६ वर्ग मिटर | | |
| जग्गा वडा न ११ | २०७४।६।११ | ४१६७ | ८४६.५६ वर्ग मिटर | | |
| निर्माणाधिन शनिश्चरे अस्पताल | २०७७।९।७ | ८९८४ | २७७२.६६ वर्ग मिटर | | |
| जग्गा वडा न ८ | २०६७।१०।१७ | २७ | | | |
| शनिश्चरे बजारस्थित व्यवासायिक सटर भवन | २०६७।१०।१७ | २८ | २१०३.७३ वर्ग मिटर | | |
| ८ नं सामुदायिक भवन | २०६७।१०।१७ | ७१ | ४०२.११ वर्ग मिटर | | |
| सार्वजनिक शौचालय ८ नं. | २०६७।१०।१७ | ५८ | ८४६.५६ वर्ग मिटर | | |
| जग्गा वडा न ८ | २०६७।१०।१७ | २० | ३३३५.४८ वर्ग मिटर | | |
| जग्गा वडा न ८ | २०६७।१०।१७ | २३ | ४३५.९८ वर्ग मिटर | | |
| जग्गा वडा न ८ | २०६७।१०।१७ | १७८ | १४०५.३१ वर्ग मिटर | | |
| जग्गा वडा न ८ | २०६७।१०।१७ | ११५१ | ८४६५.७५ वर्ग मीटर | १०००००० | |
| **उपकरण ( रु.१ लाखभन्दा बढी)** | | | | | |

| अर्जुनधारा नगरपालिकाको सम्पत्ति विवरण | | | | |
|---|---|---|---|---|
| सम्पत्ति | प्राप्त मिति | कित्ता नं/क्षेत्रफल | खरिद/ प्राप्ति मूल्य | कैफियत |
| व्याकहो लोडर | २०७४/०१/११ | १ | | मे.१.ग.४४ |
| ग्रेडर | ०२/०९/२०७५ | १ | १०६९५००० | मे.१.ग.५५ |
| ट्रिपर | ०४/२२/२०७६ | १ | ३८६५००० | मे.१.ग.७४ |
| मिनि ट्रक | ०२/२१/२०७२ | १ | | मे.१.ग.३४ |
| ट्याक्टर | ०४/२४/२०७६ | १ | २८७१३३० | |
| | १२/३०/२०७९ | १ | १७६९९१२ | |
| रोलर | ०१/२८/२०७५ | १ | ३४७०००० | मे.१.ग.५४ |
| पानी टैंकीं | २०७५/०२/३१ | १ | ३९७५००० | मे.१.ग.५६ |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | | १ ग्रेडर | | |
| | | ट्याक्टर ट्रली १ | | |

## बेरूजु दफा ३४ सँग सम्बन्धित विवरण - अनुसूची -६

| क्र.सं. | पेस्की लिएको मिति | गो. भौ. न. | पेस्कीको विवरण | पेस्की लिने व्यक्ती, फर्म वा कम्पनीको नाम | कर्मचारी भए पद | पेस्की रकम रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | म्याद नाघेको | म्याद ननाघेको | जम्मा |
| ठेकेदारः | | | | | | | | |
| १ | ०४/०१/२०७९ | १ | हलुवागढ पर्यापयटन प्रर्वद्धन परियोजना , अर्जुनधारा नगरपालिका , झापा | भगवती निर्माण सेवा | | ० | ३,४५०,०००.०० | ३,४५०,०००.०० |
| २ | ०५/२०/२०७९ | १ | पगला खोलामा कल्भर्ट निर्माण ५० प्रतिशत सहभागीता- वडा नं ३ | अर्जुनधारा कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | | ० | २२८,०००.०० | २२८,०००.०० |

| क्र.सं. | पेस्की लिएको मिति | गो. भौ. न. | पेस्कीको विवरण | पेस्की लिने व्यक्ती, फर्म वा कम्पनीको नाम | कर्मचारी भए पद | पेस्की रकम रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | म्याद नाघेको | म्याद ननाघेको | जम्मा |
| ३ | ०५/२०/२०७९ | १ | नगरस्तरीय समपूरक कोष | भगवति निर्माण सेवा | | ० | २,१९०,०००.०० | २,१९०,०००.०० |
| ४ | १०/१८/२०७९ | १८ | औद्योगिक ग्राम संरक्षण तथा तटबन्धन , अर्जुनधारा-२ | दिविशा कन्सट्रक्शन एण्ड इन्जिनियरिङ्ग प्रा. लि. | | ० | ५५०,०००.०० | ५५०,०००.०० |
| ५ | | | पन्ध्र शैयाको आधारभुत अस्पताल निर्माण | काली गण्डकी आदर्श जे. भि . , काठमाडौं | | ० | १५,२००,०००.०० | १५,२००,०००.०० |
| | | | | | जम्मा | ० | २१,६१८,०००.०० | २१,६१८,०००.०० |
| **संस्थागतः** | | | | | | | | |
| १ | ०५/२०/२०७९ | १ | शनिश्चरे बजार सार्न मुआव्जा | अर्जुनधारा न.पा.जाने बाटाे उपभाेक्ता समिति | | ३२७,०००.०० | ० | ३२७,०००.०० |
| २ | ०७/२९/२०७९ | ३७ | विद्युत संरचना निर्माण | नेपाल बिधुत प्राधिकरण | | १,१४१,५०३.०० | ० | १,१४१,५०३.०० |
| ३ | ०७/२९/२०७९ | ४१ | मर्मत सम्भार कोष जहां अभर त्यहा नगर | नेपाल बिधुत प्राधिकरण | | १४३,०५५.०० | ० | १४३,०५५.०० |
| | | | | | जम्मा | १,६११,५५८.०० | ० | १,६११,५५८.०० |
| | | | | | कुल जम्मा | १,६११,५५८.०० | २१,६१८,०००.०० | २३,२२९,५५८.०० |

## बेरूजु दफा ४३ सँग सम्बन्धित विवरण - अनुसूची -७

| क्र.सं. | सटरको विवरण | | सटर भाडा लिने | भाडा रकम रु. | | | गतवर्षको बाँकी | छुट रकम रु. | जरिवाना रकम रु. | उठ्नुपर्ने रु. | उठेको रकम रु. | हालसम्म असुल हुन बाँकी रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्थान | सटर नं. | | महिना | दर | जम्मा | | | | | | | |
| १ | शनिश्चरे बजार नयाँ भवन | १ | शंकर राजवंशी | १२ | ६५०० | ७८००० | ० | ३९०० | ० | ७४१०० | ७४१०० | ० | |
| २ | शनिश्चरे बजार नयाँ भवन | २ | शारदा भट्टराई | १२ | ५५०० | ६६००० | ० | ३३०० | ० | ६२७०० | ६२७०० | ० | |
| ३ | शनिश्चरे बजार नयाँ भवन | ३ | रुद्रमणी श्रेष्ठ | १२ | ५५०० | ६६००० | ० | ३३०० | ० | ६२७०० | ६२७०० | ० | |

| क.सं. | सटरको विवरण | | सटर भाडा लिने | भाडा रकम रु. | | | गतवर्षको बाँकी | छुट रकम रु. | जरिवाना रकम रु. | उठ्नुपर्ने रु. | उठेको रकम रु. | हालसम्म असुल हुन बाँकी रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्थान | सटर नं. | | महिना | दर | जम्मा | | | | | | | |
| ४ | शनिश्चरे बजार नयाँ भवन | ४ | रामकिशान पुर्वे | १२ | ५५०० | ६६००० | ३४३७५ | २७५ | १२९२५ | ११३०२५ | ७८६५० | ३४३७५ | |
| ५ | शनिश्चरे बजार नयाँ भवन | ५ | दिपक प्रसाद गुप्ता | १२ | ५५०० | ६६००० | ० | १९२५ | २४७५ | ६६५५० | ६६५५० | ० | |
| ६ | शनिश्चरे बजार नयाँ भवन | ६ | दुर्गा कार्की | १२ | ५५०० | ६६००० | ० | ३३०० | ० | ६२७०० | ६२७०० | ० | |
| ७ | शनिश्चरे बजार नयाँ भवन | ७ | जानुका सुवेदी | १२ | ५५०० | ६६००० | ४१२५० | ० | १९२५ | १०९१७५ | १०२३०० | ६८७५ | |
| ८ | शनिश्चरे बजार नयाँ भवन | ८ | गिता राजवंशी | १२ | ५५०० | ६६००० | ० | ३३०० | ० | ६२७०० | ६२७०० | ० | |
| ९ | शनिश्चरे बजार नयाँ भवन | ९ | दुखी राजवंशी | १२ | ५५०० | ६६००० | ० | २२०० | १९२५ | ६५७२५ | ६५७२५ | ० | |
| १० | शनिश्चरे बजार नयाँ भवन | १० | खिनामाया खतिवडा | १२ | ५५०० | ६६००० | ० | ३३०० | ० | ६२७०० | ६२७०० | ० | |
| ११ | शनिश्चरे बजार नयाँ भवन | ११ | आशिष मण्डल | १२ | ५५०० | ६६००० | ० | ३०२५ | ० | ६२९७५ | ६२९७५ | ० | |
| १२ | शनिश्चरे बजार नयाँ भवन | १२ | राम प्रसाद भट्टराई | १२ | ५५०० | ६६००० | ० | १३७५ | ३३०० | ६७९२५ | ५४१७५ | १३७५० | |
| १३ | शनिश्चरे बजार नयाँ भवन | १३ | देवकी यादव | १२ | ६००० | ७२००० | ० | २७०० | ३००० | ७२३०० | ५७३०० | १५००० | |
| १४ | शनिश्चरे बजार नयाँ भवन | १४ | अम्बिका मैनाली | १२ | ४५०० | ५४००० | ५०६२५ | ० | १६५०० | १२११२५ | ७३१२५ | ४८००० | |
| १५ | शनिश्चरे बजार नयाँ भवन | १५ | रिता राय | ७ | ४००० | २८००० | ० | २०० | ४००० | ३१८०० | ११८०० | २०००० | पुषदेखि लागेको |
| १६ | शनिश्चरे बजार नयाँ भवन | १६ | सिता खनाल | १२ | ४००० | ४८००० | ३५००० | ० | १२००० | ९५००० | ० | ९५००० | |
| १७ | शनिश्चरे बजार नयाँ भवन | १७ | सितादेवी पौडेल | १२ | ४००० | ४८००० | ० | २४०० | ० | ४५६०० | ४५६०० | ० | |
| १८ | शनिश्चरे बजार नयाँ भवन | १८ | बेद बहादुर ढकाल | ३ | ४००० | १२००० | १०००० | २०० | ४०० | २२२०० | २२२०० | ० | असोजसम्म |
| १९ | शनिश्चरे बजार नयाँ भवन | १८ | गणेश बहादुर मैनाली | ७ | ४००० | २८००० | ० | १४०० | ० | २६६०० | २६६०० | ० | पुषदेखि लागेको |
| २० | शनिश्चरे बजार नयाँ भवन | १९ | विनोद खाती | १२ | ४००० | ४८००० | ० | २०० | ४०० | ४८२०० | ४८२०० | ० | |
| २१ | शनिश्चरे बजार नयाँ भवन | २० | लक्ष्मी राई | १२ | ४००० | ४८००० | ० | २४०० | ० | ४५६०० | ४५६०० | ० | |

| क.सं. | सटरको विवरण | | सटर भाडा लिने | भाडा रकम रु. | | | गतवर्षको बाँकी | छुट रकम रु. | जरिवाना रकम रु. | उठ्नुपर्ने रु. | उठेको रकम रु. | हालसम्म असुल हुन बाँकी रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्थान | सटर नं. | | महिना | दर | जम्मा | | | | | | | |
| २२ | शनिश्चरे बजार नयाँ भवन | २१ | जोगेन्द्र शाह | १२ | ४००० | ४८००० | ० | २४०० | ० | ४५६०० | ४५६०० | ० | |
| २३ | शनिश्चरे बजार नयाँ भवन | २२ | अन्जना दे | १२ | ४५०० | ५४००० | ७६२५० | ० | १३५०० | १४३७५० | ० | १४३७५० | तीन वर्षदेखि बाँकी |
| २४ | शनिश्चरे बजार नयाँ भवन | २३ | मुनेश्वर शाह | १२ | ४५०० | ५४००० | ५६२५ | २२५ | ० | ५९४०० | ५९४०० | ० | |
| २५ | शनिश्चरे बजार नयाँ भवन | २४ | अमिल कुमार गुप्ता | १२ | ४५०० | ५४००० | ० | २७०० | ० | ५१३०० | ५१३०० | ० | |
| २६ | शनिश्चरे बजार नयाँ भवन | २५ | लता दुलाल | १२ | ४५०० | ५४००० | ० | २४७५ | ० | ५१५२५ | ५१५२५ | ० | |
| २७ | शनिश्चरे बजार नयाँ भवन | २६ | अर्जुन दुलाल | १२ | ६५०० | ७८००० | ६२४०० | ३२५ | ० | १४००७५ | १४००७५ | ० | |
| २८ | शनिश्चरे बजार नयाँ भवन | २७ | टंक आचार्य | १२ | ४५०० | ५४००० | ० | २४७५ | ० | ५१५२५ | ५१५२५ | ० | |
| २९ | शनिश्चरे बजार नयाँ भवन | २८ | निर्मला मोक्तान | १२ | २००० | २४००० | २०००० | ० | ५७०० | ४९७०० | ३४७०० | १५००० | |
| ३० | शनिश्चरे सामुदायिक भवन | १ र २ | सन्तोष श्रेष्ठ | १२ | ८००० | ९६००० | १४७४१७ | ० | २४००० | २६७४१७ | | २६७४१७ | |
| ३१ | शनिश्चरे सामुदायिक भवन | ३ | केशव कुमारी मगर | १२ | ४००० | ४८००० | ५००० | ० | १२००० | ६५००० | | ६५००० | |
| ३२ | शनिश्चरे सामुदायिक भवन | ४ | आशमाया लिम्बु | १२ | ४००० | ४८००० | ० | ० | १२००० | ६०००० | २०००० | ४०००० | |
| ३३ | शनिश्चरे सामुदायिक भवन | ५ | सुस्मा राई | ० | ३५०० | ० | | ० | ० | ० | | ० | २०७८ मंसीरदेखि बन्द |
| ३४ | शनिश्चरे सामुदायिक भवन | ६ | जयनारायण गुप्ता | १२ | ३५०० | ४२००० | २६२५० | ० | १०५०० | ७८७५० | | ७८७५० | |
| ३५ | शनिश्चरे सामुदायिक भवन | ७ | मोहमद कहिम | १२ | २५०० | ३०००० | | १३७५ | ० | २८६२५ | २८६२५ | ० | |
| ३६ | शनिश्चरे सामुदायिक भवन | ८ | सपद दे | १२ | २००० | २४००० | २४१६७ | ० | ६००० | ५४१६७ | १९१६७ | ३५००० | |
| ३७ | शनिश्चरे सामुदायिक भवन | ९, १० , ११ | सोमनाथ काफ्ले | १२ | १२००० | १४४००० | ० | ० | ३४२०० | १७८२०० | १४८२०० | ३०००० | |
| ३८ | शनिश्चरे सामुदायिक भवन | १२ | गणेश भट्टराई | १२ | ३५०० | ४२००० | २६२५० | ० | १०५०० | ७८७५० | २६२५० | ५२५०० | |

| क.सं. | सटरको विवरण | | सटर भाडा लिने | भाडा रकम रु. | | | गतवर्षको बाँकी | छुट रकम रु. | जरिवाना रकम रु. | उठ्नुपर्ने रु. | उठेको रकम रु. | हालसम्म असुल हुन बाँकी रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्थान | सटर नं. | | महिना | दर | जम्मा | | | | | | | |
| ३९ | शनिश्चरे सामुदायिक भवन | १३ | मनमाया घिमिरे | १२ | ३००० | ३६००० | १८७५० | ० | ४०५० | ५८८०० | ५५०५० | ३७५० | |
| ४० | शनिश्चरे सामुदायिक भवन | १४ | मनोज कुमार गुप्ता | १२ | ४००० | ४८००० | ० | २००० | १००० | ४७००० | ४२००० | ५००० | |
| ४१ | वडा नं. ३ कार्यालय परिसर | १ | रिता लम्साल | १२ | ३००० | ३६००० | ० | ० | १५०० | ३७५०० | ३०००० | ७५०० | मासिक रु.२५०० को दरले लिएको |
| ४२ | वडा नं. ३ कार्यालय परिसर | २ | महम्मद सर्फे आलम | १२ | ३००० | ३६००० | ० | ० | १५०० | ३७५०० | ३०००० | ७५०० | मासिक रु.२५०० को दरले लिएको |
| ४३ | वडा नं. ३ कार्यालय परिसर | ३ | शेर बहादुर मगर | १२ | ३००० | ३६००० | ० | ० | १५०० | ३७५०० | ३०००० | ७५०० | मासिक रु.२५०० को दरले लिएको |
| ४४ | वडा नं. ३ कार्यालय परिसर | ४ | राज कुमार शाह | १२ | ३००० | ३६००० | ० | ० | १५०० | ३७५०० | ३०००० | ७५०० | मासिक रु.२५०० को दरले लिएको |
| ४५ | वडा नं. ३ कार्यालय परिसर | ५ | कमला काफ्ले | १२ | ३००० | ३६००० | ० | ० | १५०० | ३७५०० | ३०००० | ७५०० | मासिक रु.२५०० को दरले लिएको |
| ४६ | वडा नं. ३ कार्यालय परिसर | ६ | रन्जना गुरुङ | १२ | ३००० | ३६००० | ० | ० | १५०० | ३७५०० | ३०००० | ७५०० | मासिक रु.२५०० को दरले लिएको |
| ४७ | वडा नं. ३ कार्यालय परिसर | ७ | लक्ष्मी देवी राई | १२ | ३००० | ३६००० | ० | ० | १५०० | ३७५०० | ३०००० | ७५०० | मासिक रु.२५०० को दरले लिएको |
| ४८ | वडा नं. ३ कार्यालय परिसर | ८ | राम कुमारी राई | १२ | ३००० | ३६००० | ० | ० | १५०० | ३७५०० | ३०००० | ७५०० | मासिक रु.२५०० को दरले लिएको |
| ४९ | वडा नं. ३ कार्यालय परिसर | ९ | अशोक शाह | १२ | ३००० | ३६००० | ० | ० | १५०० | ३७५०० | ३०००० | ७५०० | मासिक रु.२५०० को दरले लिएको |
| ५० | वडा नं. ३ कार्यालय परिसर | १० | | ० | ३००० | ० | ० | ० | ० | ० | | ० | भाडामा नलागेको |

| क.सं. | सटरको विवरण | | सटर भाडा लिने | भाडा रकम रु. | | | गतवर्षको बाँकी | छुट रकम रु. | जरिवाना रकम रु. | उठ्नुपर्ने रु. | उठेको रकम रु. | हालसम्म असुल हुन बाँकी रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्थान | सटर नं. | | महिना | दर | जम्मा | | | | | | | |
| ५१ | वडा नं. ३ कार्यालय परिसर | ११ | | ० | ३००० | ० | ० | ० | ० | ० | | ० | भाडामा नलागेको |
| ५२ | वडा नं. ८ नयाँ कृषि बजार | १ | | ० | १५०० | ० | ० | ० | ० | ० | | ० | भाडामा नलागेको |
| ५३ | वडा नं. ८ नयाँ कृषि बजार | २ | | ० | १५०० | ० | ० | ० | ० | ० | | ० | भाडामा नलागेको |
| ५४ | वडा नं. ८ नयाँ कृषि बजार | ३ | | ० | १५०० | ० | ० | ० | ० | ० | | ० | भाडामा नलागेको |
| ५५ | वडा नं. ८ नयाँ कृषि बजार | ४ | | ० | १५०० | ० | ० | ० | ० | ० | | ० | भाडामा नलागेको |
| ५६ | वडा नं. ८ नयाँ कृषि बजार | ५ | | ० | १५०० | ० | ० | ० | ० | ० | | ० | भाडामा नलागेको |
| ५७ | वडा नं. ८ नयाँ कृषि बजार | ६ | | ० | १५०० | ० | ० | ० | ० | ० | | ० | भाडामा नलागेको |
| ५८ | वडा नं. ८ नयाँ कृषि बजार | ७ | | ० | १५०० | ० | ० | ० | ० | ० | | ० | भाडामा नलागेको |
| ५९ | वडा नं. ८ नयाँ कृषि बजार | ८ | | ० | १५०० | ० | ० | ० | ० | ० | | ० | भाडामा नलागेको |
| जम्मा | | | | | | २४९२००० | ५८३३५९ | ५२६७५ | २०५८०० | ३२२८४८४ | २१९१८१७ | १०३६६६७ | |

## बेरूजु दफा ४५ सँग सम्बन्धित विवरण - अनुसूची -८

| क.सं. | ठेक्का विवरण | फर्म | संकलन गरिने क्षेत्र | उत्खनन्योग्य परिमाण (घ. मि .) | कैफियत |
|---|---|---|---|---|---|
| १ | ठुलो नेते नदी | | पुतली चोक पश्चिम | ४५०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | एन. आर . एन . कंकृट उद्योग प्रा . लि , दमक , झापा | खैरनी/ लटेखर्क - सालबन्दी बाटो तल्लो क्षेत्र | ४५०० | |
| २ | टाङटिङ्ग नदी | | टाङटिङ्ग- गोयाङ दोभारमाथि टाङटिङ्गतर्फ | ४००० | |
| | | | टाङटिङ्ग- गोयाङ दोभान तल | १२७५० | |
| | | | भिमले/ चौरासे | १२००० | |
| | | | सानोनेते- टाङटिङ्ग दोभान तल | २०००० | |
| | | | ठूलोनेते- टाङटिङ्ग दोभान तल | २०००० | |
| | | | टाङटिङ्ग पुल ५०० मि. तल | १२००० | |
| | | | कैदले आर्यघाट पूर्व उत्तर | २०००० | |
| | | | भाँडबारी | २०००० | |
| | | | देवानचोक पश्चिम/ झुलुङ्गे पुल उत्तर | १६००० | |
| | | | दहिझोडा/ सुकम्वासी बस्ती | २०००० | |
| ३ | बिरिङ्ग नदी | | जयपुर पुल ५०० मि. दक्षिण | १७१०० | |
| | | | गढी पुल ५०० मि. उत्तर | १३८०० | |
| | | | गढी पुल ५०० मि. दक्षिण | ६००० | |
| | | | रमाइलो बस्ती/ पाराखोपी उत्तर | ९००० | |
| | | | कैलाश घाट/ डि . एस . सि . उत्तर | ५६२५ | |
| | | | पानी कल | ९००० | |
| **जम्मा** | | | | **२२६२७५** | |

## बेरूजु दफा ४६ सँग सम्बन्धित विवरण - अनुसूची -९

| क्र.सं. | उपकरणको नाम | आम्दानी रु. | निःशुल्क प्रयोग भएको | कैफियत |
|---|---|---|---|---|
| १ | ग्रेडर | ८००० | ० | हाल चालु नरहेको |
| २ | रोलर | ८५७४०० | ० | |
| ३ | पानी टेङ्कर | ३८१००० | ३०. ५ दिन | नगर प्रमुखको आदेश |
| ४ | व्याक हो लोडर | १३०२१० | ६६८ घण्टा | नगर प्रमुखको आदेश |
| ५ | ट्रिपर हाइवा | ३१०००० | ७३. ५ दिन | नगर प्रमुखको आदेश |
| ६ | ट्रिपर मिनी | ० | ० | फोहोरमैला व्यवस्थापन |
| ७ | ट्रयाक्टर (२ वटा) | ० | ० | फोहोरमैला व्यवस्थापन |

## बेरूजु दफा ५०.१ सँग सम्बन्धित विवरण - अनुसूची -१०

| क्र.सं. | गो. भौ . /मिति | निर्माण व्यवसायी/ उपभोक्ता समितिको नाम | आईटमवाईज कार्यको नाम | Sill Band र Lintel Band | | भुक्तानी भएको कार्य परिमाण (घ.मी.) | Sill Band र Lintel Band कटाउँदा भुक्तानी हुनुपर्ने कार्य परिमाण (घ.मी.) | नघटाईएको कार्य परिमाण (घ.मी.) | बि.ओ.क्यू.को भुक्तानी दर (मू.अ.कर सहित) | बढी भुक्तानी भएको रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रयोग भएको निर्माणस्थल | कार्य परिमाण (घ.मी.) | | | | | |
| १ | ७५१।०८०।३।२४ | के. सी . कन्स्ट्रक्सन, मिक्वाखोला-१, ताप्लेजुङ्ग | Tarai Chimney Brick Works 1:4 | सभाहल निर्माण | २.६४३ | ४९.९१ | ४७.२७१ | २.६४३ | १०७३५ | २८३७३ |
| २ | ७५०।०८०।३।२४ | बिज्ञान कन्स्ट्रक्सन | Tarai Chimney Brick Works 1:4 | माहारानीगञ्ज मा. बि . तथा जुनकिरी प्रा .. वि . भवन निर्माण | २.०८ | ९३.७ | ९१.६२ | २.०८ | ११८६५ | २४६७९ |

| क्र.सं. | गो. भौ . /मिति | निर्माण व्यवसायी/ उपभोक्ता समितिको नाम | आईटमवाईज कार्यको नाम | Sill Band र Lintel Band | | भुक्तानी भएको कार्य परिमाण (घ.मी.) | Sill Band र Lintel Band कटाउँदा भुक्तानी हुनुपर्ने कार्य परिमाण (घ.मी.) | नघटाईएको कार्य परिमाण (घ.मी.) | बि.ओ.क्यू.को भुक्तानी दर (मू.अ.कर सहित) | बढी भुक्तानी भएको रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रयोग भएको निर्माणस्थल | कार्य परिमाण (घ.मी.) | | | | | |
| ३ | ६२२।०८०।३।२१७ | विज्ञान कन्स्ट्रक्सन प्रा. लि . , झापा | Tarai Chimney Brick Works 1:4 | कन्चनवारी आधारभुत विद्यालय भवन निर्माण | १.८४ | २०.६९ | १८.८५ | १.८४ | ११८६५ | २१८३२ |
| ब. उ . शि . नं . -८०११२४०१५०१ तर्फ | | | | | | | | | | |
| ४ | ९४।०८०।३।२३ | BUSS BUILDERS PVT.LTD | Tarai Chimney Brick Works 1:4 | भानु आधारभुत विद्यालय भवन निर्माण | २.५८ | ३०.४२ | २७.८३ | २.५८ | १०१७० | २६२३९ |
| | | | | | | | | | जम्मा | १०११२३ |

## बेरूजु दफा ५०.२ सँग सम्बन्धित विवरण - अनुसूची -११

